# हाम्रो महाङ्काल

(स्थानीय पाठ्यक्रम, कक्षा १–५)


प्रमुख संरक्षक

गणेशबहादुर केसी

संरक्षक

डोल्मामाया गोले

सल्लाहकार

सन्दिप न्यौपाने

पाठ्यक्रम विकास सहजीकरण समिति

जोनीकुमार न्यासुर, संयोजक

रामसुन्दर केसी, सदस्य

रमेशप्रसाद घिमिरे, सदस्य

पाठ्यक्रम विकास तथा लेखन सल्लाहकार

प्रा.डा. प्रेमकुमार खत्री

शशी लुमुम्बू

पाठ्यक्रम विकास समन्वय

मेनुका बास्कोटा, वरिष्ठ विद्यालय निरीक्षक

जगतबहादुर साउद, सहायक विद्यालय निरीक्षक

पाठ्यक्रम विकास तथा लेखन

जिचेन स्याङतान

मिबहादुर परियार

डा. प्रतिभा पुन



प्रकाशक

महाङ्काल गाउँपालिका

शिक्षा, युवा तथा खेलकुद शाखा

गोटिखेल, ललितपुर

बागमती प्रदेश, नेपाल ।

# हाम्रो महाङ्काल

(स्थानीय पाठ्यक्रम, कक्षा १–५)

प्रकाशक : महाङ्काल गाउँपालिका, गोटिखेल, ललितपुर
शिक्षा, युवा तथा खेलकुद शाखा

वेबसाइट : https://mahankalmun.gov.np

इमेल : mahankalmun2017@gmail.com

प्रमुख संरक्षक : गणेशबहादुर केसी, गाउँपालिका अध्यक्ष

संरक्षक : डोल्मा माया गोले, गाउँपालिका उपाध्यक्ष

प्रमुख सल्लाहकार : सन्दिप न्यौपाने, प्रमुख प्रशासकीय अधिकृत

पाठ्यक्रम विकास सहजीकरण समिति: जोनीकुमार न्यासुर, संयोजक
: रामसुन्दर केसी, सदस्य
: रमेशप्रसाद घिमिरे, सदस्य

पाठ्यक्रम विकास तथा लेखन सल्लाहकार : प्रा. डा. प्रेमकुमार खत्री
: शशी लुमुम्बू

पाठ्यक्रम विकास समन्वय : मेनुका बास्कोटा, वरिष्ठ विद्यालय निरीक्षक
: जगतबहादुर साउद, सहायक विद्यालय निरीक्षक

पाठ्यक्रम विकास तथा लेखन : जिचेन स्याङतान
: मिमबहादुर परियार
: डा. प्रतिभा पुन

परामर्शदाता : सभ्यता अन्वेषण केन्द्र, काठमाडौँ

इमेल : crcnepal2080@gmail.com

सर्वाधिकार © : प्रकाशकमा

संस्करण : प्रथम, २०८३

# अध्यक्षको मन्तव्य

नेपालको राजधानी नजिकै अवस्थित तर आफ्नै मौलिक पहिचान, सांस्कृतिक वैभव, प्राकृतिक सौन्दर्य र ऐतिहासिक गरिमाले विशिष्ट रहेको महाङ्काल गाउँपालिकाको समग्र परिचय नयाँ पुस्तासम्म पुऱ्याउने उद्देश्यका साथ **'हाम्रो महाङ्काल'** नामक स्थानीय पाठ्यक्रम विकास गरिएको छ । कक्षा १ देखि ८ सम्मका विद्यार्थीहरूलाई आफ्नो गाउँपालिका, यहाँको भूगोल, इतिहास, संस्कृति, परम्परा, भाषा, जीवनशैली, कृषि, प्राकृतिक स्रोत-साधन तथा स्थानीय सम्भावनाबारे व्यवहारिक र जीवनोपयोगी ज्ञान प्रदान गर्नु यस पाठ्यक्रमको मूल उद्देश्य हो । पहिलो चरणमा कक्षा १ देखि ५ सम्मको पाठ्यक्रम तयार गरिएको छ । कक्षा ६-८ को आगामी वर्ष नै तयार गरी लागू गरिने छ ।

नेपालको संविधान, २०७२ ले आधारभूत तथा माध्यमिक शिक्षासम्बन्धी अधिकार स्थानीय तहलाई प्रदान गरेको छ । साथै, पाठ्यक्रम विकास केन्द्र, सानोठिमी, भक्तपुरद्वारा जारी स्थानीय पाठ्यक्रम विकास तथा कार्यान्वयन मार्गदर्शन-२०७६ ले स्थानीय सरकारलाई स्थानीय आवश्यकता, परिवेश र मौलिकतामा आधारित पाठ्यक्रम निर्माण गरी कार्यान्वयन गर्ने अधिकार सुनिश्चित गरेको छ । यही संवैधानिक तथा कानुनी व्यवस्थाअनुरूप महाङ्काल गाउँपालिकाले स्थानीय सरोकारवालाहरूको सक्रिय सहभागितामा यो पाठ्यक्रम तयार गरी शैक्षिक सत्र २०८३ देखि कार्यान्वयनमा ल्याएको हो ।

महाङ्काल गाउँपालिका प्राकृतिक, सांस्कृतिक तथा सामाजिक विविधताले सम्पन्न क्षेत्र हो । यहाँका डाँडाकाँडा, हरियाली वनजङ्गल, धार्मिक तथा सांस्कृतिक सम्पदा, मौलिक कला-संस्कृति, जातीय सहअस्तित्व, रैथाने ज्ञान र परम्परागत सिपहरू हाम्रा अमूल्य सम्पत्ति हुन् । यिनै सम्पदालाई संरक्षण गर्दै भावी पुस्तामा हस्तान्तरण गर्नु आजको आवश्यकता हो । स्थानीय पाठ्यक्रमले विद्यार्थीमा आफ्नो ठाउँप्रति अपनत्व, गर्व र जिम्मेवारीबोध विकास गर्ने विश्वास हामीले लिएका छौँ ।

विद्यालय शिक्षालाई स्थानीय जीवन र व्यवहारसँग जोड्नु आजको महत्वपूर्ण आवश्यकता हो । विद्यार्थीले आफ्नो समाज, संस्कृति र वातावरणलाई नजिकबाट बुझ्दै स्थानीय स्रोत-साधनको पहिचान र सदुपयोग गर्न सकून् भन्ने उद्देश्यले पाठ्यक्रमलाई व्यवहारिक, खोजमूलक र जीवनोपयोगी बनाइएको छ । यसले विद्यार्थीमा सिर्जनशीलता, अनुसन्धानशीलता तथा सामाजिक उत्तरदायित्वको भावना विकास गर्न मद्दत पुग्नेछ भन्ने विश्वास लिएको छु ।

परामर्शदाता संस्था सभ्यता अन्वेषण केन्द्र, यस केन्द्रसँग आवद्ध अनुभवी विज्ञ, स्थानीय विज्ञ, शिक्षाविद्, शिक्षक, बौद्धिक व्यक्तित्व, जनप्रतिनिधि तथा सरोकारवाला पक्षहरूको सामूहिक प्रयासबाट यो पाठ्यक्रम विकास कार्य सम्पन्न भएको हो । पाठ्यक्रम विकासका क्रममा गाउँपालिकाभित्रका विभिन्न स्थानहरूको स्थलगत अवलोकन, अध्ययन-अनुसन्धान, छलफल, अन्तरक्रिया तथा सुझाव सङ्कलन गरी स्थानीय यथार्थलाई समेट्ने प्रयास गरिएको छ । यस कार्यमा प्रत्यक्ष तथा अप्रत्यक्ष रूपमा योगदान पुऱ्याउनुहुने गाउँ शिक्षा समिति, पाठ्यक्रम विकास सहजीकरण समिति, शिक्षा, युवा तथा खेलकुद शाखाका कर्मचारी, शिक्षक, समुदाय, जनप्रतिनिधि, अभिभावक तथा सम्पूर्ण सरोकारवालाप्रति हार्दिक आभार व्यक्त गर्दछु ।

**'हाम्रो महाङ्काल'** केवल एउटा पाठ्यक्रम मात्र होइन, यो हाम्रो पहिचान, इतिहास, सभ्यता र भविष्यसँग जोडिएको दस्तावेज पनि हो । यस पाठ्यक्रमको प्रभावकारी कार्यान्वयनमार्फत विद्यार्थीमा स्थानीय चेतना, सामाजिक उत्तरदायित्व र सिर्जनशील सोचको विकास हुनेछ भन्नेमा म विश्वस्त छु । अन्त्यमा, यस महत्वपूर्ण कार्यका निमित्त सभ्यता अन्वेषण केन्द्र, यससँग आवद्ध विज्ञ तथा सङ्लग्न सबैप्रति हार्दिक धन्यवाद व्यक्त गर्दै पाठ्यक्रमको सफल कार्यान्वयनका लागि सबै पक्षबाट निरन्तर सहयोग प्राप्त हुने अपेक्षा गर्दछु ।

**अध्यक्ष गणेशबहादुर केसी**
महाङ्काल गाउँपालिका

# पूर्वपीठिका

भूमौ भाषासु लोकेषु, संस्कारेषु परम्परासु च ।
यत्र जीवति सा विद्या, सा एव ज्ञानदीपिका ॥

ज्ञान केवल पुस्तकका पानाहरूमा सीमित रहँदैन । त्यो मानिसको जीवन, समाज, भाषा, संस्कृति, परम्परा र अनुभवभित्र जीवित रहन्छ । शिक्षा तब मात्र सार्थक हुन्छ, जब त्यसले आफ्नो भूगोल, सभ्यता, इतिहास, लोकस्मृति र जीवनपद्धतिसँग संवाद गर्न सक्छ ।

यसै विश्वासका साथ यो पाठ्यक्रम निर्माण गरिएको हो । यसले स्थानीय ज्ञान, सभ्यता, संस्कृति, भाषा, इतिहास, भूगोल, प्रकृति तथा सामाजिक यथार्थलाई शिक्षासँग जोड्ने प्रयास गरेको छ । हाम्रो चाहना केवल पाठ्यपुस्तक निर्माण गर्नु होइन, बरु विद्यार्थीलाई आफ्नै समाज र परिवेशप्रति जिज्ञासु, सचेत, सिर्जनशील र उत्तरदायी बनाउनु हो ।

पाठ्यक्रमको वास्तविक मूल्य त्यसको व्यवहारिक प्रयोग, शिक्षण प्रक्रिया र विद्यार्थीले प्राप्त गर्ने जीवनबोधबाट निर्धारित हुन्छ । त्यसैले अब यस पाठ्यक्रमसँग संवाद गर्ने, यसलाई जीवनसँग जोड्ने र यसको सार्थकता परीक्षण गर्ने जिम्मेवारी शिक्षक, विद्यार्थी तथा समाजकै हो ।

यो पाठ्यक्रम पूर्ण छ भन्ने हाम्रो दाबी होइन । कार्यान्वयनका क्रममा प्राप्त हुने अनुभव, सुझाव, चुनौती र सम्भावनाहरूलाई हामी खुला हृदयले स्वीकार गर्नेछौँ । किनकि शिक्षा स्थिर संरचना होइन, निरन्तर विकसित हुने सामाजिक र सांस्कृतिक प्रक्रिया हो । यस प्रयासले स्थानीय सभ्यता, संस्कृति, भाषा र ज्ञानपरम्परालाई नयाँ पुस्तासम्म पुऱ्याउने एउटा सानो सेतुको काम गर्न सकोस् भन्ने हाम्रो हार्दिक अपेक्षा छ ।

यस महत्वपूर्ण कार्यमा मार्गदर्शन, परामर्श तथा बौद्धिक सहयोग पुऱ्याउनुहुने गाउँपालिका श्रद्धेय अध्यक्ष गणेशबहादुर केसीज्यू, उपाध्यक्ष डोल्मामाया गोलेज्यू, प्रमुख प्रशासकीय अधिकृत सन्दिप न्यौपानेज्यू, सामाजिक समितिका संयोजक भूमिनन्द घिमिरेज्यू, वडाअध्यक्षज्यूहरू, पाठ्यक्रम विकाससम्बन्धी सल्लाहकार प्रा.डा. प्रेम खत्रीज्यू, स्थानीय पाठ्यक्रम विकास सहजीकरण समितिका संयोजक जोनीकुमार न्यासुरज्यू, सदस्यहरू रामसुन्दर केसीज्यू, रमेशप्रसाद घिमिरेज्यू, शिक्षा, युवा तथा खेलकुद शाखाका कर्मचारी वरिष्ठ विद्यालय निरीक्षक मेनुका बास्कोटाज्यू, सहायक विद्यालय निरीक्षक जगतबहादुर साउदज्यू, पाठ्यक्रम विकासका सन्दर्भमा भएका गहन विमर्शमा सहभागी हुनुहुने महाङ्काल गाउँपालिकाका शिक्षाविद्हरू, विषयविज्ञहरू, शिक्षकहरू, कर्मचारीहरू, अभिभावक तथा हामीलाई सूचना, तथ्याङ्क लगायतका सम्पूर्ण जानकारी उपलब्ध गराउनुहुने सम्पूर्ण सरोकारवालाप्रति सभ्यता अन्वेषण केन्द्र हार्दिक आभार व्यक्त गर्दछ ।

**शशी लुमुम्बू**
अध्यक्ष
भ्यता अन्वेषण केन्द्र

## १. परिचय

**पाठ्यक्रम विकास केन्द्र**द्वारा प्रकाशित **विद्यालय शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६** तथा **स्थानीय पाठ्यक्रम विकास तथा कार्यान्वयन मार्गदर्शन, २०७६** ले स्थानीय आवश्यकताहरूलाई सम्बोधन गर्ने उद्देश्यले कक्षा १ देखि ८ सम्म स्थानीय विषयको पाठ्यक्रम विकास र कार्यान्वयन गर्ने अधिकार स्थानीय तहलाई प्रदान गरेको छ । यही प्रावधानअनुसार **महाङ्काल गाउँपालिका**ले स्थानीय सरोकारवालाहरूको सक्रिय सहभागिता, विस्तृत छलफल र विज्ञताको उपयोग गर्दै यो पाठ्यक्रम विकास गरेको हो ।

यस पाठ्यक्रम विकास प्रक्रियामा **महाङ्काल गाउँपालिका**का राजनीतिक दलका प्रतिनिधि, कर्मचारी, नागरिक समाज, गैरसरकारी संस्था, सामुदायिक सङ्घसंस्था, स्थानीय विज्ञ, अगुवा नागरिक, पेसागत निकायका प्रतिनिधि, पूर्व जनप्रतिनिधि, अधिकारकर्मी, शिक्षक, बुद्धिजीवी तथा अन्य सरोकारवालाहरूको महत्वपूर्ण योगदान रहेको छ । यस क्रममा स्थानीय परिवेश, आवश्यकता र सम्भावनालाई केन्द्रमा राखी विषयवस्तु चयन गरिएको छ ।

यस सन्दर्भमा पाठ्यक्रमको स्तरीयता एक अत्यन्त महत्वपूर्ण पक्षका रूपमा लिइएको छ । कुनै पनि पाठ्यक्रममा विषयवस्तु समेटिनु मात्र पर्याप्त हुँदैन; बालबालिकाको उमेर, रुचि र मनोवैज्ञानिक अवस्थाअनुसार विषयवस्तुको उपयुक्त क्रम मिलान, सिकाइ उपलब्धिको यथार्थपरक छनोट तथा प्रभावकारी व्यवस्थापनले मात्र पाठ्यक्रमलाई स्तरीय र परिष्कृत बनाउँछ । यस तथ्यलाई मध्यनजर गर्दै कक्षागत तथा तहगत रूपमा विषयवस्तुको वैज्ञानिक ढङ्गले व्यवस्थापन गरिएको छ ।

यस पाठ्यक्रममा **एकीकृत पाठ्यक्रम** (Integrated Curriculum) को अवधारणालाई समेत आत्मसात् गरिएको छ, जुन विश्वव्यापी रूपमा स्वीकार्य शैक्षिक दृष्टिकोण हो । **राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६** ले निर्दिष्ट गरेका सिद्धान्त र आधारहरूअनुसार पाठ्यक्रमलाई एकीकृत संरचनामा ढाल्ने प्रयास गरिएको छ । यसले विभिन्न विषयहरूबिच अन्तरसम्बन्ध स्थापित गरी सिकाइलाई सान्दर्भिक, अर्थपूर्ण र रुचिकर बनाउँछ । साथै, यसले व्यवहारिक तथा जीवनोपयोगी सिपहरूलाई सिकाइ प्रक्रियासँग जोड्ने काम गर्दछ ।

यो पाठ्यक्रम निर्माण गर्दा केवल प्राविधिक वा सैद्धान्तिक पक्षमा मात्र सीमित नरही **महाङ्काल गाउँपालिका**को समग्र विकासको दूरदर्शी परिकल्पनालाई समेत समेटिएको छ । यहाँका विद्यार्थीहरूले आफ्नै परिवेशमा रहेका सम्भावनाहरू पहिचान गर्दै स्थानीय भूगोल, संस्कृति, पर्यटन, कृषि र आर्थिक प्रणालीबारे गहिरो ज्ञान हासिल गर्न सकून् भन्ने उद्देश्य राखिएको छ ।

हाल नेपालको सन्दर्भमा प्रतिभा पलायन, आयातमुखी ग्रामीण अर्थतन्त्र तथा पर्यावरणमैत्री नभएका विकास अभ्यासहरू प्रमुख चुनौतीका रूपमा देखिएका छन् । यस पाठ्यक्रमको प्रभावकारी कार्यान्वयनबाट विद्यार्थीहरूमा आफ्नै माटोप्रति माया, अपनत्व र जिम्मेवारीको भावना विकास भई स्थानीय स्तरमै रोजगारी तथा आयआर्जनका अवसरहरू खोज्ने क्षमता अभिवृद्धि हुने अपेक्षा गरिएको छ । साथै, उनीहरू सिपयुक्त, आलोचनात्मक सोच भएका, सभ्य तथा जिम्मेवार नागरिकका रूपमा विकसित हुनेछन् र दिगो तथा पर्यावरणमैत्री विकास-अभ्यासमा योगदान पुऱ्याउनेछन् भन्ने विश्वास लिइएको छ ।

पाठ्यक्रम आफैँमा एक मार्गचित्र (नक्सा) मात्र हो; यसको प्रभावकारी कार्यान्वयन शिक्षण-सिकाइ प्रक्रियामा निर्भर रहन्छ । यस सन्दर्भमा शिक्षकको भूमिका अत्यन्त महत्वपूर्ण रहन्छ । पाठ्यक्रमलाई जीवन्त र प्रभावकारी बनाउन शिक्षकले सिर्जनात्मक र नवप्रवर्तनशील शिक्षण विधिहरू अपनाउनु आवश्यक हुन्छ । त्यसका लागि पाठ्यवस्तुको विस्तृतीकरणलाई व्यवहारिक र आकर्षक बनाउने प्रयास गरिएको छ । विद्यार्थीहरूले सहज, रमाइलो र अनुभवमूलक तरिकाले सिकून् भन्ने उद्देश्यले कक्षाकोठाभित्रको सिकाइसँगै बाह्य वातावरणमा आधारित शिक्षण-सिकाइ क्रियाकलापलाई पनि विशेष प्राथमिकता दिइएको छ । मूल्याङ्कन प्रक्रियामा निरन्तर, निर्माणात्मक तथा निर्णयात्मक विधिहरू अवलम्बन गरिएका छन् । साथै, सैद्धान्तिक ज्ञानसँगै व्यवहारिक सिप र व्यवहारमा सकारात्मक परिवर्तन ल्याउने पक्षलाई विशेष जोड दिइएको छ ।

उपरोक्त उद्देश्यहरूलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्न **महाङ्काल गाउँपालिका**को स्थानीय पाठ्यक्रममा कक्षा १ देखि ५ सम्म विभिन्न विषयक्षेत्रहरू निर्धारण गरिएको छ, जसको विवरण देहाय बमोजिम प्रस्तुत गरिएको छः

**कक्षा १ देखि ३ सम्म**

१. हाम्रो बालसंसार
२. हाम्रा असल आनीबानी
३. हाम्रो वरपर
४. हाम्रा काम र सिप
५. हाम्रा काम र आम्दानी

६. हाम्रा रमाइला ठाउँ र पाहुना
७. हाम्रा चलन

**कक्षा ४ र ५**

१. बालसंसार र मनोरञ्जन
२. नैतिक शिक्षा र व्यक्तित्व विकास
३. हाम्रो सेरोफेरो
४. हाम्रा स्थानीय कला र सिप
५. हाम्रा आम्दानीका स्रोत
६. हाम्रा पर्यटकीयस्थल र पर्यटन
७. हाम्रा चालचलन
८. नागरिक चेतना

**२. तहगत सक्षमता**

स्थानीय पाठ्यक्रमको कक्षा १ देखि कक्षा ५ को अन्त्यमा विद्यार्थीहरूले निम्नलिखित सक्षमता हासिल गर्ने छन् :

**कक्षा १ देखि ३ सम्म**

१. बालसंसारको महत्व बोध
२. महाङ्काल गाउँपालिकाका बालबालिकाले खेल्ने मौलिक खेलको पहिचान र खेल खेल्दै नयाँ-नयाँ कुरा सिक्ने अभ्यास
३. असल आचरण तथा व्यक्तित्व विकासका विभिन्न आयामको दैनिक जीवनमा अभ्यास
४. महाङ्काल गाउँपालिका वरपरका भूगोल, पर्यावरण, टोल र गाउँको पहिचान
५. भूगोलअनुसार महाङ्काल गाउँपालिकामा उब्जाउ हुने अन्न, फलफूल र तरकारी चिनारी
६. महाङ्काल गाउँपालिकामा रहेका घरपालुवा तथा वनजङ्गलमा पाइने पशुपन्छी चिनारी
७. महाङ्काल गाउँपालिकामा विद्यमान विभिन्न काम र सिप पहिचान
८. काम र आम्दानीको सम्बन्धको बोध र महाङ्काल गाउँपालिकाका आयआर्जनका स्रोत पहिचान
९. महाङ्काल गाउँपालिकामा रहेका विभिन्न पर्यटकीय स्थलको पहिचान तथा पर्यटक सत्कारको अभ्यास
१०. महाङ्काल गाउँपालिकाका विभिन्न जातजातिका मातृभाषा, विशिष्ट पहिरन पहिचान र संरक्षण

**कक्षा ४ र ५**

१. बालसंसार र बालसाहित्यको बोध
२. स्थानीय मौलिक खेलको पहिचान र अभ्यास साथै खेल्दै र रम्दै सिक्ने कलाको विकास
३. आफूलाई चिन्ने प्रयास
४. व्यक्तित्व विकासका आयामको पहिचान, अभ्यास र व्यक्तित्व निर्माण
५. महाङ्काल गाउँपालिकाको भौगोलिक, पर्यावरणीय र जैविक विविधताको बोध
६. महाङ्काल गाउँपालिमा पाइने जडीबुटी पहिचान, संरक्षण तथा सही प्रयोग
७. स्थानीय औजार र प्रविधिको उपादेयता बोध
८. स्थानीय कला, सिप र प्रविधिमा आधारित विभिन्न सिप सिकाइ अभ्यास र जीवनमा अनुसरण
९. महाङ्काल गाउँपालिकामा अभ्यासरत आयआर्जनका विभिन्न स्रोत पहिचान
१०. व्यावसायिक, पर्यावरणमैत्री र जैविक खेतीबारे खोजी, चासो र अभ्यास
११. महाङ्काल गाउँपालिकामा अभ्यासरत निर्वाहमुखी तथा व्यावसायिक खेती प्रणालीबिचको भिन्नताको विश्लेषण
१२. महाङ्काल गाउँपालिकाको पर्यटकीय सम्भाव्यताबारे सिंहावलोकन
१३. महाङ्काल गाउँपालिकाका मौलिक परिकार, गरगहना र मेला/पर्व/जात्राबारे खोजी, पहिचान र संरक्षण
१४. असल नागरिक बन्ने प्रेरणा

३. विषयक्षेत्र, विषयवस्तु र क्रम

| क्र.सं. | विषयक्षेत्र | कक्षा १ | कक्षा २ | कक्षा ३ | कक्षा ४ | कक्षा ५ |
|---|---|---|---|---|---|---|
| १. | **हाम्रो बालसंसार (कक्षा १/२/३)** <br> **बालसंसार र मनोरञ्जन (कक्षा ४/५)** | ● हाम्रा रमाइला खेल (बालबालिकाका मौलिक खेलका चिनारी जस्तैः चिँ मुसी चिँ, टोपी लुकाइ, लुकामारी, गट्टी, तातो आलु, तित्ती/ढ्याकी, डोरी नाघ्ने, घैंटो फुटाइ, चुङ्गी, कुम जुधाइ, लख्खु ढलाइ, सारी खेल्ने, डोरीतान आदि खेल र खेलका माध्यमबाट नयाँ ज्ञान र सिप सिक्ने अभ्यास) | ● चिँ मुसी चिँ र तातो आलु (छालाका माध्यमबाट चिसो र तातो थाहा पाउने अभ्यास) | ● लुकामारी र टोपी लुकाइ (लुकामारी र टोपी लुकाइ खेलमार्फत कान र आँखाका काम बोध गर्ने अभ्यास) | ● गट्टी र स्किपिङ ( गट्टी र स्किपिङ खेलको परिचय, हात र गोडाको महत्व र यस खेलको अभ्यास) | ● चुङ्गी र तित्ती (रैथाने खेलका रूपमा प्रचलित चुङ्गी र तित्ती खेलको परिचय र एकखुट्टे भन्नुहुँदैन भन्ने चेतना) |
| | | ● हाम्रा रमाइला गीत (गीतका माध्यमबाट नाक, कान, आँखा, जिब्रो र छालाले गर्ने काम बुझ्ने थाहा पाउने अभ्यास) | ● बालगीत १, बालगीत २, बालगीत ३ (बालबालिकाका उमेर र मनोविज्ञान सुहाउँदा बालगीत गाउने अभ्यास र गीत गाउँदै नयाँ नयाँ कुरा सिक्ने अभ्यास) | ● हाम्रा रमाइला नाच (हाउभाउसहितको बालनाचको चिनारी जस्तै हात, गोडा, आँखा, मुख र शरीरका विभिन्न अङ्गका चाल) | ● बालनाच १, बालनाच २ र बालनाच ३ (बाल मनोविज्ञान र बालसंसारमा आधारित तीनओटा फरक-फरक बालगीत र ती गीतमा हाउभाउसहित नाच्ने अभ्यास) | ● हाम्रा सुन्दर चित्रकला (चित्रकलाको सामान्य परिचय, सुन्दर चित्रकलाको महत्व र सुन्दर अक्षरका लागि चित्रकलाको अभ्यास) |
| २. | **हाम्रा असल आनीबानी (कक्षा १/२/३)** <br> **नैतिक शिक्षा र व्यक्तित्व विकास (कक्षा ४/५)** | ● हासौँ र रमाऔँ (स्वस्थ र खुसी रहने तरिका) | ● मिठो बोलौँ (मिठो बोल्ने बानीको विकास र नम्र भएर बोल्न प्रेरणा) | ● म पनि बोल्छु (बोल्ने बानीको अभ्यास र विकास) | ● प्रश्न सोध्ने बानी (प्रश्न सोध्ने बानीको जानकारी, यसको महत्व र दैनिक जीवनमा यसको अभ्यास) | ● मेरा रुचि (रुचिको परिचय, आफ्नो रुचिहरू चिन्न र रुचिलाई कायम राख्ने अभ्यास जस्तैः गीत गाउने, बाजा बजाउने, विभिन्न किसिमका खेल खेल्ने आदि) |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | ● आफ्नो काम आफैं गरौं (मुख धुने, हातगोडा सफा राख्ने, दाँत माभ्ने, कपाल कोर्ने, नङ काट्ने, हाते रुमाल धुने, मोजा धुने कामको अभ्यास) | ● सुन्ने गरौं (दुईओटा कान र मुखको प्रतीकात्मक अर्थ, सुन्ने बानीको विकास र यसको अनुसरण) | ● आत्मविश्वासका साथ कसरी बोल्ने ? (आत्मविश्वासका साथ बोल्ने बानीको अभ्यास, विकास र कला) | ● प्रस्तुति कला (प्रस्तुति कलाको परिचय जस्तैः वाककला, कार्यक्रम चलाउने कला आदि, प्रस्तुति कला सुन्दर बनाउने तरिका, दैनिक जीवनमा यसको अभ्यास) | ● आफूलाई चिनौं (आफूलाई र आफ्नो व्यक्तिलाई चिन्न) |
| | | ● अभिवादन गरौं (हाँस्न, नमस्कार गर्न र ढोग्न सिकाउने अभ्यास) | ● असल आनीबानी (राम्रा र नराम्रा बानीका भेद, उदाहरण र दैनिक जीवनमा राम्रा बानीको अनुसरण) | ● ठुलो होइन असल बनौं (ठुलो होइन असल बन्ने प्रेरणा) | ● असल सामाजिक सिकाइ (असल सामाजिक सिकाइको परिचय र असल कुरा सिक्ने अभ्यास) | ● गलत सामाजिक सिकाइ (गलत सामाजिक सिकाइको परिचय र गलत कुरालाई अनुसरण गर्नुहुन्न भन्ने चेतना) |
| ३. | **हाम्रो वरपर** **(कक्षा १/२/३)** **हाम्रो सेरोफेरो** **(कक्षा ४/५)** | ● हाम्रा टोल (आफ्नो टोलको सामान्य चिनारी जस्तैः पालाजु, लुकेको गाउँ, गुर्धुम, माने टोल, सिसवन, परास्टु, भोइ टोल, बतासे डाँडा, नमन डोल, लाम्राङ, कपिराम, हेल्टार आदि) | ● हाम्रा छिमेकी टोल (आफ्नो छिमेकी टोलको सामान्य चिनारी जस्तैः बुखेल, विमिरे, थली, डिमिन डाँडा, कम्राङ, थलदुम, कुकुर चिहान, बोल्दे, दार पाखा, पहरीबास, न्यासुर टोल, छेपारे डाँडा, फिर्के डाँडा, साहु टोल, पोल्सिङ, खानी डाँडा, सेती भिर, भसगाउँ, ओखलढुङ्गा टोल, गैरी गाउँ, दुर्लुङ, भैरव थुम, सिलिङ्गे, हुचिटार आदि) | ● हाम्रा गाउँ (आफ्नो गाउँको सामान्य चिनारी जस्तैः मानिखेल, बुखेल, गोटीखेल, कालेश्वर, चन्दनपुर र ठुलादुर्लुङ) | ● हाम्रा छिमेकी गाउँ (आफ्नो गाउँसँग जोडिएका छिमेकी गाउँ चिन्ने अभ्यास जस्तैः बुखेल, मानिखेल, गोटीखेल, कालेश्वर, चन्दनपुर र ठुलादुर्लुङ) | ● हाम्रा लेक, बेँसी र खोलाखोल्सी ( आफ्नो गाउँ र महाङ्काल गाउँपालिकामा रहेका लेक, बेँसी र खोल्साखोल्सी चिन्ने अभ्यास जस्तैः बुर्जाको लेक, मृग बिसौनी, भैरव थुम, विमिरे चौर, खोरभञ्ज्याङ, गोटीखेल, दुर्लुङ, ठोस्नेखोला, बुखेल, टुङ्गुन खोला, देउता खोला, गुमराङ खोला, गिम्दा खोला आदि) |
| | | ● हाम्रा घरपालुवा पन्छी (घरम, छिमेक र | ● हाम्रा घरपालुवा जनावर (घरमा पालिने वा | ● हाम्रा जङ्गलमा पाइने पशुपन्छी ( महाङ्काल | ● हाम्रा बोटबिरुवा (आफ्नो गाउँ र महाङ्काल | ● हाम्रा जडीबुटी (आफ्नो गाउँका |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | महाङ्काल गाउँपालिका क्षेत्रमा पालिने पन्छीका सामान्य चिनारी जस्तैः हाँस, कुखुरा, परेवा आदि) | महाङ्काल गाउँपालिका क्षेत्रमा पाइने विभिन्न घरपालुवा जनावरका चिनारी जस्तैः गाई, भैंसी, बाख्रा आदि) | गाउँपालिकाभित्रका वनजङ्गलमा पाइने विभिन्न जङ्गली जनावरको सामान्य चिनारी जस्तैः बाँदर, मृग, दुम्सी, घोरल, स्याल, ढेडु, चितुवा, बँदेल, मलसाँप्रो, भालु, ढुक्कुर, काँडेभ्याकुर, गौंथली, परेवा, सारौं, सुगा, कौवा, फिस्टे, जुरेली, भङ्गेरा, लामपुच्छे, भद्राइ, हुचिल, बाज, चिबे, कालिज, लाटोकोसेरो, वनकुखुरा, कोकले, पिटचिल, कोल्कोले, तार्के, चमेरा, हलेसो आदि) | गाउँपालिकाका विभिन्न गाउँमा विभिन्न बोटबिरुवाको सामान्य चिनारी जस्तैः गुराँस, पैयुँ, कटुस, चिलाउने, साल, साज, दार, टुनी, खयर, कदम, करम, जमुना, काइँयो, घाइरो, टाँकी, कुटमेरो, गेडुलो, नेभारो, खस्रु, उतिस, अङ्गेरी, काउलो, खनायो, बाँझ, फलाँट, गोगन, निगालो, बाँस, लोक्ता आदि) | वनजङ्गलमा पाइने विभिन्न जडीबुटीको चिनारी जस्तैः लौठ सल्ला, चुत्रो, पाखनवेद, जटामसी, धसिङ्गरे, पुदिना, कालेझार, थकाइलो, तिते पिँडालु, वन लसुन, वन छ्यापी, चिराइतो, नुनढिके, तितेपाती, गुराँस, पाँचऔंले, कुरिलो, सदुवा आदि) |
| | | ● हाम्रा खाद्यान्नबाली (आफ्नो खेतबारी र महाङ्काल गाउँपालिकामा हुने विभिन्न खाद्यबालीको चिनारी जस्तैः मकै, धान, गहुँ, फापर, कोदो, मस्याङ, केराउ, सिमी, बोडी आदि) | ● हाम्रा तरकारी (घर, छिमेक र महाङ्काल गाउँपालिकाका खेतबारीमा फल्ने तरकारीको चिनारी जस्तैः आलु, पालुङ्गो, चम्सुर, रायो, तोरीको साग, मेथीको साग, काउली, बन्दा, वन तरुल, घर तरुल, आलु, बरेला, करेला, बकुल्ला, फर्सी, गाजर, मुला, सिस्नु, अल्लो, केराउ, सिमी, पिँडालु, निगुरो आदि) | ● हाम्रा फलफूल (आफ्नो, छिमेकीको र महाङ्काल गाउँपालिकाका विभिन्न ठाउँमा फल्ने फलफूलको चिनारी जस्तैः स्याउ, लप्सी, आलुबखाडा, आरु, नास्पाती, केरा, भुइँकटहर, रुख कटहर, सुन्तला, कागती, निबुवा, एभोकाडो, आँप, किम्बु आदि) | ● हाम्रा वनजङ्गलमा पाइने फलफूल (घर छेउछाउ तथा महाङ्काल गाउँपालिकाको वनजङ्गलमा पाइने जङ्गली फलको चिनारी जस्तैः मयल, चुत्रो, मुस्लिन्डो, हाँडे काफल, जुरे काफल, कटुस, गुहेली/मुडिलो, ऐँसेलु, जामुनमुन्द्रा, गोफ्ला, भक्मिलो/भक्याम्लो, वन केरा, मछाइनो आदि) | ● हाम्रो पर्यावरण र जैविक विविधता (आफ्नो गाउँ तथा महाङ्काल गाउँपालिकाको पर्यावरण तथा जैविक विविधताको परिचय जस्तैः समग्र भूगोल, जलाधार, वनजङ्गल, बोटबिरुवा, पशुपन्छी आदि) |
| ४. | **हाम्रा काम र सिप** **(कक्षा** १/२/३) | ● हाम्रा मौलिक काम (घरमा तथा छिमेकमा गरिने कामको चिनारी जस्तैः घाँस काट्ने, बारी | ● हाम्रा सिप (बुवा, आमा, हजुरबुवा, हजुरबुवा, हजुरआमा, काका, काकी, ठुलोबुवा, ठुलीआमा, फुपू, दाजु, दिदीका | ● हाम्रा स्थानीय औजार र प्रविधि (हाम्रा गाउँघरमा चलनमा रहेका विभिन्न औजार र प्रविधिको चिनारी | ● घरेलु औजार र प्रविधिका काम ( घर, टोल, गाउँमा प्रयोग हुने विभिन्न औजारका काम जस्तैः हँसिया, कुटो, कोदालो, हलो, | ● काम नै व्यायाम (घरायसी काम नै व्यायाम हुन् भन्ने चेतना र |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | **हाम्रा स्थानीय कला र सिप** **(कक्षा ४/५)** | खन्ने, पशुपन्छीलाई स्याहारसुसार गर्ने, बालीनाली लगाउने/हेरचाह गर्ने, दुध दुने/दही मथ्ने/खुवा बनाउने आदि) | मौलिक सिपको चिनारी जस्तैः डोको, नाङ्लो, डालो, हलो, जुवा, कोदालो, दराज, खाट, कुर्सी बनाउने, नाम्लो/दाम्लो/डोरी बाट्ने आदि) | जस्तैः हँसिया, कुटो, कोदालो, नाम्लो, दाम्लो, डोरी, चिम्टा, ढुङ्ग्रो, ओदान, घापे, खुर्पेटो, मदानी, ठेकी, पिरा/पिर्का, चकटी, सुकुल/गुन्द्री आदि) | जुवा, पानीघट्ट, पिरा/पिर्का, चकटी, सुकुल/गुन्द्री आदिको कामको सामान्य परिचय) | घरायसी कामका लागि प्रेरणा) |
| | | ● काम सिकौँ (बुवाआमालाई सहयोग हुने विभिन्न काम सिक्नुपर्छ भन्ने हौसला र काम गर्न प्रेरणा) | ● खेतबारी खन्ने काम र सिप (खेतबारी खन्ने कामको चिनारी र खन्ने सिपका बारेमा जानकारी) | ● मेरो सानो कुटो (कुटोको परिचय र यसको प्रयोग) | ● कुटो चलाउने तरिका (कुटो चलाउने तरिकाको परिचय र यो औजार चलाउँदा अपनाउनुपर्ने सावधानी) | ● खन्ने र डल्ला फोर्ने तरिका (कुटोको प्रयोग गरेर खन्ने र डल्ला फोर्ने प्रयोगात्मक सिप सिकाइ) |
| | | ● आफूलाई चाहिने सामान आफैँ बनाऔँ (आफूलाई चाहिने सामान सकेसम्म आफैँ उत्पादन गर्नुपर्छ भन्ने चेतना) | ● मेरो सानो चकटी (चकटीको परिचय र यसको प्रयोग) | ● चकटी बुन्ने सिप (चकटी बुन्ने सिपको जानकारी र सिप सिक्न उत्प्रेरणा) | ● खोस्टा निकाल्ने र सुकाउने तरिका (मकैको खोस्टा निकाल्ने र सुकाउने प्रयोगात्मक तरिका र सिप सिकाइ अभ्यास) | ● खोस्टा छान्ने, केस्राउने र मुठा बाँध्ने तरिका (सुकाएको खोस्टामध्ये राम्रा खोस्टा छान्ने, केस्राउने र मुठा बाँध्ने प्रयोगात्मक तरिका र सिप सिकाइ) |
| | | ● मौरी पाल्ने काम (मौरीपालन कामको सामान्य चिनारी) | ● मौरी पाल्ने सिप (मौरीपालन गर्न चाहिने सिपको सामान्य चिनारी) | ● मौरीपालनका लागि सामान (मौरीपालन गर्न चाहिने विभिन्न सामानको चिनारी जस्तैः डुँड, घार, फ्रेम, क्वीनगेट, पन्जा, जालीदार टोपी आदि) | ● मौरीका काम (मौरीका कामका परिचय र विभिन्न मौरीका फरक-फरक भूमिकाको जानकारी) | ● मौरीपालन गर्ने तरिका (मौरीपालन गर्ने तरिकाको जानकारी र प्रयोगात्मक अभ्यास) |
| ५. | **हाम्रा काम र आम्दानी** | ● हाम्रा खाना र करेसाबारी (हामीले खाने | ● काम र खाना (काम र खानाको सम्बन्ध बोध र | ● हाम्रा विभिन्न पेसा ( | ● हाम्रा खेतीपाती (आफ्नो टोल, गाउँ र महाङ्काल | ● निर्वाहमुखी खेतीपाती (निर्वाहमुखी |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | **(कक्षा १/२/३)**<br><br>**हाम्रा आम्दानीका स्रोत**<br><br>**(कक्षा ४/५)** | खानाको चिनारी, करेसाबारीको परिचय) | खानाका लागि अनिवार्य रूपमा काम गर्नुपर्छ भन्ने चेतना) | आम्दानी/खानाका लागि गरिने विभिन्न काम/पेसाको जानकारी र सबै कामको महत्व बोध) | गाउँपालिकामा प्रचलित रैथाने खेतीपातीको चिनारी) | खेतीपातीको परिचय) |
| | | ● हाम्रा अन्नबाली (घर, छिमेकका र महाङ्काल गाउँपालिकाका खेतबारीमा हुने र हामीले खाने विभिन्न अन्नबालीको चिनारी जस्तैः मकै, गहुँ, फापर, कोदो, धान आदि र रैथाने अन्नबालीको प्रयोगका लागि प्रोत्साहन) | ● हाम्रा दलहन र तेलहन बाली (घर, छिमेक र महाङ्काल गाउँपालिकामा फल्ने दलहन तथा तेलहन बालीको चिनारी जस्तैः सिमी, बोडी, केराउ, मस्याङ, भटमास, तोरी, सर्स्यु आदि र आफूलाई चाहिने दाल/गेडागुडी र भुटन आफैँले उत्पादन गर्नुपर्छ भन्ने चेतना) | ● हाम्रा कृषि औजार (कृषि कर्ममा प्रयोग हुने विभिन्न कृषि औजारको चिनारी र ती औजारका कामका बारेमा जानकारी जस्तैः हँसिया, कोदालो, हलो, जुवा आदि) | ● गरा खेती प्रणाली (टोल, गाउँ र महाङ्काल गाउँपालिकामा प्रचलित गरा खेती प्रणालीको चिनारी र यसको फाइदा) | ● माटो परीक्षण र बाली छनोट (माटो परीक्षणको परिचय, यसका फाइदा र माटोको प्रकृतिका आधारमा बाली छनोट गर्ने विधिको ज्ञान) |
| | | ● हाम्रा तरकारी बाली (घर, छिमेक र महाङ्काल गाउँपालिकामा फल्ने तरकारी चिनारीका साथै आफूलाई चाहिने तरकारी आफैँले फलाउनुपर्छ भन्ने चेतना) | ● हाम्रा मसला बाली (घर, छिमेक र महाङ्काल गाउँपालिकामा उत्पादन हुने मसला बालीको चिनारी जस्तैः धनियाँ, अदुवा, लसुन, प्याज, छ्यापी, मेथी आदि र आफूलाई चाहिने मसला आफैँ उत्पादन गर्नुपर्छ भन्ने चेतना) | ● हाम्रो पशुधन (पशु नै धन हो भन्ने चेतना, पशु हेरचाह र यसबाट हुने आम्दानीको जानकारी) | ● जैविक मल (जैविक मलको परिचय, यसको फाइदा र जैविक मलका लागि प्रोत्साहन) | ● हाम्रा नगदेबाली (आफ्नो टोल, गाउँ र महाङ्काल गाउँपालिकामा प्रचलित विभिन्न नगदेबालीको परिचय र नगदेबालीबाट हुने राम्रो आम्दानीबारे बोध) |
| | | ● हाम्रा फलफूल बाली (घर, छिमेक र महाङ्काल गाउँपालिकाका खेतबारीमा फल्ने विभिन्न फलफूलको | ● हाम्रा बियाँ र बिउबिजन (खाद्यबालीको उब्जाउ, प्रयोग र बियाँ, बिउबिजन जोगाउनुपर्छ भन्ने रैथाने चेतनाको | ● पत्कर, सोतर र मल (पत्कर, सोतर र मलबिचको सम्बन्ध अर्थात मल बन्ने प्रक्रियाको | ● जैविक विषादी (जैविक विषादीको परिचय, फाइदा र यसको प्रयोगका लागि प्रोत्साहन) | ● कृषिमा प्रविधिको प्रयोग (आधुनिक कृषिको प्रयोग, राम्रो आम्दानीका लागि |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | चिनारी, रैथाने फलफूल सेवनका लागि प्रोत्साहन र आफूलाई चाहिने फलफूल आफैँ उत्पादन गर्नुपर्छ भन्ने चेतनाको विकास) | जानकारी) | जानकारी) | | प्रविधिको प्रयोगबारे जानकारी र भविष्यमा आधुनिक कृषि प्रविधिको प्रयोगका लागि प्रोत्साहन) |
| ६. | **हाम्रा रमाइला ठाउँ र पाहुना**<br>**(कक्षा १/२/३)**<br>**हाम्रा पर्यटकीयस्थल र पर्यटन**<br>**(कक्षा ४/५)** | ● घुमौँ, डुलौँ र रमाऔँ (घर, विद्यालय, टोल, गाउँ र महाङ्काल गाउँपालिका वरपर रहेका सुन्दर ठाउँ घुम्न प्रेरणा) | ● हाम्रा बगैँचा (घर र विद्यालयमा रहेका बगैँचाको चिनारी र घुम्न प्रेरणा) | ● चिया र कफी बगान (महाङ्काल गाउँपालिकामा रहेका चिया र कफी बगानको परिचय जस्तैः कालेश्वरमा रहेको चिया बगान, ठुलादुर्लुङमा रहेको कफी बगान आदि) | ● हाम्रा खोला, झरना र गुफा (आफ्नो टोल, गाउँ र महाङ्काल गाउँपालिकामा रहेका विभिन्न खोला, झरना र गुफाको चिनारी जस्तैः ठोस्ने खोला, टुङ्गुन खोला, सिम्बा झरना/लुङ स्योङ, भैरव गुफा आदि र प्रर्यटन प्रवर्द्धनका लागि यी ठाउँको सम्भावना) | ● लुङ स्योङ/सिम्बा झरना र पालाजु झरना (महाङ्काल गाउँपालिकाको मानिखेलस्थित लुङ स्योङ/सिम्बा झरना र बुखेलस्थित पालाजु झरनाको परिचय र आन्तरिक पर्यटन प्रवर्द्धनमा यी दुई झरनाको महत्व) |
| | | ● हाम्रा रमाइला ठाउँ (टोल, गाउँ र महाङ्काल गाउँपालिकामा रहेका सुन्दर तथा रमणीय ठाउँको चिनारी) | ● हाम्रा वनभोज स्थल (वनभोज जाने चलनको चिनारी र आफ्नो टोल, गाउँ र महाङ्काल गाउँपालिकामा रहेका विभिन्न वनभोजस्थलको चिनारी जस्तैः भैरव थुम/सालघारी, विमिरे चौर, डढ्याखोर, खोरभञ्ज्याङ, सानाबास आदि) | ● हाम्रा अग्ला डाँडा (टोल, गाउँ र महाङ्काल गाउँपालिकामा रहेका अग्ला डाँडाको चिनारी जस्तैः विमिरे चौर, बुर्जाको डाँडा, रमिते, कालेश्वर, गढीभञ्ज्याङ, खोर भञ्ज्याङ, मृग बिसौनी आदि) | ● भैरव थुम र बुर्जाको डाँडा (महाङ्काल गाउँपालिकाको ठुलादुर्लुङमा रहेको भैरव थुम र बुखेलमा रहेको बुर्जाको डाँडाको परिचय र यी दुई ठाउँको पर्यटकीय महत्व) | ● खोर भञ्ज्याङ र विमिरे चौर (महाङ्काल गाउँपालिकाको मानिखेलस्थित खोर भञ्ज्याङ र बुखेलस्थित विमिरे चौरको चिनारी र पर्यटकीय महत्व) |
| | | ● पाहुनालाई फूलको माला (पाहुनालाई विभिन्न | ● घरबास अर्थात होमस्टे (घरबास अर्थात होमस्टेको चिनारी र | ● पदयात्रा र पदमार्ग (पदयात्रा र पदमार्गको | ● काँडेभ्याकुर र गुराँस (महाङ्काल गाउँपालिकामा | ● रमिते डाँडा र मृग बिसौनी (महाङ्काल गाउँपालिकाक |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | किसिमका फूलको माला लगाउने चलनको विकास र पाहुनालाई सम्मान गर्ने संस्कृति) | यसबाट आम्दानी गर्न सकिन्छ भन्ने चेतना) | परिचय, महाङ्काल गाउँपालिकामा यसको सम्भावना र पदमार्गको विकासमार्फत आन्तरिक पर्यटनको प्रवर्द्धन) | प्रशस्त मात्रामा पाइने काँडेभ्याकुर र गुराँसको परिचय साथै यी दुईको पर्यटकीय महत्व) | ा अग्ला डाँडा रमिते डाँडा र मृग बिसौनीको परिचय र यी दुईको पर्यटकीय महत्व) |
| ७. | **हाम्रा चलन**<br>**(कक्षा १/२/३)**<br>**हाम्रा चालचलन**<br>**(कक्षा ४/५)** | ● सानालाई माया र ठुलालाई आदर (सानालाई माया र ठुलालाई आदर गर्नुपर्छ भन्ने हाम्रो रैथाने चलनको चिनारी र अभ्यास) | ● घरमा बोलिने भाषा (घरमा बोलिने भाषाको चिनारी र मातृभाषालाई माया गर्नुपर्छ भन्ने चेतना) | ● हाम्रा मौलिक लुगा (दैनिक जीवनमा प्रयोग हुने र विशिष्ट अवसरमा प्रयोग हुने हाम्रा लुगाका नाम जस्तैः न्याले, भोटो, सुरुवाल, जामा, गुन्यू, लुङ्गी, चोलो, दौरा, सुरुवाल, इस्टकोट, टोपी, गलबन्दी, पटुकी, सर्ट, प्यान्ट, कोट, सारी आदि) | ● हाम्रा गरगहना (महाङ्काल गाउँपालिकाका बासिन्दाले लाउने विभिन्न गरगहनाको चिनारी जस्तैः तिलहरी, फुली, ढुङ्ग्री, नौगेडी, जन्तर, माडवारी, औँठी, मुन्द्री, बुलाकी, चेप्टे सुन, पाउजु, कल्ली, बाला, चुरा आदि) | ● हाम्रा खानेकुरा र खानपान संस्कृति (महाङ्काल गाउँपालिकाका बासिन्दाले खाने खानेकुराको परिचय जस्तैः ढिँडो, रोटी, दाल, भात, चाम्रे, अचार, भुटेको मकै, गुन्द्रुकको अचार, ठोट्नेको अचार, असला माछा, पाहा, सिस्नु, अल्लो आदि र खानपान संस्कृतिको जानकारी) |
| | | ● अभिवादन गर्ने चलन (हाम्रा अभिभावदन गर्ने चलनको चिनारी र अभ्यास) | ● हाम्रा साइनो-सम्बन्ध (साइनो-सम्बन्धको जानकारी, अभ्यास र दैनिक जीवनमा यसको प्रयोग) | ● हाम्रा पाहुना (पाहुनाको चिनारी, पाहुनालाई सम्मान गर्ने हाम्रो चलनको चिनारी र दैनिक जीवनमा पाहुनालाई सम्मान गर्ने अभ्यास) | ● मित लगाउने चलन (गाउँघरमा प्रचलित मित लगाउने चलनको चिनारी र यसको सामाजिक तथा सांस्कृतिक महत्व) | ● हाम्रा मेला, पर्व र जात्रा (महाङ्काल गाउँपालिकामा प्रचलित विभिन्न मेला, पर्व र जात्राको परिचय) |
| ८. | **नागरिक चेतना**<br>**(कक्षा ४/५)** | - | - | - | ● असल नागरिक (असल नागरिकको परिचय, गुण र भविष्यमा अभ्यासका लागि | ● हाम्रा कर्तव्य र अधिकार (नागरिकका रूपमा हाम्रा कर्तव्य र |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | | प्रोत्साहन) | अधिकारको परिचय र भविष्यमा अभ्यासका लागि प्रोत्साहन) |

**४. विषयक्षेत्र र सिकाइ उपलब्धि**

| क्र.सं. | विषयक्षेत्र | कक्षा १ | कक्षा २ | कक्षा ३ | कक्षा ४ | कक्षा ५ |
|---|---|---|---|---|---|---|
| १. | **हाम्रो बालसंसार**<br>**(कक्षा १/२/३)**<br>**बालसंसार र मनोरञ्जन**<br>**(कक्षा ४/५)** | ● खेल खेल्न र आफूले खेल्ने खेलका नाम भन्न<br>● शरीरका अङ्गको महत्व चिन्न र सामूहिकताको भावनाको विकास गर्न | ● चिँ मुसी चिँ र तातो आलु खेल्न<br>● छालाका माध्यमबाट दुखाइ, चिसो र तातो थाहा पाउन | ● साथीसँग मिलेर लुकामारी र टोपी लुकाइ खेल्न<br>● खेल खेल्दै कान र आँखाका काम र महत्व चिन्न | ● गट्टी र स्किपिङ खेल्न<br>● हात र गोडाको महत्व र समन्वय बुझ्न | ● बालबालिकाका रैथाने खेल चिन्न तथा चुङ्गी र तित्ती खेल्न<br>● शारीरिक रूपमा कसैलाई विभेद नगर्न |
| | | ● साथीसँग मिलेर गीत गाउन<br>● गीत गाउँदै नाक, कान, आँखा, जिब्रो र छालाले गर्ने काम चिन्न | ● सुरमा बालगीत गाउन<br>● बालगीत चिन्न र यसको महत्व थाहा पाउन | ● बालगीतमा नाच्न<br>● बालगीत अनुसार हाउभाउसहित नाच्न | ● हाउभाउसहित नाच्न<br>● नाच्दै नयाँ-नयाँ ज्ञान तथा विज्ञान सिक्न | ● चित्रको अर्थ थाहा पाउन र चित्रकला चिन्न<br>● सुन्दर अक्षरका लागि चित्रकलाको महत्व थाहा पाउन |
| २. | **हाम्रा असल आनीबानी**<br>**(कक्षा १/२/३)**<br>**नैतिक शिक्षा र व्यक्तित्व विकास**<br>**(कक्षा ४/५)** | ● स्वस्थ र खुसी हुन<br>● सकारात्मक हुन | ● मिठो बोली चिन्न<br>● नम्र भएर बोल्न | ● राम्रोसँग बोल्न<br>● कुनै विषयमा आफूलाई लागेको कुरा बताउन | ● धक नमानी प्रश्न सोध्न<br>● व्यक्तित्व निखार्न | ● रुचिको अर्थ चिन्न<br>● आफ्नो रुचि चिन्न |
| | | ● सानैदेखि आफ्नो काम आफैँ गर्न<br>● स्वावलम्बी हुने तरिका चिन्न | ● सुन्ने बानी बसाल्न<br>● एक मुख र दुई कानका प्रतीकात्मक अर्थ चिन्न | ● आत्मविश्वासका साथ बोल्न<br>● अभिव्यक्ति कला सिक्न | ● प्रस्तुति कला चिन्न<br>● बोल्न, कार्यक्रम चलाउन र प्रस्तुति दिन | ● रुचिअनुसार आफ्नो व्यक्तित्व चिन्न<br>● आफ्नो रुचिलाई प्राथमिकता र महत्व दिन |
| | | ● अभिवादन र सम्मान गर्न<br>● सानैदेखि व्यक्तित्व विकास गर्न | ● असल र खराब बानी चिन्न<br>● असल बानीलाई अनुसरण गर्न | ● असल हुन<br>● भविष्यमा असल नागरिक हुन | ● असल सामाजिक सिकाइ चिन्न<br>● असल बानीव्यहोरा सिक्न | ● गलत सामाजिक सिकाइ चिन्न<br>● गलत बानीव्यहोराको अनुसरण नगर्न |
| ३. | **हाम्रो वरपर**<br>**(कक्षा १/२/३)** | ● आफ्नो टोलको नाम बताउन<br>● आफ्नो टोलका बारेमा बताउन | ● आफ्नो छिमेकी टोलका नाम चिन्न<br>● छिमेकी टोलको सामान्य परिचय दिन | ● आफ्नो गाउँ चिन्न<br>● आफ्नो गाउँको परिचय दिन | ● आफ्नो छिमेकी गाउँ चिन्न<br>● छिमेकी गाउँको सामान्य परिचय दिन | ● लेक, बेँसी र खोल्साखोल्सी चिन्न<br>● आफ्नो गाउँ र महाङ्काल गाउँपालिकामा |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | **हाम्रो सेरोफेरो**<br>**(कक्षा** ४/५) | | | | | रहेका लेक, बेँसी र खोल्साखोल्सीका नाम भन्न |
| | | • घर र छिमेकमा पालिएका पन्छी चिन्न<br>• गाउँपालिकामा पालिएका पन्छीका नाम बताउन | • घरपालुवा जनावर चिन्न<br>• घरमा अथवा महाङ्काल गाउँपालिकाका घरपालुवा जनावरका नाम भन्न | • जङ्गली पशुपन्छी चिन्न<br>• महाङ्काल गाउँपालिकाका वनजङ्गलमा पाइने पशुपन्छीका सूची तयार पार्न | • आफ्नो गाउँको वनजङ्गलमा पाइने बोटबिरुवा चिन्न<br>• महाङ्काल गाउँपालिकाका वनजङ्गलमा पाइने बोटबिरुवा चिन्न | • जडीबुटी चिन्न<br>• आफ्नो गाउँ र महाङ्काल गाउँपालिकाका वनजङ्गलमा पाइने जडीबुटीका नाम थाहा पाउन |
| | | • आफ्नो खेतबारीमा फलेका खाद्यान्नबाली चिन्न<br>• गाउँपालिकाका खेतबारीमा हुने विभिन्न खाद्यान्नबालीका नाम बताउन | • घर तथा छिमेकका खेतबारीमा फल्ने तरकारीका नाम भन्न<br>• महाङ्काल गाउँपालिकाका विभिन्न ठाउँमा हुने तरकारीका सूची तयार पार्न | • घर तथा छिमेकीका खेतबारीमा फल्ने फलफूल चिन्न<br>• महाङ्काल गाउँपालिकाका विभिन्न ठाउँमा फल्ने फलफूलका सूची तयार पार्न | • घर, विद्यालय छेउछाउ र महाङ्काल गाउँपालिकाका वनजङ्गलमा पाइने जङ्गली फलफूल चिन्न र सूची तयार पार्न<br>• वन-जङ्गलका फलफूल चिन्न | • पर्यावरण र जैविक विविधताको अर्थ र महत्व थाहा पाउन<br>• महाङ्काल गाउँपालिकाको पर्यावरण र जैविक विविधता चिन्न र यस बारेमा भन्न |
| ४. | **हाम्रा काम र सिप**<br>**(कक्षा** १/२/३)<br><br>**हाम्रा स्थानीय कला र सिप**<br>**(कक्षा** ४/५) | • घरका परिवारका सदस्यले गर्ने काम चिन्न<br>• छिमेकीले गर्ने काम भन्न | • सिपको अर्थ चिन्न<br>• परिवारका सदस्यसँग भएका सिप चिन्न | • स्थानीय औजार र प्रविधिको अर्थ चिन्न<br>• टोल, गाउँ तथा महाङ्काल गाउँपालिकाकामा चलनमा रहेका स्थानीय औजार र प्रविधिको नाम भन्न | • घरेलु औजार र प्रविधिका काम चिन्न<br>• घरेलु औजार र प्रविधिको उचित प्रयोग गर्न | • गाउँघरमा काम नै व्यायाम हो भनेर थाहा पाउन<br>• घरायसी काम गर्न |
| | | • काम गर्न र सिक्न<br>• आमाबुवालाई सहयोग गर्न | • खन्ने काम चिन्न<br>• खन्ने सिप सिक्न | • कुटो चिन्न<br>• कुटोको काम चिन्न | • सावधानीपूर्वक कुटो चलाउन<br>• अरुलाई सिकाउन | • राम्ररी कुटो चलाउन<br>• कुटोले खेतबारी खन्न र माटोका डल्ला फोर्न |
| | | • सानैदेखि आत्मनिर्भर हुनुपर्छ भन्ने चेतनाको विकास<br>• भविष्यमा आत्मनिर्भर हुन | • चकटी के बाट र कसरी बन्छ भनेर थाहा पाउन<br>• चकटीको प्रयोग बुझ्न | • चकटी बुन्ने सिप चिन्न<br>• चकटी बुन्नका लागि जिज्ञासु बन्न | • मकै नङ्ग्याउन<br>• खोस्टा निकाल्न र सुकाउन | • सुकाएको खोस्टा छान्न र केस्राउन<br>• केस्राएको खोस्टाको मुठा बाँध्न |
| | | • मौरीपालन चिन्न<br>• मौरीपालनको फाइदा बताउन | • मौरीपालनका लागि चाहिने सिप चिन्न<br>• भविष्यमा मौरीपालन गर्ने | • मौरीपालनका लागि चाहिने सामान चिन्न<br>• भविष्यमा मौरीपालन गर्न | • कर्मी, भाले र रानी मौरी चिन्न<br>• ती मौरीका भूमिका चिन्न | • मौरीपालन गर्ने सैद्धान्तिक ज्ञान सिक्न<br>• प्रयोगात्मक अभ्यास गर्न |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | सिप सिक्न | | | |
| ५. | **हाम्रा काम र आम्दानी**<br>**(कक्षा** १/२/३)<br><br>**हाम्रा आम्दानीका स्रोत**<br>**(कक्षा** ४/५) | ● खानाको स्रोत थाहा पाउन<br>● करेसाबारीमा फल्ने अन्न, तरकारी तथा फलफूल चिन्न | ● काम र खानाको सम्बन्ध चिन्न<br>● खानाका लागि काम गर्नुपर्छ भन्ने सिक्न | ● विभिन्न पेसा चिन्न<br>● पेसाको महत्व चिन्न | ● आफ्नो टोल, गाउँ र महाङ्काल गाउँपालिकामा प्रचलित खेतीपाती गर्ने तरिका चिन्न<br>● रैथाने खेतीपाती चिन्न | ● निर्वाहमुखी खेतीपाती चिन्न<br>● भविष्यमा निर्वाहमुखी खेती अनुसरण नगर्न |
| | | ● घर तथा छिमेकीका खेतबारीमा हुने अन्नबालीका नाम भन्न<br>● महाङ्काल गाउँपालिकाका खेतबारीमा हुने अन्नबाली चिन्न | ● दलहन र तेलहन बालीको अर्थ थाहा पाउन<br>● घर, छिमेक र महाङ्काल गाउँपालिकाका विभिन्न ठाउँमा फल्ने दलहन र तेलहन बालीको सूची तयार पार्न | ● कृषि औजार चिन्न<br>● कृषि औजारको महत्व बुझ्न | ● खेतबारीका गरा चिन्न<br>● गरा खेती प्रणालीका फाइदा थाहा पाउन | ● माटो परीक्षणको अर्थ थाहा पाउन<br>● माटो परीक्षण र बाली छनोटको सम्बन्ध चिन्न र यसबारेमा बताउन |
| | | ● घर तथा छिमेकीका खेतबारीमा हुने तरकारी बालीका नाम भन्न<br>● महाङ्काल गाउँपालिकाका खेतबारीमा हुने तरकारी चिन्न | ● मसला बालीको अर्थ थाहा पाउन<br>● घर, छिमेक र महाङ्काल गाउँपालिकाका विभिन्न ठाउँमा हुने मसला बालीको सूची तयार पार्न | ● पशुधनको अर्थ थाहा पाउन<br>● पशुधनबाट हुने आम्दानी थाहा पाउन | ● जैविक मल चिन्न र यसको परिचय दिन<br>● जैविक मलका फाइदा थाहा पाउन | ● नगदेबाली चिन्न<br>● आफ्नो टोल, गाउँ र महाङ्काल गाउँपालिकाका खेतबारीमा हुने नगदेबाली चिन्न र यसको आर्थिक महत्व थाहा पाउन |
| | | ● आफ्नो टोल र गाउँमा हुने फलफूल बाली चिन्न<br>● महाङ्काल गाउँपालिकाका विभिन्न ठाउँमा फल्ने फलफूलका सूची तयार पार्न | ● बियाँ, बिउबिजन चिन्न<br>● बियाँ, बिउबिजन जोगाउनुका कारण बताउन | ● पत्कर र सोत्तर चिन्न<br>● मल बन्ने प्रक्रिया थाहा पाउन | ● जैविक विषादी चिन्न<br>● जैविक विषादीको फाइदा थाहा पाउन | ● कृषिमा प्रयोग हुने आधुनिक प्रविधि चिन्न<br>● आधुनिक प्रविधिको फाइदा थाहा पाउन र भविष्यमा प्रयोग गर्न |
| ६. | **हाम्रा रमाइला ठाउँ र पाहुना**<br>**(कक्षा** १/२/३) | ● घुम्न, डुल्न र रम्न<br>● घुम्दै र रम्दै नयाँ नयाँ कुरा सिक्न | ● बगैँचा चिन्न<br>● बगैँचा घुम्न | ● चिया र कफी बगान चिन्न<br>● यस्ता बगानको पर्यटकीय महत्व थाहा पाउन | ● आफ्नो टोल, गाउँ र महाङ्काल गाउँपालिकामा रहेका खोला, झरना र गुफा चिन्न<br>● स्थानीय खोला, | ● पालाजु झरना र सिम्बा झरना चिन्न<br>● यी दुई झरनाको पर्यटकीय मूल्य र महत्व थाहा पाउन साथै स्थानीय नामले |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | हाम्रा पर्यटकीय स्थल र पर्यटन<br>(कक्षा ४/५) | | | | झरना र गुफाका पर्यटकीय मूल्य र महत्व थाहा पाउन | मास्नुहुँदैन भने थाहा पाउन |
| | | ● आफ्नो टोल तथा गाउँका रमाइला ठाउँ चिन्न<br>● महाङ्काल गाउँपालिकाका रमाइला ठाउँ चिन्न | ● आफ्नो टोल तथा गाउँमा रहेका वनभोज स्थल चिन्न<br>● वनभोज खान जान | ● टोल, गाउँ र महाङ्काल गाउँपालिकामा रहेका अग्ला डाँडा चिन्न<br>● यस्ता अग्ला डाँडाका पर्यटकीय महत्व थाहा पाउन | ● भैरव थुम र बुर्जाको डाँडा चिन्न<br>● यी दुई डाँडाको पर्यटकीय मूल्य र महत्व थाहा पाउन | ● खोर भञ्ज्याङ र विमिरे चौर चिन्न<br>● यी दुई डाँडाको पर्यटकीय मूल्य र महत्व थाहा पाउन |
| | | ● पाहुनालाई सम्मान गर्न<br>● पर्यटक नै पाहुना हुन् भन्ने चिन्न | ● घरबास अर्थात होमस्टेको अर्थ थाहा पाउन<br>● घरबास अर्थात होमस्टे किन चाहिन्छ भनेर कारण थाहा पाउन | ● पदयात्रा र पदमार्गको अर्थ थाहा पाउन<br>● पदमार्गको पर्यटकीय महत्व थाहा पाउन | ● काँडेभ्याकुर र गुराँस चिन्न<br>● काँडेभ्याकुर र गुराँसको पर्यटकीय मूल्य र महत्व थाहा पाउन | ● रमिते डाँडा र मृग बिसौनी चिन्न साथै यी दुईको पर्यटकीय मूल्य तथा महत्व थाहा पाउन<br>● आफ्नो गाउँ तथा महाङ्काल गाउँपालिकाको भूगोलको पर्यटकीय मूल्य र महत्व थाहा पाउन |
| ७. | हाम्रा चलन<br>(कक्षा १/२/३)<br>हाम्रा चालचलन<br>(कक्षा ४/५) | ● साना, ठुला, माया र आदर चिन्न<br>● सानालाई माया र ठुलालाई आदर गर्न | ● आफ्नो मातृभाषा चिन्न<br>● मातृभाषालाई माया गर्न र मातृभाषामा बोल्न | ● दैनिक जीवनमा लगाउने लुगा चिन्न<br>● विशिष्ट अवसरमा लगाउने लुगा चिन्न | ● गरगहना चिन्न<br>● महाङ्काल गाउँपालिकाका बासिन्दाले लगाउने गरगहनाका नाम भन्न | ● हाम्रा रैथाने खानेकुरा र खानपान संस्कृति चिन्न<br>● अन्य खानेकुरोको साटो रैथाने खानेकुरा नै खान |
| | | ● अभिवादन गर्ने तरिका जान्न<br>● सानैदेखि अभिवादन गर्न | ● साइनो चिन्न<br>● दैनिक जीवनमा साइनो लगाउन | ● पाहुना चिन्न<br>● पाहुनालाई सत्कार गर्न | ● मित लगाउने चलन चिन्न<br>● यसको सामाजिक तथा सांस्कृतिक महत्व भन्न | ● स्थानीय मेला, पर्व र जात्रा चिन्न<br>● आफ्नो गाउँ अथवा महाङ्काल गाउँपालिकामा विभिन्न समयमा हुने मेला, पर्व र जात्रा चिन्न र सहभागी हुन |
| ८. | नागरिक चेतना<br>(कक्षा ४/५) | - | - | - | ● असल नागरिकका गुण चिन्न<br>● भविष्यमा असल नागरिक हुन | ● हाम्रा कर्तव्य र अधिकार चिन्न<br>● भविष्यमा सभ्य नागरिकका रूपमा कर्तव्य पालना गर्न र अधिकार माग्न |

## ५. विषयवस्तुको विस्तृतीकरण

**कक्षा: १**

| विषयक्षेत्र | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | शिक्षण सिकाइ क्रियाकलाप | शिक्षण सामग्री | मूल्याङ्कन प्रक्रिया | पाठ्यभार कार्यघण्टा |
|---|---|---|---|---|---|---|
| **१. हाम्रो बालसंसार** | • खेल खेल्न र आफूले खेल्ने खेलका नाम भन्न<br>• शरीरका अङ्गका महत्व चिन्न र सामूहिकताको भावनाको विकास गर्न | • हाम्रा रमाइला खेल (बालबालिकाका मौलिक खेलका चिनारी जस्तैः चिँ मुसी चिँ, टोपी लुकाइ, लुकामारी, गट्टी, तातो आलु, तित्ती/ढ्याकी, डोरी नाघ्ने, घैँटो फुटाइ, चुङ्गी, कुम जुधाइ, लख्खु ढलाइ, सारी खेल्ने, डोरी तानातान आदि र खेलका माध्यमबाट नयाँ ज्ञान र सिप सिक्ने अभ्यास) | • कक्षाकोठामा रहेका बालबालिकाले उनीहरूले खेल्ने खेलका नाम सोध्दै जानुहोस् र सूची तयार पार्ने<br>• ती खेल खेल्न शरीरका कुन-कुन अङ्गको भूमिका रहन्छ चिनाउँदै जाने<br>• ती मध्ये कुन-कुन खेल समूहमा मिलेर खेल्न सकिन्छ ? खेलेर चिनाउने | • रैथाने खेल खेल्दै गरेको बालबालिकाको चित्र अथवा चार्ट | प्रश्नोत्तर (मौखिक प्रश्न)<br>उदाहरण<br>• एक्लै अथवा साथीसँग मिलेर तपाईंले कुन-कुन खेल खेल्नुभएको छ ?<br>• ती खेल खेल्दा शरीरका कुन-कुन अङ्गले काम गर्नुपर्छ ?<br>• एक्लै खेल्ने र समूहमा खेल्ने खेल चिन्नुहोस् । | |
| | • साथीसँग मिलेर गीत गाउन<br>• गीत गाउँदै नाक, कान, आँखा, जिब्रो र छालाले गर्ने काम चिन्न | • हाम्रा रमाइला गीत (गीतका माध्यमबाट नाक, कान, आँखा, जिब्रो र छालाले गर्ने काम सिक्ने अभ्यास) | • लय हालेर गीत गाउन सिकाउने<br>• गीत गाउँदा हाउभाउ र भावभङ्गीमासहित गाउन सिकाउने<br>• नाक, कान, आँखा, जिब्रो र छालाले गर्ने काम चिनाउने<br>• यी अङ्गले गर्ने काम सकेसम्म व्यावहारिक तरिकाले चिनाउने | • बालगीतहरू<br>• नाक, कान, आँखा, जिब्रो र छालाले गर्ने काम झल्काउने ठुला चित्र अथवा चार्ट | प्रश्नोत्तर (मौखिक प्रश्न)<br>उदाहरण<br>• नाक, कान, आँखा, जिब्रो र छालाले केके काम गर्छन् ?<br>• नोटः हाउभाउसहित गीत गाएका आधारमा श्रेणीमापन फाराम भरेर अभिलेख राख्नुहोस् । | |
| **२. हाम्रा असल आनीबानी** | • स्वस्थ र खुसी हुन<br>• सकारात्मक हुन | • हासौँ र रमाऔँ (स्वस्थ र खुसी रहने तरिका) | • दैनिक रूपमा कक्षामा प्रस्तुत हुँदा हँसिलो अनुहारका प्रस्तुत हुने<br>• बालबालिकालाई कक्षाकोठामा आउँदा सधैँ हसिँलो भएर आउन प्रेरित गर्ने | • हँसिलो बालबालिकाको चित्र अथवा पोस्टर | प्रश्नोत्तर (मौखिक प्रश्न)<br>उदाहरण<br>• हाँसोका फाइदा बताउनुहोस् ।<br>• हामी किन स्वस्थ र खुसी | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | ● हाँसोका फाइदा बताउने र सूची तयार पार्ने<br>● मानिस किन स्वस्थ र खुसी रहनुपर्छ भनेर उदाहरण तथा दृष्टान्तसहित चिनाउने | | रहनुपर्छ ?<br>● नोटः बालबालिकाका दैनिक व्यवहारलाई नियाल्दै श्रेणीमापन फाराम भरेर अभिलेख राख्नुहोस् । | |
| | ● सानैदेखि आफ्नो काम आफैं गर्न<br>● स्वावलम्बी हुने तरिका चिन्न | ● आफ्नो काम आफैं गरौं (मुख धुने, हातगोडा सफा राख्ने, दाँत माझ्ने, कपाल कोर्ने, नङ काट्ने, हाते रुमाल धुने, मोजा धुने कामको अभ्यास) | ● शिक्षकले विद्यालयमा आफ्नो काम आफैं गर्ने र विद्यार्थीलाई वा अरु कसैलाई नअराउने<br>● शिक्षकले घरमा आफूले के-के काम गर्ने गरेको छ भनेर विद्यार्थीलाई सुनाउने<br>● विद्यार्थीलाई उनीहरूले घरमा कुन-कुन काम गर्ने गरेका छौ भनेर सोध्ने, सूची बनाउने र कसैले राम्रो काम गरेको छ भने सबैको सामुन्ने उसलाई स्याबासी दिने<br>● विद्यार्थीलाई आफ्नो काम आफैं गर्नुपर्छ भनेर अभिप्रेरित गर्ने र व्यावहारिक तरिकाले सिकाउने<br>● बालबालिकाले आफ्नो काम आफैं गरेका छन् कि छैनन् भनेर अभिभावकसँग समन्वय गर्ने | ● बालबालिकाले आफ्नो काम आफैं गरिरहेको झल्काउने चित्र, चार्ट अथवा पोस्टर | ● नोटः बालबालिकाले आफ्नो काम आफैं गर्ने गरेको छ कि छैन भनेर अवलोकन गर्ने र अभिभावकसँग समन्वय गरेर श्रेणीमापन फाराम भर्ने र अभिलेख राख्नुहोस् । | |
| | ● अभिवादन र सम्मान गर्न<br>● सानैदेखि व्यक्तित्व विकास गर्न | ● अभिवादन गरौं (हाँस्न, नमस्कार गर्न र ढोग्न सिकाउने अभ्यास) | ● शिक्षक स्वयम् हँसिलो मुहारसहित विद्यालय तथा कक्षाकोठामा प्रस्तुत हुने र सबैलाई अभिभावदन गर्ने<br>● शिक्षक स्वयम् विद्यार्थीलाई अभिवादन गर्ने र अभिवादन गर्न सिकाउने<br>● अभिवादनका प्रकारहरू चिनाउने | ● साना बालकले अभिवादन गर्दै गरेको चित्र, चार्ट अथवा पोस्टर<br>● हजुरबुवा अथवा हजुरआमालाई नातिनातीले ढोग्दै गरेको चित्र, चार्ट | ● नोटः बालबालिकाले विद्यालयमा आउँदा अभिवादन गर्ने गरेका छन् कि छैनन् ? भनेर अवलोकन गर्ने र अभिभावकसँग समन्वय गरेर श्रेणीमापन फाराम भरी अभिलेख | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | ● कक्षाकोठामा रहेका विभिन्न जातजातिका बालबालिकालाई मध्यनजगर गर्दै उनीहरूका मातृभाषामा पनि अभिभावदन गर्न सिकाउने | अथवा पोस्टर | राख्नुहोस् । | |
| **३. हाम्रो वरपर** | ● आफ्नो टोलको नाम बताउन<br>● आफ्नो टोलका बारेमा बताउन | ● हाम्रा टोल (आफ्नो टोलको सामान्य चिनारी जस्तैः पालाजु, लुकेको गाउँ, गुर्धुम, माने टोल, सिसवन, परास्टु, भोइ टोल, बतासे डाँडा, नमन डोल, लाम्राङ, कपिराम, हेल्टार आदि) | ● शिक्षकले आफू बस्दै आएको टोलको नाम बताउने<br>● विद्यार्थीलाई विद्यालय रहेको टोलको नाम सोध्ने, मिलेको छ भने स्याबासी दिने र मिलेको छैन भने सच्याउने<br>● सबै विद्यार्थीलाई उनीहरूको टोलको नाम क्रमशः सोध्दै जाने र सूची बनाउने<br>● सम्भव भएमा विद्यालयको प्राङ्गणबाट ती टोल देखाउने र चिनाउने | ● विद्यालय नजिकैका टोलका नाम लेखिएको ठुलो चार्ट अथवा पोस्टर<br>● विद्यार्थीहरूका टोलका नामका सूची लेखिएको ठुलो चार्ट अथवा पोस्टर | प्रश्नोत्तर (मौखिक प्रश्न)<br><br><u>उदाहरण</u><br><br>● आफ्नो टोलको नाम भन्नुहोस् ।<br>● विद्यालय रहेको टोलको नाम बताउनुहोस् ।<br>● तपाइँको टोलका बारेमा बताउनुहोस् । | |
| | ● घर र छिमेकमा पालिएका पन्छी चिन्न<br>● गाउँपालिकामा पालिएका पन्छीका नाम बताउन | ● हाम्रा घरपालुवा पन्छी (घर, छिमेक र महाङ्काल गाउँपालिकामा पालिने पन्छीका सामान्य चिनारी जस्तैः हाँस, कुखुरा, परेवा आदि) | ● घरपालुवा पन्छी भनेको के हो ? भनेर व्याख्या र उदाहरणसहित बुझाउने<br>● शिक्षकले आफ्नो घर तथा छिमेकीका घरमा पालिएका पन्छीका नाम बताउने<br>● सबै विद्यार्थीलाई उनीहरूका घर तथा छिमेकमा कुन-कुन घरपालुवा पन्छी पालिएका छन् भनेर सोध्ने र सूची तयार पार्ने<br>● महाङ्काल गाउँपालिकामा पालिने पन्छीका सूची तयार पार्ने र क्रमशः चिनाउने | ● घरपालुवा पन्छीका चित्र, चार्ट अथवा पोस्टर | प्रश्नोत्तर (मौखिक प्रश्न)<br><br><u>उदाहरण</u><br><br>● तपाइँको घरमा कुन-कुन पन्छी पालिएका छन् ?<br>● तपाइँको छिमेकमा कुन-कुन पन्छी पालिएका छन् ?<br>● महाङ्काल गाउँपालिकामा पालिएका पन्छीका सूची तयार पार्नुहोस् । | |
| | ● आफ्नो खेतबारीमा | ● हाम्रा खाद्यान्नबाली | ● खाद्यान्न भनेको के हो भनेर व्याख्या र | ● खाद्यान्न बालीको | प्रश्नोत्तर (मौखिक प्रश्न) | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | फलेका खाद्यान्नबाली चिन्न<br>● गाउँपालिकाका खेतबारीमा हुने विभिन्न खाद्यान्नबालीका नाम बताउन | (आफ्नो खेतबारी र महाङ्काल गाउँपालिकामा हुने विभिन्न खाद्यबालीको चिनारी जस्तैः मकै, धान, गहुँ, फापर, कोदो, मस्याङ, केराउ, सिमी, बोडी आदि) | उदाहरणसहित बुझाउने<br>● बाालबालिकालाई आज तिमीले के-के खाएर आयौ भनेर सोध्ने र खाद्यान्नबाली चिनाउने<br>● शिक्षकले आफ्नो खेतबारीमा फल्ने खाद्यान्न बाली चिनाउने र विद्यार्थीलाई पनि उनीहरूका खेतबारीमा फल्ने खाद्यान्नबालीका नाम भन्न लगाउने<br>● महाङ्काल गाउँपालिकाका खेतबारीमा फल्ने खाद्यान्न बाली नाम बताउने र सूची तयार पार्ने | चित्रसहितको सूची | उदाहरण<br>● तपाइँको आज के-के खाएर आउनुभयो ? त्यसमा भएका खाद्यान्नका नाम भन्नुहोस् ।<br>● तपाइँको खेतबारीमा कुन-कुन खाद्यान्न बाली फल्छन् ? बताउनुहोस् ।<br>● महाङ्काल गाउँपालिकामा फल्ने विभिन्न खाद्यान्न बालीका नाम बताउनुहोस् ।<br>● तपाइँको खेतबारीमा फल्ने खाद्यान्न बालीका तीन तीनओटा दाना कक्षाकोठामा ल्याउनुहोस् । | |
| **४. हाम्रा काम र सिप** | ● घरका परिवारका सदस्यले गर्ने काम चिन्न<br>● छिमेकीले गर्ने काम भन्न | ● हाम्रा मौलिक काम (घरमा तथा छिमेकमा गरिने कामको चिनारी जस्तैः घाँस काट्ने, बारी खन्ने, पशुपन्छीलाई स्याहारसुसार गर्ने, बालीनाली लगाउने/हेरचाह गर्ने, दुध दुने/दही मथ्ने/खुवा बनाउने आदि) | ● काम र घरायसी मौलिक काम भनेको के हो भनेर व्याख्या र उदाहरणसहित चिनाउने<br>● शिक्षकले आफूले घरमा गर्ने काम विद्यार्थीलाई बताउने<br>● शिक्षकले आफ्नो छिमेकीले कुन-कुन काम गर्ने गरेका छन् भनेर विद्यार्थीलाई कामको सूची बताउने<br>● विद्यार्थीलाई घरमा परिवारका सदस्यले कुन-कुन काम गर्ने गरेका छन् भनेर सोध्ने र सूची तयार पार्ने<br>● विद्यार्थीलाई छिमेकीले कुन-कुन काम गर्ने गरेका छन् भनेर सोध्ने र सूची तयार पार्ने | ● घरायसी काम झल्काउने चित्र, चार्ट तथा पोस्टर | प्रश्नोत्तर (मौखिक प्रश्न)<br>उदाहरण<br>● काम भनेको के हो ? कुनै पाँचओटा उदाहरण दिनुहोस् ।<br>● घरायसी काम भनेको के हो ? कुनै चारओटा उदाहरण दिनुहोस् ।<br>● घरमा परिवारका सदस्यले कुन-कुन काम गर्नुहुन्छ ?<br>● तपाइँको छिमेकीले कुन-कुन काम गर्नुहुन्छ ? कामको सूची तयार पार्नुहोस् । | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | ● काम गर्न र सिक्न<br>● आमाबुवालाई सहयोग गर्न | ● काम सिकौँ (बुवाआमालाई सहयोग हुने विभिन्न काम सिक्नुपर्छ भन्ने हौसला र काम गर्न प्रेरणा) | ● शिक्षकले घरमा बुवाआमालाई कुन-कुन काम गर्न कसरी सहयोग गर्ने गरेको छ भनेर बताउने<br>● विद्यार्थीलाई घरमा बुवाआमालाई काम गर्न सघाउने गरेको छ कि छैन भनेर सोध्ने र ती कामको सूची तयार पार्ने<br>● जुन-जुन विद्यार्थीले घरमा बुवाआमालाई काममा सघाउने गरेको छ उनीहरूलाई कक्षाकोठामा सबैमा सामुन्ने स्याबासी दिने | ● बालबालिकाले आफ्नो उमेरअनुसार बुवाआमालाई काममा सघाउँदै गरेको चित्र, चार्ट अथवा पोस्टर | प्रश्नोत्तर (मौखिक प्रश्न)<br>उदाहरण<br>● तपाईँले घरमा बुवाआमालाई कुन-कुन काम गर्न काम गर्न सघाउनुभएको छ ?<br>● विद्यार्थीले घरमा बुवाआमालाई काममा सघाउने गरेको छ कि छैन भनेर यकिन गर्ने र श्रेणीमापन फाराम भरेर अभिलेख राख्नुहोस् । | |
| | ● सानैदेखि आत्मनिर्भर हुनुपर्छ भन्ने चेतनाको विकास<br>● भविष्यमा आत्मनिर्भर हुन | ● आफूलाई चाहिने सामान आफैँ बनाऔँ (आफूलाई चाहिने सामान सकेसम्म आफैँ उत्पादन गर्नुपर्छ भन्ने चेतना) | ● आफूलाई चाहिने विभिन्न सामान सकेसम्म आफैँ बनाउनुपर्छ भनेर विभिन्न उदाहरण दिने, उदाहरण दिँदा सकेसम्म विद्यालय वरपर भइरहेका र विद्यार्थीले प्रत्यक्ष देखेका उदाहरणलाई ग्राह्यता दिने<br>● किन आत्मनिर्भर हुन जरुरी छ भनेर विभिन्न कारण दिने जस्तैः हाम्रो पैसा बचाउन, आफू, परिवार र आफ्नो गाउँलाई स्वावलम्बी बनाउन आदि | ● काठबाट पिरा, टेबल, कुर्सी, दराज, खाट आदि बनाउँदै गरेको चित्र, चार्ट अथवा पोस्टर<br>● दुना, टपरी बनाउँदै गरेको चित्र, चार्ट अथवा पोस्टर<br>● चकटी, गुन्द्री, सुकुल बनाउँदै गरेको र यसको प्रयोग भएको चित्र | प्रश्नोत्तर (मौखिक प्रश्न)<br>उदाहरण<br>● हामीले हाम्रो घर अथवा विद्यालयमा कुन-कुन सामान चाहिन्छन् ?<br>● ती मध्ये कुन-कुन सामान हाम्रो घर, टोल र गाउँमा बन्छन् ?<br>● हामीले हामीलाई चाहिने सामान किन आफैँ बनाउनुपर्छ ? कारण बताउनुहोस् ।<br>● तपाईंको घर, टोल र गाउँमा कुन-कुन सामान बन्छन् ? | |
| | ● मौरीपालन चिन्न<br>● मौरीपालनको फाइदा बताउन | ● मौरी पाल्ने काम (मौरीपालन कामको सामान्य चिनारी) | ● मौरीपालन भनेको के हो भनेर व्याख्या तथा उदाहरणसहित चिनाउने<br>● सम्भव भएमा विद्यालय नजिकै | ● अवलोकन भ्रमणका लागि आवश्यक पर्ने सामान<br>● मौरीपालन | प्रश्नोत्तर (मौखिक प्रश्न)<br>उदाहरण<br>● मौरीपालनका | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | रहेको मौरीपालन गरेको ठाउँमा मौरीपालन चिनाउने<br>● मौरीपालनका फाइदा के-के हुन् भनेर बताउने र महका फाइदा बताउने<br>● विद्यार्थीलाई उनीहरूको घरमा मौरीपालन गरेको छ कि छैन भनेर सोध्ने | झल्काउने चित्र, चार्ट तथा पोस्टर | फाइदा भन्नुहोस् ।<br>● महका फाइदा के-के हुन् ? बताउनुहोस् । | |
| **५. हाम्रा काम र आम्दानी** | ● खानाको स्रोत थाहा पाउन<br>● करेसाबारीमा फल्ने अन्न, तरकारी तथा फलफूल चिन्न | ● हाम्रा खाना र करेसाबारी (हामीले खाने खानाको चिनारी, करेसाबारीको परिचय) | ● विद्यार्थीले आजलाई के-के खाएर आयौ भनेर सोध्ने<br>● शिक्षकले पनि आफूले खाएर आएको खानका नाम भन्ने<br>● हामीले खाने खाना कहाँबाट आउँछ भनेर बताउने<br>● हामीले खाने अधिकांश खाना हाम्रै करेसाबारीबाट आउने गर्छ भनेर बताउने<br>● विद्यालय नजिकै रहेको कुनै विद्यार्थीको करेसाबारीको अवलोकन भ्रमण गराउने र त्यहाँ फलेका अन्न, तरकारी तथा फलफूल चिनाउने | ● अवलोकन भ्रमणका लागि आवश्यक पर्ने सामग्री | प्रश्नोत्तर (मौखिक प्रश्न)<br><u>उदाहरण</u><br>● हामीले खाने खाना कहाँ-कहाँबाट आउँछ ?<br>● तपाईंको करेसाबारीमा के-के फलेका छन् ? अन्न, तरकारी तथा फलफूलको नाम भन्नुहोस् ।<br>● तपाईंको बारीमा फलेका फलफूल खाजाका रूपमा ल्याउनुहोस् ।<br>● अध्ययन भ्रमणका क्रममा बालबालिकालाई अन्न, तरकारी र फलफूल पहिचान गर्न लगाउनुहोस् र यसका आधारमा श्रेणीमापन फाराम भरेर अभिलेख राख्नुहोस् । | |
| | ● घर तथा छिमेकीका खेतबारीमा हुने अन्नबालीका नाम भन्न<br>● महाङ्काल गाउँपालिकाका खेतबारीमा | ● हाम्रा अन्नबाली (घर, छिमेकीका र महाङ्काल गाउँपालिकाका खेतबारीमा उत्पादन हुने र हामीले खाने विभिन्न | ● अन्नबालीको भनेको के हो भनेर व्याख्या र उदाहरणसहित चिनाउने<br>● शिक्षकले आफ्नो तथा छिमेकीका खेतबारीमा फलेका अन्नबालीका नाम | ● अन्नबाली झल्काउने अन्न र नामसहितको चित्र, चार्ट अथवा पोस्टर | प्रश्नोत्तर (मौखिक प्रश्न)<br><u>उदाहरण</u><br>● तपाईंको खेतबारीमा हुने अन्नबालीका नाम | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | उत्पादन हुने अन्नबाली चिन्न | अन्नबालीको चिनारी जस्तैः मकै, गहुँ, फापर, कोदो, धान आदि र रैथाने अन्नबालीको प्रयोगका लागि प्रोत्साहन) | बताउने<br>● विद्यार्थीलाई उनीहरूको तथा छिमेकीका खेतबारीमा हुने अन्नबालीका नाम सोध्ने र सूची बनाउने<br>● विद्यार्थीलाई विद्यालय वरपर रहेका खेतबारीमा घुम्न लाने र त्यहाँ फलेका अन्नबाली चिनाउने<br>● महाङ्काल गाउँपालिकाका खेतबारीमा हुने अन्नबालीका नाम चिनाउने | | बताउनुहोस् ।<br>● तपाईंको छिमेकीको खेतबारीमा हुने अन्नबालीका नाम बताउनुहोस् ।<br>● महाङ्काल गाउँपालिकाका खेतबारीमा हुने अन्नबालीका नाम बताउनुहोस् ।<br>● विद्यार्थीलाई उनीहरूको खेतबारीमा हुने अन्नका पाँच-पाँचओटा दाना कक्षाकोठामा ल्याउन लाउनुहोस् । | |
| | ● घर तथा छिमेकीका खेतबारीमा हुने तरकारी बालीका नाम भन्न<br>● महाङ्काल गाउँपालिकाका खेतबारीमा हुने तरकारी चिन्न | ● हाम्रा तरकारी बाली (घर, छिमेक र महाङ्काल गाउँपालिकामा फल्ने तरकारीको चिनारी साथै आफूलाई चाहिने आफैँ फलाउनुपर्छ भन्ने चेतना) | ● तरकारी बाली भनेको के हो भनेर उदाहरणसहित चिनाउने<br>● शिक्षकले आफूले आज खाएर आएको तरकारीका नाम बताउने र आफ्नो तथा छिमेकीका खेतबारीमा हुने तरकारीका नाम बताउने<br>● विद्यार्थीलाई आज के-केको तरकारी खाएर आयौ भनेर सोध्ने<br>● विद्यार्थीलाई उनीहरूको तथा छिमेकीका खेतबारीमा के-के तरकारी फल्छन् भनेर सोध्ने र सूची तयार पार्ने<br>● विद्यालय नजिकै रहेको खेतबारीमा विद्यार्थीलाई घुमाउन लैजाने र महाङ्काल गाउँपालिकामा हुने विभिन्न तरकारीबाली | ● तरकारी बालीका नामसहितका चित्र, चार्ट तथा पोस्टर<br>● अध्ययन भ्रमणका लागि आवश्यक सामग्री | प्रश्नोत्तर (मौखिक प्रश्न)<br><u>उदाहरण</u><br>● आज कुन-कुन तरकारी खाएर आउनुभयो ?<br>● तपाईंको खेतबारीमा के-के तरकारी फल्छन् ?<br>● तपाईंको छिमेकीको खेतबारीमा के-के तरकारी फल्छन् ?<br>● महाङ्काल गाउँपालिकाका खेतबारीमा के-के तरकारी फल्छन् ? सूची तयार पार्नुहोस् । | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | चिनाउने | | | |
| | • आफ्नो टोल र गाउँमा हुने फलफूल बाली चिन्न<br>• महाङ्काल गाउँपालिकाका विभिन्न ठाउँमा फल्ने फलफूलका सूची तयार पार्न | • हाम्रा फलफूल बाली (घर, छिमेक र महाङ्काल गाउँपालिकाका खेतबारीमा फल्ने विभिन्न फलफूलको चिनारी, रैथाने फलफूल सेवनका लागि प्रोत्साहन र आफूलाई चाहिने फलफूल आफैँ उत्पादन गर्नुपर्छ भन्ने चेतनाको विकास) | • फलफूल भनेको के हो भनेर उदाहरणसहित चिनाउने<br>• विद्यार्थीलाई विद्यालय वरपर रहेका खेतबारीमा फलेका फलफूलका बोट तथा दाना चिनाउने<br>• विद्यार्थीलाई उनीहरूका तथा छिमेकीका खेतबारीमा फल्ने फलफूलका नाम सोध्ने<br>• महाङ्काल गाउँपालिकाका खेतबारीमा फल्ने फलफूल चिनाउने र सूची तयार पार्ने | • फलफूल बालीका नामसहितको चित्र, चार्ट तथा पोस्टर<br>• अध्ययन भ्रमणका लागि आवश्यक पर्ने सामग्री | प्रश्नोत्तर (मौखिक प्रश्न)<br><br>उदाहरण<br><br>• विद्यालय नजिक खेतबारीमा कुन-कुन फलफूलका बोट देख्नुभयो ?<br>• तपाईंको खेतबारीमा कुन-कुन फलफूल फल्छन् ?<br>• तपाईंको खेतबारीमा कुन-कुन फलफूल फल्छन् ?<br>• महाङ्काल गाउँपालिकामा हुने विभिन्न फलफूलका नाम बताउनुहोस् ।<br>• अध्ययन भ्रमणका क्रममा विद्यार्थीले फलफूलका बोट अथवा दाना चिनेका आधारमा श्रेणीमापन फाराम भरेर अभिलेख राख्नुहोस् । | |
| **६. हाम्रा रमाइला ठाउँ र पाहुना** | • घुम्न, डुल्न र रम्न<br>• घुम्दै र रम्दै नयाँ-नयाँ कुरा सिक्न | • घुमौँ, डुलौँ र रमाऔँ (घर, विद्यालय, टोल, गाउँ र महाङ्काल गाउँपालिका वरपर रहेका सुन्दर ठाउँ घुम्न प्रेरणा) | • विद्यार्थीलाई कतै घुम्न जानुभएको छ कि छैन भनेर सोध्ने, घुम्दा के-के देख्नुभयो र के-के खानुभयो भनेर सोध्ने<br>• शिक्षकले पनि आफूले घुमेका ठाउँका बारेमा रोचक तरिकाले बताउने<br>• घुम्न किन जरुरी छ भनेर घुम्नुका कारणहरू र फाइदा बताउने | • घुम्ने कार्यसँगसम्बन्धी श्रव्यदृश्य सामग्री जस्तै भ्लग अथवा डकुमेन्ट्री | प्रश्नोत्तर (मौखिक प्रश्न)<br><br>उदाहरण<br><br>• तपाईं कतै घुम्न जानुभएको छ कि छैन ? घुम्न जानुभएको छ भने तपाईंले के-के देख्नुभयो ? के-के खानुभयो ?<br>• घुम्नुका फाइदा बताउनुहोस् । | |
| | • आफ्नो टोल तथा गाउँका | • हाम्रा रमाइला ठाउँ (टोल, गाउँ | • रमाइलो ठाउँका बारेमा | • अध्ययन भ्रमणका | प्रश्नोत्तर (मौखिक | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | रमाइला ठाउँ चिन्न<br>● महाङ्काल गाउँपालिकाका रमाइला ठाउँ चिन्न | र महाङ्काल गाउँपालिकामा रहेका सुन्दर तथा रमणीय ठाउँको चिनारी) | उदाहरणसहित चिनाउने<br>● विद्यार्थीलाई विद्यालय नजिकैको कुनै रमाइला ठाउँमा लाने जस्तै खोला, गुफा, डाँडा, झरना आदि<br>● विद्यार्थीलाई उनीहरूको टोल तथा गाउँमा कुनै रमाइला ठाउँ छन् कि छैनन् भनेर सोध्ने र सूची तयार पार्ने<br>● विद्यार्थीलाई महाङ्काल गाउँपालिकाका विभिन्न रमाइला ठाउँ चिनाउने, सम्भव भए केही ठाउँको अध्ययन भ्रमण गर्ने | लागि आवश्यक पर्ने सामग्री<br>● महाङ्काल गाउँपालिकाका रमाइला ठाउँका नामसहितको चित्र, चार्ट तथा पोस्टर | प्रश्न)<br>उदाहरण<br>● कस्ता ठाउँलाई रमाइला ठाउँ भनिन्छ ?<br>● विद्यालय नजिकै रहेका रमाइला ठाउँका नाम बताउनुहोस् ।<br>● तपाईंको टोल तथा गाउँमा भएका रमाइला ठाउँका नाम बताउनुहोस् ।<br>● महाङ्काल गाउँपालिकामा रहेका कुनै तीनओटा रमाइला ठाउँका नाम बताउनुहोस् ।<br>● अध्ययन भ्रमणका क्रममा विद्यार्थीले देखाएको सहभागिता र सक्रियताका आधारमा श्रेणीमापन फाराम भरेर अभिलेख राख्नुहोस् । | |
| | ● पाहुनालाई सम्मान गर्न<br>● पर्यटक नै पाहुना हुन् भन्ने चिन्न | ● पाहुनालाई फूलको माला (पाहुनालाई विभिन्न किसिमका फूलका माला लगाउने चलनको विकास र पाहुनालाई सम्मान गर्ने संस्कृति) | ● पाहुनाको अर्थ चिनाउने<br>● हाम्रा टोल, गाउँ घुम्न आउने पर्यटक पनि पाहुना नै हुन् भनेर सिकाउने<br>● पर्यटकलाई कसरी सम्मान गर्नुपर्छ भनेर सिकाउने<br>● पर्यटकलाई फूलमाला लगाएको चित्र, चार्ट अथवा पोस्टर देखाउने<br>● पर्यटकलाई पाहुना मान्ने हाम्रा चलनको बारेमा बताउने<br>● विद्यालयमा आएका | ● फूलमाला<br>● फूलमाला लगाएको पर्यटकको चित्र तथा तस्बिर | प्रश्नोत्तर (मौखिक प्रश्न)<br>उदाहरण<br>● हामी कसलाई पाहुना मान्छौं र भन्छौं ?<br>● विद्यालयमा घुम्न आएका पर्यटकको पहिचान गर्ने र सोही आधारमा श्रेणीमापन फाराम भरेर अभिलेख राख्नुहोस् ।<br>● विद्यार्थीले | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | पर्यटकलाई फूलमाला लगाउन विद्यार्थीलाई लगाउने | | पर्यटकलाई स्वागत सत्कार गर्न देखाएको सहभागिता तथा सक्रियताका आधारमा श्रेणीमापन फाराम भरेर अभिलेख राख्नुहोस् । | |
| **७. हाम्रा चलन** | ● साना, ठुला, माया र आदर चिन्न<br>● सानालाई माया र ठुलालाई आदर गर्न | ● सानालाई माया र ठुलालाई आदर (सानालाई माया र ठुलालाई आदर गर्नुपर्छ भन्ने हाम्रो रैथाने चलनको चिनारी र अभ्यास) | ● साना र ठुला उदाहरणसहित चिनाउने<br>● शिक्षकले आफूभन्दा सबैलाई माया गर्ने र आफूभन्दा सबैलाई आदर गर्ने<br>● विद्यार्थीलाई पनि अनुकरण गर्न लगाउने | ● सानालाई माया र ठुलालाई आदर गरेको चित्र अथवा तस्बिर | प्रश्नोत्तर (मौखिक प्रश्न)<br><u>उदाहरण</u><br>● विद्यार्थीले आफूभन्दा सानालाई माया र ठुलालाई आदर गरेको छ कि छैन भनेर अवलोकन गर्नुहोस् र श्रेणीमापन फाराम भरेर अभिलेख राख्नुहोस् । | |
| | ● अभिवादन गर्ने तरिका जान्न<br>● सानैदेखि अभिवादन गर्न | ● अभिवादन गर्ने चलन (हाम्रा अभिवादन गर्ने चलनको चिनारी र अभ्यास) | ● शिक्षकले दैनिक रूपमा विद्यार्थी तथा सहकर्मी शिक्षक-शिक्षिकालाई अभिवादन गर्ने<br>● विद्यार्थीलाई पनि अनुकरण गर्न लगाउने | ● अभिवादन गर्दै गरेको सानो बालक अथवा बालिकाको चित्र अथवा तस्बिर | प्रश्नोत्तर (मौखिक प्रश्न)<br><u>उदाहरण</u><br>● विद्यार्थीले आफ्ना साथी, शिक्षक-शिक्षिका, बुवाआमा वा आफन्तले अभिवादन गर्ने गरेका छन् कि छैनन यकिन गरेर श्रेणीमापन फाराम भरेर अभिलेख राख्नुहोस् । | |

**कक्षाः २**

| **विषयक्षेत्र** | **सिकाइ उपलब्धि** | **विषयवस्तुको विस्तृतीकरण** | **शिक्षण सिकाइ क्रियाकलाप** | **शिक्षण सामग्री** | **मूल्याङ्कन प्रक्रिया** | **पाठ्यभार कार्यघण्टा** |
|---|---|---|---|---|---|---|
| **१. हाम्रो बालसंसार** | ● चिँ मुसी चिँ र तातो खेल्न<br>● छालाको | ● चिँ मुसी चिँ र तातो आलु (छालाको | ● विद्यार्थीलाई खुल्ला मैदानमा ल्याउने, चिँ मुसी चिँ र तातो | ● विद्यार्थीले चिँ मुसी चिँ र तातो आलु | प्रश्नोत्तर (लिखित प्रश्न) | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | माध्यमबाट दुखाई, चिसो र तातो थाहा पाउन | माध्यमबाट दुखाई, चिसो र तातो थाहा पाउने अभ्यास) | आलु खेल खेलाउने<br>● चिँ मुसी चिँ खेल्दा दुख्यो कि दुखेन भनेर सोध्ने<br>● तातो आलु खेल्दा आफ्नो हातमा बल आउँदा तातो भएको महसुस गर्दै आत्थाथा भन्न लगाउने<br>● छालाले गर्ने काम क्रमशः चिनाउने जस्तैः दुखेको, चिसो र तातो | खेल्दै गरेको चित्र अथवा तस्बिर (सकेसम्म कार्टुन स्वरूपमा)<br>● भकुण्डो | उदाहरण<br>● छालाले के-के काम गर्छ ?<br>● विद्यार्थीले खेल खेल्दा देखाएको सहभागिता र सक्रियताका आधारमा श्रेणीमापन फाराम भरेर अभिलेख राख्नुहोस् । | |
| | ● सुरमा बालगीत गाउन<br>● बालगीत चिन्न र यसको महत्व थाहा पाउन | ● बालगीत १, बालगीत २, बालगीत ३ (बालबालिकाका उमेर र मनोविज्ञान सुहाउँदाको बालगीत गाउने अभ्यास र गाउँदै नयाँ-नयाँ कुरा सिक्ने अभ्यास) | ● सस्वर लयमा बालगीत गाउन लगाउने<br>● बालगीतका माध्यमबाट विद्यार्थीलाई बालमनोविज्ञान र बालसंसार चिनाउने<br>● बालबालिकाले वयस्कका लागि बनाइएका गीत होइन, आफ्नै उमेर समूहका लागि बनाइएका गीत गाउनुपर्छ भनेर सिकाउने<br>● बालगीतको महत्व चिनाउने | ● बालगीत<br>● बाजागाजा | प्रश्नोत्तर (लिखित प्रश्न)<br>उदाहरण<br>● बालगीतको माध्ययमबाट के-के सिक्नुभयो ?<br>● बालगीतको महत्व बताउनुहोस् ।<br>● बालगीत गाउँदा विद्यार्थीले देखाएको सहभागिता तथा सक्रियताका आधारमा श्रेणीमापन फाराम भरेर अभिलेख राख्नुहोस् । | |
| **२. हाम्रा असल आनीबानी** | ● मिठो बोली चिन्न<br>● नम्र भएर बोल्न | ● मिठो बोलौँ (मिठो बोल्ने बानीको विकास र नम्र भएर बोल्न प्रेरणा) | ● कस्ता बोलीलाई नम्र बोली र रुखो बोली भनेर उदाहरण तथा दृष्टान्तसहित चिनाउने<br>● कसरी नम्र बोल्नुपर्छ भनेर सिकाउने<br>● शिक्षकले विद्यार्थी लगायत सबैसँग नम्र भएर बोल्ने<br>● विद्यार्थीलाई पनि नम्र भएर बोल्न सिकाउने र अनुसरण गर्न लगाउने<br>● नम्र भएर बोल्नुका फाइदा विद्यार्थीलाई बताउने | ● कुनै बालकबालिकाले नम्र बोलेको श्रव्यदृश्य सामग्री | प्रश्नोत्तर (लिखित प्रश्न)<br>उदाहरण<br>● हामीले किन नम्र भएर बोल्नुपर्छ<br>● नम्र भएर बोल्नुका फाइदा बताउनुहोस् ।<br>● विद्यार्थीले विद्यालय तथा घरमा नम्र भएर बोलेका आधारमा श्रेणीमापन फाराम भरेर अभिलेख | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | | राख्नुहोस् । | |
| | ● सुन्ने बानी बसाल्न<br>● एक मुख र दुई कानका प्रतीकात्मक अर्थ चिन्न | ● सुन्ने गरौँ (दुईओटा कान र मुखको प्रतीकात्मक अर्थ, सुन्ने बानीको विकास र यसको अनुसरण) | ● एउटा मुख र दुईओटा कानको प्रतीकात्मक अर्थ चिनाउने<br>● शिक्षकले सहकर्मी र विद्यार्थीका कुरा ध्यानपूर्वक सुन्ने र विद्यार्थीलाई पनि अनुसरण गर्न लगाउने<br>● सुन्ने बानीका फाइदा बताउने | ● एउटा मुख र दुईओटा कानका ठुलो चित्र तथा तस्बिर | प्रश्नोत्तर (लिखित प्रश्न)<br>उदाहरण<br>● हामीले किन अरुका कुरा ध्यानपूर्वक सुन्नुपर्छ ?<br>● विद्यार्थीले सहपाठी, शिक्षक-शिक्षिका, अभिभावक र अन्य व्यक्तिलाई ध्यानपूर्वक सुन्ने गरेका छन् कि छैनन् नियाली श्रेणीमापन फाराम भर्नुहोस् र अभिलेख राख्नुहोस् । | |
| | ● असल र खराब बानी चिन्न<br>● असल बानीलाई अनुसरण गर्न | ● असल आनीबानी (राम्रा र नराम्रा बानीका भेद, उदाहरण र दैनिक जीवनमा राम्रा बानीका अनुसरण) | ● असल र खराब बानी उदाहरण र दृष्टान्तसहित चिनाउने<br>● शिक्षकले असल काममात्र गर्ने र विद्यार्थीलाई पनि असल काम अनुसरण गर्न अभिप्रेरित गर्ने<br>● विद्यार्थीले असल काम गर्दा समूहमा स्याबासी दिने र गलत काम गरेको खण्डमा एक्लै ( समूहमा होइन) सम्झाउने | ● असल र खराब आनीबानी झल्काउने श्रव्यदृश्य सामग्री अथवा चित्र, चार्ट अथवा पोस्टर | प्रश्नोत्तर (लिखित प्रश्न)<br>उदाहरण<br>● कस्ता-कस्ता बानीलाई असल र खराब बानी भनिन्छ ? उदाहरण दिनुहोस् ।<br>● विद्यार्थीले गरेका असल आनीबानीलाई अवलोकन गर्दै श्रेणीमापन फाराम भर्नुहोस् र अभिलेख राख्नुहोस् । विद्यार्थीका आनीबानीमा सुधार भएको छ कि छैन पनि निरीक्षण गर्नुहोस् । | |
| **३. हाम्रो वरपर** | ● आफ्नो छिमेकी टोलका नाम चिन्न<br>● छिमेकी टोलको | ● हाम्रा छिमेकी टोल (आफ्नो छिमेकी टोलको सामान्य चिनारी जस्तैः बुखेल, | ● कस्ता टोललाई छिमेकी टोल भनिन्छ भनेर उदाहरणसहित चिनाउने<br>● शिक्षकले विद्यालय | ● विभिन्न टोलका नाम लेखिएका सूची, चार्ट अथवा पोस्टर | प्रश्नोत्तर (लिखित प्रश्न)<br>उदाहरण<br>● कस्ता टोललाई | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | सामान्य परिचय दिन | विमिरे, थली, डिमिन डाँडा, कम्राङ, थलदुम, कुकुर चिहान, बोल्दे, दार पाखा, पहरीबास, न्यासुर टोल, छेपारे डाँडा, फिर्के डाँडा, साहु टोल, पोल्सिङ, खानी डाँडा, सेती भिर, भसगाउँ, ओखलढुङ्गा टोल, गैरी गाउँ, दुर्लुङ, भैरव थुम, सिलिङ्गे, हुचिटार आदि) | रहेको टोलको छिमेकी टोल चिनाउने<br>● शिक्षकले आफू बसेको टोल र उक्त टोलको छिमेमी टोल चिनाउने<br>● विद्यार्थीलाई रमाइलो खेल खेलाउँदै आफ्नो टोलको नाम र छिमेकी टोलका नाम भन्न लगाउने<br>● छिमेकी टोलका बारेमा कम्तीमा तीनओटा तथ्य सिकाउने | | छिमेकी टोल भनिन्छ ? उदाहरण दिनुहोस् ।<br>● विद्यालय रहेको टोलको छिमेकी टोलहरू चिनाउनुहोस् ।<br>● छिमेकी टोलका बारेमा सानो एक अनुच्छेद लेख्नुहोस् । | |
| | ● घरपालुवा जनावर चिन्न<br>● घरमा अथवा महाङ्काल गाउँपालिकाका घरपालुवा जनावरका नाम भन्न | ● हाम्रा घरपालुवा जनावर (घरमा पालिने वा महाङ्काल गाउँपालिकामा पाइने विभिन्न घरपालुवा जनावरका चिनारी जस्तैः गाई, भैँसी, बाख्रा आदि) | ● घरमा पाल्ने जनावरहरू दृष्टान्त र उदाहरणसहित चिनाउने<br>● शिक्षकले आफ्नो घरमा पालिएका घरपालुवा जनावरहरू चिनाउने<br>● विद्यार्थीलाई उनीहरूको घरमा कुन-कुन जनावर पालिएका छन् भनेर सोध्ने, रमाइलो खेलको माध्यममार्फत भन्न लगाउने र सूची तयार पार्ने<br>● विद्यालय वरपर रहेका घरमा अवलोकन भ्रमण गर्ने/गराउने र त्यहाँ पालिएका विभिन्न जनावर चिनाउने<br>● महाङ्काल गाउँपालिकाका बासिन्दाले कुन-कुन जनावर पालेका छन् भनेर चिनाउने र सूची तयार पार्ने | ● घरपालुवा जनावरका चित्र अथाव तस्बिर<br>● अवलोकन भ्रमणका लागि आवश्यक पर्ने सामग्री | प्रश्नोत्तर (लिखित प्रश्न)<br><u>उदाहरण</u><br>● कस्ता जनावरलाई घरपालुवा जनावर भनिन्छ ? उदाहरण दिनुहोस् ।<br>● तपाइँको घरमा कुन-कुन जनावर पालिएका छन् ? नाम बताउनुहोस् ।<br>● तपाइँको छिमकीका घरमा कुन-कुन जनावर पालिएका छन् ?<br>● महाङ्काल गाउँपालिकाका मानिसले पालेका जनावरका नाम बताउनुहोस् ।<br>● अवलोकन भ्रमणका क्रममा विद्यार्थीले देखाएको सहभागिता तथा सक्रियताका आधारमा श्रेणीमापन फाराम भरेर अभिलेख | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | | राख्नुहोस् । | |
| | ● घर तथा छिमेकका खेतबारीमा फल्ने तरकारीका नाम भन्न<br>● महाङ्काल गाउँपालिकाका विभिन्न ठाउँमा हुने तरकारीका सूची तयार पार्न | ● हाम्रा तरकारी (घर, छिमेक र महाङ्काल गाउँपालिकाका खेतबारीमा फल्ने तरकारीको चिनारी जस्तैः आलु, पालुङ्गो, चम्सुर, रायो, तोरीको साग, मेथीको साग, काउली, बन्दा, वन तरुल, घर तरुल, आलु, बरेला, करेला, बकुल्ला, फर्सी, गाजर, मुला, सिस्नु, अल्लो, केराउ, सिमी, पिँडालु, निगुरो आदि) | ● विद्यार्थीलाई घर तथा छिमेकीका खेतबारी फल्ने तरकारी सोध्ने<br>● गर्मी र चिसो ठाउँमा हुने तरकारी चिनाउने<br>● महाङ्काल गाउँपालिका विभिन्न ठाउँ (लेक, बँसी, गर्मी, शितल) ठाउँमा फल्ने तरकारी चिनाउने<br>● भूगोल र हावापानीले तरकारी फल्ने अवस्थाका बारेमा विद्यार्थीलाई जानकारी दिने | ● महाङ्काल गाउँपाालिका का विभिन्न ठाउँमा फल्ने तरकारीका सूची उल्लेखित चार्ट वा पोस्टर | प्रश्नोत्तर (लिखित प्रश्न)<br><br>उदाहरण<br><br>● महाङ्काल गाउँपालिकाका फल्ने तरकारीका सूची तयार पार्नुहोस् ।<br>● भूगोल र हावापानीले तरकारी फलाउन कसरी फरक पार्छ ? उदाहरण दिनुहोस् ।<br>● तपाईंको खेतबारी रहेको ठाउँ गर्मी छ कि शीतल छ ? कुन-कुन तरकारी फल्छन् ? सूची तयार पार्नुहोस् । | |
| **४. हाम्रा काम र सिप** | ● सिपको अर्थ चिन्न<br>● परिवारका सदस्यसँग भएका सिप चिन्न | ● हाम्रा सिप (बुवा, आमा, हजुरबुवा, हजुरबुवा, हजुरआमा, काका, काकी, ठुलोबुवा, ठुलीआमा, फुपू, दाइ, दिदीले गर्ने मौलिक सिपको चिनारी जस्तैः डोको, नाङ्लो, डालो, हलो, जुवा, कोदालो, दराज, खाट, कुर्सी बनाउने, नाम्लो/दाम्लो/डोरी बाट्ने आदि) | ● कस्ता-कस्ता कामलाई सिप भनिन्छ भनेर उदाहरणसहित चिनाउने, उदाहरण दिँदा विद्यार्थीले पहिल्यै देखिसकेका सिपलाई ग्राह्यता दिने<br>● विद्यालय वरपर रहेका विभिन्न व्यक्तिसँग भएका सिप अवलोकन भ्रमणमार्फत चिनाउने<br>● विद्यार्थीलाई परिवारका सदस्यसँग भएका सिपका बारेमा सोध्ने र सूची तयार पार्ने | ● ग्रामीण मौलिक सिप झल्काउने चित्र, चार्ट तथा तस्बिर<br>● अवलोकन भ्रमणका लागि आवश्यक पर्ने सामग्री | प्रश्नोत्तर (लिखित प्रश्न)<br><br>उदाहरण<br><br>● कस्ता-कस्ता कामलाई सिप भनिन्छ ?<br>● तपाईंका घरका परिवारका सदस्यसँग भएका सिपहरूका नाम बताउनुहोस् ।<br>● तपाईंले मनपर्ने कुनै एउटा सिपको नाम भन्नुहोस् । किन मनपर्छ ? कारण पनि भन्नुहोस् । | |
| | ● खन्ने काम चिन्न<br>● खन्ने सिप सिक्न | ● खन्ने काम र सिप (खन्ने कामको चिनारी र खन्ने सिपका बारेमा जानकारी) | ● अवलोकन भ्रमण विधिको प्रयोग गरेर विद्यार्थीलाई विद्यालय वरपर खेतबारी खनेको दृश्य देखाउने | ● अवलोकन भ्रमणका लागि आवश्यक पर्ने सामग्री | प्रश्नोत्तर (लिखित प्रश्न)<br><br>उदाहरण<br><br>● खेतबारी किन | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | ● खेतबारी किन खनिन्छ भन्ने कारण बताउने<br>● खेतबारी खन्ने सिपका बारेमा बताउने जस्तै: कोदालोले खन्ने काम, हलो जोतेर खन्ने काम, ट्याक्टर लगाएर खन्ने काम<br>● खेतबारी खन्दा अपनाउनु पर्ने सावधानीका बारेमा पनि बताउने | ● कोदालो, हलो अथवा ट्याक्टरको चित्र | खनिन्छ ? कारण बताउनुहोस् ।<br>● खेतबारी खन्न कुन-कुन औजारको प्रयोग गरिन्छ ?<br>● खेतबारी खन्दा अपनाउनु पर्ने सावधानीका बारेमा बताउनुहोस् । | |
| | ● चकटी केबाट र कसरी बन्छ भनेर थाहा पाउन<br>● चकटीको प्रयोग चिन्न | ● मेरो सानो चकटी (चकटीको परिचय र यसको प्रयोग) | ● भौतिक चकटी देखाउने<br>● बालबालिकालाई घरमा चकटी छन् कि छैनन् भनेर सोध्ने<br>● चकटी केबाट बन्छ भनेर चिनाउने<br>● चकटी केका लागि प्रयोग गरिन्छ भनेर बालबालिकासँग अन्तरक्रिया गर्ने | ● चकटी | प्रश्नोत्तर (लिखित प्रश्न)<br>उदाहरण<br>● कुन-कुन सामानबाट चकटी बनाउन सकिन्छ ?<br>● चकटी केका लागि प्रयोग गरिन्छ ? बताउनुहोस् ।<br>● कहाँ-कहाँ चकटीको प्रयोग गर्न सकिन्छ ? | |
| | ● मौरीपालनका लागि चाहिने सिप चिन्न<br>● भविष्यमा मौरीपालन गर्ने सिप सिक्न | ● मौरी पाल्ने सिप ( मौरीपालन गर्न चाहिने सिपको सामान्य चिनारी) | ● विद्यार्थीलाई उनीहरूका घरमा मौरीको घार छन् कि छैनन् भनेर सोध्ने<br>● मौरीको घार भएको घरको अवलोकन भ्रमण गर्ने र मौरीपालनका लागि कस्ता-कस्ता सिप चाहिन्छन् भनेर प्रयोगात्मक विधिबाट सिकाउने<br>● मौरीपालनका विभिन्न फाइदाका बारेमा विद्यार्थीलाई बताउने | ● मौरीको घार र महको चित्र<br>● अवलोकन भ्रमणका लागि आवश्यक सामग्री | प्रश्नोत्तर (लिखित प्रश्न)<br>उदाहरण<br>● मौरीपालन गर्न कस्ता-कस्ता सिप चाहिन्छन् ? बुँदागत रूपमा उल्लेख गर्नुहोस् ।<br>● मौरीपालनका फाइदा भन्नुहोस् । | |
| **५. हाम्रा काम र आम्दानी** | ● काम र खानाको सम्बन्ध चिन्न<br>● खानाका लागि काम गर्नुपर्छ | ● काम र खाना (काम र खानाको सम्बन्ध बोध र खानका लागि अनिवार्य रूपमा | ● पैसा कसरी आउँछ भनेर विद्यार्थीलाई कामसँग पैसाको सम्बन्ध चिनाउने<br>● काम, पैसा र | ● काम र खानाको सम्बन्ध झल्कने चित्र अथवा पोस्टर | प्रश्नोत्तर (लिखित प्रश्न)<br>उदाहरण | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | भन्ने सिक्न | काम गर्नुपर्छ भन्ने चेतना) | खानाको सम्बन्ध चिनाउने, यसरी चिनाउनका लागि विद्यालय नजिकै रहेको कुनै एकजना किसानको अन्तर्वार्ता लिने र विद्यार्थीलाई दृष्टान्त र उदाहरणसहित चिनाउने<br>● खेतबारीमा फलेका विभिन्न खाद्यान्नबाली कसरी हुर्कन्छन् भनेर चिनाउने<br>● खानाका लागि अनिवार्य रूपमा काम/श्रम गर्नुपर्छ भनेर विद्यार्थीलाई सिकाउने | ● काम, पैसा र खानाको सम्बन्ध झल्किने तस्बिर | ● हाम्रा खानेकुरा कहाँबाट कसरी प्राप्त हुन्छ ?<br>● काम नगरी खेतबारीमा खाद्यान्न फल्छन् कि फल्दैनन् ?<br>● हामीलाई चाहिने खानेकुरा हामी के दिएर किन्छौँ ?<br>● पैसा कसरी कमाउन सकिन्छ ? | |
| | ● दलहन र तेलहन बालीको अर्थ थाहा पाउन<br>● घर, छिमेक र महाङ्काल गाउँपालिकाका विभिन्न ठाउँमा फल्ने दलहन र तेलहन बालीको सूची तयार पार्न | ● हाम्रा दलहन र तेलहन बाली (घर, छिमेक र महाङ्काल गाउँपालिकामा फल्ने दलहन तथा तेलहन बालीको चिनारी जस्तैः सिमी, बोडी, केराउ, मस्याङ, भटमास, तोरी, सस्यूँ आदि र आफूलाई चाहिने दाल/गेडागुडी र भुटन आफैँले उत्पादन गर्नुपर्छ भन्ने चेतना) | ● खेतबारीमा फलेका दलहन तथा तेलहन बाली चिनाउने अथवा चित्रमार्फत यी दुई बाली चिनाउने<br>● विद्यार्थीलाई उनीहरूको खेतबारी फलेका दलहन तथा तेलहन बालीका नाम सोध्ने<br>● विद्यार्थीलाई कुन-कुन दाल खाने गरेका छौ भनेर सोध्ने<br>● विद्यार्थीलाई तेल कसरी बन्छ भनेर उदाहरणसहित प्रष्ट पार्ने, सम्भव भएमा अवलोकन विधि अथवा श्रव्यदृश्यमार्फत बुझाउने<br>● महाङ्काल गाउँपालिकाका खेतबारीमा फल्ने दलहन तथा तेलहन बालीको सूची तयार पार्ने | ● दलहन तथा तेलहनबालीका चित्र अथवा श्रव्यदृश्य सामग्री<br>● अवलोकन भ्रमणका लागि आवश्यक पर्ने सामग्री | प्रश्नोत्तर (लिखित प्रश्न)<br><u>उदाहरण</u><br>● कुन-कुन दाल खानुभएको छ ?<br>● तपाईं तथा छिमेकीका खेतबारीमा फल्ने गेडागुडीका सूची तयार पार्नुहोस् ।<br>● छिमेकीका खेतबारीमा तेल निकाल्न मिल्ने कुन-कुन बाली लगाउने गरेको छन् ?<br>● महाङ्काल गाउँपालिकाका खेतबारीमा फल्ने दलहन तथा तेलहन बालीका नाम लेख्नुहोस् ।<br>● तपाईंको खेतबारीमा हुने दलहन तथा तेलहन बालीका तीन-तीनओटा दाना कक्षामा प्रस्तुत गर्नुहोस् । | |
| | ● मसला | ● हाम्रा मसला | ● विद्यालयको | ● विभिन्न | प्रश्नोत्तर (लिखित | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | बालीको अर्थ थाहा पाउन<br>● घर, छिमेक र महाङ्काल गाउँपालिकाका विभिन्न ठाउँमा हुने मसला बालीको सूची तयार पार्न | बाली (घर, छिमेक र महाङ्काल गाउँपालिकामा हुने मसला बालीको चिनारी जस्तैः धनियाँ, अदुवा, लसुन, प्याज, छ्यापी, मेथी आदि र आफूलाई चाहिने मसला आफैँ उत्पादन गर्नुपर्छ भन्ने चेतना) | चमेनागृहमा विद्यार्थीलाई लाने र मसलाहरू चिनाउने<br>● विद्यालयको चमेनागृहका कुन-कुन मसला महाङ्काल गाउँपालिकामा खेतबारीमा हुन्छन् र हुँदैनन् भनेर अवलोकन र उदाहरणसहित चिनाउने<br>● विद्यार्थीलाई विभिन्न मसलाबाली चिनाउने<br>● कुन-कुन मसलाबाली विद्यार्थीका खेतबारीमा उब्जन्छन् भनेर सोध्ने र सूची तयार पार्ने<br>● ती मसला कुन-कुन खाना बनाउँदा प्रयोग हुन्छन् भनेर बताउने र प्रयोगात्मक विधिबाट देखाउने | मसलाबाली अथवा मसलाबालीका चित्र | प्रश्न)<br>उदाहरण<br>● विद्यालयको चमेनागृहमा कुन-कुन मसला छन् ?<br>● तपाईंको अथवा छिमेकीका खेतबारीमा हुने मसलाबालीका नाम बताउनुहोस् ।<br>● महाङ्काल गाउँपालिकाका खेतबारीमा उब्जने मसलाबालीको नाम बताउनुहोस् ।<br>● महाङ्काल गाउँपालिकाका खेतबारीमा नहुने मसलाबालीका नाम बताउनुहोस् ।<br>● कुन-कुन मसला कुन-कुन खानेकुरामा प्रयोग हुन्छ ? | |
| | ● बियाँ, बिउबिजन चिन्न<br>● बियाँ, बिउबिजन जोगाउनुका कारण बताउन | ● हाम्रा बियाँ, बिउबिजन (खाद्यबालीको उब्जाउ, प्रयोग र बियाँ, बिउबिजन जोगाउनुपर्छ भन्ने रैथाने चेतनाको जानकारी) | ● बियाँ, बिउबिजन भनेको के हो भनेर उदाहरणसहित चिनाउने<br>● विभिन्न खाद्यान्न तथा फलफूलका बियाँ चिनाउने र चिन्न लगाउने<br>● बियाँ, बिउबिजन किन चाहिन्छ भनेर चिनाउने<br>● कसरी बियाँ, बिउबिजनबाट बोटबिरुवा हुर्किन्छन् भनेर प्रयोगात्मक विधिबाट चिनाउने<br>● हाम्रा बालीनालीका लागि बियाँको महत्व बताउने<br>● स्थानीयस्तरमा नै | ● महाङ्काल गाउँपालिकामा उब्जने खाद्यान्न तथा फलफूलका बियाँ<br>● बियाँ, बिउबिजनबाट बिरुवा हुर्केको र फल लागेको चार्ट अथवा पोस्टर | प्रश्नोत्तर (लिखित प्रश्न)<br>उदाहरण<br>● बियाँ भनेको के हो ?<br>● बियाँ कसरी बिउबिजन हुन्छ ?<br>● हामीलाई बाँच्न बियाँ किन चाहिन्छ ?<br>● महाङ्काल गाउँपालिकामा कुन-कुन खाद्यान्न तथा फलफूलका बियाँलाई बिउबिजनका रूपमा सुरक्षित | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | बियाँ, बिउबिजन किन संरक्षण गर्नुपर्छ भनेर बताउने<br>● चराचुरुङ्गी जङ्गली फलफूल खाएर बिस्ट्याउँदै कसरी बोटबिरुवा हुर्काउन सहयोग गर्छ भनेर बताउने | | राख्न सकिन्छ ?<br>● महाङ्काल गाउँपालिकामा पाइने विभिन्न खाद्यान्न तथा फलफूल बालीका बियाँ सङ्कलन गर्नुहोस् र कक्षाकोठामा प्रस्तुत गर्नुहोस् । | |
| **६. हाम्रा रमाइला ठाउँ र पाहुना** | ● बगैँचा चिन्न<br>● बगैँचा घुम्न | ● हाम्रा बगैँचा (घर र विद्यालयमा रहेका बगैँचाको चिनारी र घुम्न प्रेरणा) | ● विद्यालयमा रहेको अथवा विद्यालय नजिकैको कुनै घरको बगैँचाको भ्रमण गर्ने र बगैँचा चिनाउने<br>● विद्यार्थीलाई विभिन्न किसिमका बगैँचा चिनाउने जस्तैः फलफूल बगैँचा, फूलको बगैँचा, तरकारी बगैँचा, चिया अथवा कफीको बगैँचा आदि<br>● बगैँचा घुम्दा कस्तो महसुस भयो, के-के देख्यौ र के-के सिक्यौ भनेर सोध्ने<br>● बगैँचा घुम्नुपर्ने विभिन्न कारण बताउने<br>● विद्यार्थीलाई उनीहरूको घरमा कस्ता-कस्ता बगैँचा छन् भनेर सोध्ने | ● अध्ययन भ्रमणका लागि आवश्यक पर्ने सामग्री | प्रश्नोत्तर (लिखित प्रश्न)<br><u>उदाहरण</u><br>● बगैँचा भनेको के हो ?<br>● बगैँचाका प्रकार भन्नुहोस् ।<br>● तपाईंको घर अथवा छिमेकमा कस्ता-कस्ता किसिमका बगैँचा छन् ?<br>● बगैँचामा के-के देख्नुभयो ?<br>● बगैँचा घुम्दा तपाईंले के-के देख्नुभयो र सिक्नुभयो ? | |
| | ● आफ्नो टोल तथा गाउँमा रहेका वनभोज स्थल चिन्न<br>● वनभोज खान जान | ● हाम्रा वनभोज स्थल (वनभोज जाने चलनको चिनारी र आफ्नो टोल, गाउँ र महाङ्काल गाउँपालिकामा रहेका विभिन्न वनभोजस्थलको चिनारी जस्तैः भैरव थुम/सालघारी, विमिरे चौर, डढ्याखोर, खोरभञ्ज्याङ, सानाबास आदि) | ● विद्यालय नजिकै रहेको कुनै रमाइलो ठाउँमा विद्यार्थीलाई वनभोज खान लाने,<br>● वनभोजस्थलमा विभिन्न रमाइला खेल खेल्ने<br>● वनभोजस्थल वरपर रहेका रमाइला ठाउँ विद्यार्थीलाई चिनाउने<br>● वनभोज गइसकेपछि वनभोज गएको दिनको दैनिकीलाई बुँदामा लेख्न सिकाउने | ● वनभोज जान आवश्यक सामग्री | प्रश्नोत्तर (लिखित प्रश्न)<br><u>उदाहरण</u><br>● तपाईंले वनभोजस्थलमा के-के देख्नुभयो ?<br>● वनभोज जाँदा किन रमाइलो हुन्छ होला ? कारण बताउनुहोस् ।<br>● वनभोज जाँदाको दैनिकी | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | ● महाङ्काल गाउँपालिकामा रहेका विभिन्न वनभोजस्थल चिनाउने | | कक्षाकोठामा प्रस्तुत गर्नुहोस् । महाङ्काल गाउँपालिकामा रहेका विभिन्न वनभोजस्थलका नाम लेख्नुहोस् । | |
| | ● घरबास अर्थात होमस्टेको अर्थ थाहा पाउन<br>● घरबास अर्थात होमस्टे किन चाहिन्छ भनेर कारण थाहा पाउन | ● घरबास अर्थात होमस्टे (घरबास अर्थात होमस्टेको चिनारी र यसबाट आम्दानी गर्न सकिन्छ भन्ने चेतना) | ● विद्यालय नजिकै कुनै होमस्टे सञ्चालनमा छ भने उक्त होमस्टेको अवलोकन भ्रमण गर्ने र त्यहाँ भइरहेका क्रियाकलाप विद्यार्थीलाई देखाउने, अन्यथा श्रव्यदृश्य सामग्रीमार्फत होमस्टे चिनाउने<br>● होमस्टेको अर्थ र उदाहरण बताउने<br>● होमस्टेका फाइदा बताउने | ● श्रव्यदृश्य सामग्री वा अवलोकन भ्रमणका लागि आवश्यक पर्ने सामग्री | प्रश्नोत्तर (लिखित प्रश्न)<br>उदाहरण<br>● होमस्टे भनेको के हो ? उदाहरण दिनुहोस् ।<br>● तपाईंको घर अथवा विद्यालय वरपर कुनै होमस्टे छन् कि छैनन् ? छन् भने उक्त होमस्टे कस्ता-कस्ता क्रियाकलाप हुने गर्दछ ?<br>● होमस्टेका विभिन्न फाइदा बताउनुहोस् । फाइदा बुँदामा लेख्नुहोस् । | |
| **७. हाम्रा चलन** | ● आफ्नो मातृभाषा चिन्न<br>● मातृभाषालाई माया गर्न र मातृभाषामा बोल्न | ● घरमा बोलिने भाषा (घरमा बोलिने भाषाको चिनारी र मातृभाषालाई माया गर्नुपर्छ भन्ने चेतना) | ● सबै विद्यार्थीलाई पालैपालो घरमा बुवाआमा, हजुरबुवा-हजुरआमासँग कुन भाषामा बोल्ने गरिएको छ भनेर सोध्ने, यसरी सोध्दा सकेसम्म उनीहरूकै भाषामा सोध्ने<br>● घरमा बोलिने भाषालाई पनि माया गर्नुपर्छ, हेला गर्नुहुँदैन, बोल्दा लाज मान्नुहुँदैन भनेर प्रोत्साहन गर्ने<br>● केही नेपाली शब्द भन्दै ती शब्दलाई उनीहरूको भाषामा के भनिन्छ भनेर सोध्ने | ● मातृभाषामा अभिवादन लेखिएका चित्र अथवा पोस्टर | प्रश्नोत्तर (लिखित प्रश्न)<br>उदाहरण<br>● घरमा कुन भाषामा बोल्नुहुन्छ ?<br>● तपाईंको साथीहरूले घरमा कुन भाषामा बोल्नुहुन्छ ? पत्ता लगाउनुहोस् ।<br>● तपाईंको भाषामा फूल, चरा, जुन, घाम, खोला, पहाड, बारीलाई के-के भनिन्छ ? | |
| | ● साइनो चिन्न | ● हाम्रा साइनो- | ● प्रयोगात्मक तरिकाले | ● साइनो- | प्रश्नोत्तर (लिखित | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | ● दैनिक जीवनमा साइनो लगाउन | सम्बन्ध (साइनो-सम्बन्धको जानकारी, अभ्यास र दैनिक जीवनमा यसको प्रयोग) | साइनो-सम्बन्ध चिनाउने, यसका लागि विद्यार्थीलाई विभिन्न भूमिकामा उतार्ने<br>● साइनो लगाउन सिकाउने | सम्बन्ध झल्काउने चित्र, चार्ट अथवा पोस्टर | प्रश्न)<br>उदाहरण<br>● विद्यार्थीले लगाएको साइनो-सम्बन्धका आधारमा श्रेणीमापन फाराम भरेर अभिलेख राख्नुहोस् । | |

**कक्षा: ३**

| विषयक्षेत्र | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | शिक्षण सिकाइ क्रियाकलाप | शिक्षण सामग्री | मूल्याङ्कन प्रक्रिया | कार्यभार पाठ्यघण्टा |
|---|---|---|---|---|---|---|
| **१. हाम्रो बालसंसार** | ● साथीसँग मिलेर लुकामारी र टोपी लुकाइ खेल्न<br>● खेल खेल्दै कान र आँखाको काम र महत्व चिन्न | ● लुकामारी र टोपी लुकाइ (लुकामारी र टोपी लुकाइ खेलमार्फत कान र आँखाका काम चिन्ने अभ्यास) | ● विद्यार्थीलाई विभिन्न लुकामारी खेल्न सिकाउने र खेलाउने<br>● लुकामारी खेल्दा कुन-कुन अङ्गको भूमिका महत्वपूर्ण हुन्छन् भनेर बुझाउने<br>● लुकामारी खेल्दा आँखा र कानको भूमिका बताउने<br>● आँखा र कानको अन्य काम चिनाउने र सोध्ने | ● आँखा र कानको ठुलो चित्र अथवा तस्बिर | प्रश्नोत्तर (लिखित प्रश्न)<br>उदाहरण<br>● लुकामारी खेल्दा आँखा र कानले कसरी सहयोग गर्छ ? बताउनुहोस् ।<br>● विद्यार्थीले लुकामारी खेल्न देखाएका सहभागिता र सक्रियताका आधारमा श्रेणीमापन फाराम भरेर अभिलेख राख्नुहोस् । | |
| | ● बालगीतमा नाच्न<br>● बालगीत अनुसार हाउभाउसहित नाच्न | ● हाम्रा रमाइला नाच (हाउभाउसहितको बाल नाचको चिनारी जस्तै हात, गोडा, आँखा, मुख र शरीरका विभिन्न अङ्गका चाल) | ● बालबालिकालाई वयस्क मानिसका लागि लेखिएका गीतमा होइन, उनीहरूकै उमेरअनुसार लेखिएका गीतमा नाच्नुपर्छ भनेर बुझाउने<br>● विभिन्न बालगीतमा विभिन्न हाउभाउसहित नाच्न सिकाउने | ● बालगीतहरू | प्रश्नोत्तर (लिखित प्रश्न)<br>उदाहरण<br>● बालगीतमा हाउभाउसहित नाच्न देखाएको सक्रियता र नाचेको आधारमा श्रेणीमापन फाराम भरेर अभिलेख राख्नुहोस् । | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | र शिक्षक पनि नाच्ने | | | |
| **२. हाम्रा असल आनीबानी** | ● राम्रोसँग बोल्न<br>● कुनै विषयमा आफूलाई लागेको कुरा बताउन | ● म पनि बोल्छु (बोल्ने बानीको अभ्यास र विकास) | ● विद्यार्थीलाई कक्षाकोठामा र विद्यालयको बिहानीसभा क्रमशः बोल्न लगाउने, यसका लागि विभिन्न शीर्षक दिने<br>● समूहको अगाडि कसरी बोल्नुपर्छ भनेर शिक्षकले सहजीकरण गरिदिने<br>● आफूलाई लागेको धक नमानी शोभनीय तरिकाले बोल्नुपर्छ सिकाउने<br>● विद्यार्थीले बोल्दा किन बोलेको ? भनेर नहप्काउने, यसरी हप्काउँदा विद्यार्थीले आत्मविश्वास गुमाउँछ | ● विद्यार्थीले विद्यालयको बिहानीसभामा बोल्दै गरेको श्रव्यदृश्य सामग्री | प्रश्नोत्तर (लिखित प्रश्न)<br><u>उदाहरण</u><br>● विद्यार्थीले कक्षाकोठामा र विद्यालयको बिहानीसभामा बोल्दा देखाएको सक्रियता र सिप विकासलाई मध्यनजर गर्दै श्रेणीमापन फाराम भरेर अभिलेख राख्नुहोस् । | |
| | ● आत्मविश्वासका साथ बोल्न<br>● अभिव्यक्ति कला सिक्न | ● आत्मविश्वासका साथ कसरी बोल्ने ? ( आत्मविश्वासका साथ बोल्ने बानीको अभ्यास, विकास र कला) | ● विद्यार्थीलाई बोल्नुभन्दा अगाडि नाकबाट लामो सास लिन र मुखबाट सास फाल्न लगाउने, यो प्रक्रिया नौ/दशपल्ट दोहोऱ्याउन लगाउने<br>● आफूले बोल्नु पर्ने विषमा राम्रो तयारी गर्न र सिलसिला मिलाउन चिर्कटोमा बुँदा तयार पार्न लगाउने<br>● बोल्दाखेरि आँखाले कता र कसरी हेर्नुपर्छ भनेर सिकाउने<br>● शरीरको अवस्था | ● कार्यक्रम तथा बिहानीसभामा बोल्नका लागि आवश्यक पर्ने सामग्री जस्तैः पोडिएम, माइक आदि | प्रश्नोत्तर (लिखित प्रश्न)<br><u>उदाहरण</u><br>● विद्यार्थीले आत्मविश्वासका बोले नबोलेको यकिन गरेर श्रेणीमापन फाराम भर्नुहोस् र अभिलेख राख्नुहोस् । | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | कस्तो हुनुपर्छ भनेर सिकाउने<br>● वक्तृत्व कला र वादविवाद प्रतियोगिताको आयोजना गर्दै बोल्न अभिप्रेरित गरिरहने | | | |
| | ● असल हुन<br>● भविष्यमा असल नागरिक हुन | ● ठुलो होइन असल बनौँ (ठुलो होइन असल बन्ने प्रेरणा) | ● ठुलोभन्दा असल हुनुपर्छ भनेर दृष्टान्त तथा उदाहरणसहित सिकाउने<br>● कतिपय ठुला मानिस पनि असल हुन सक्दैनन् भन्ने दृष्टान्त तथा उदाहरण दिने<br>● बालबालिकालाई असल हुन अभिप्रेरित गरिरहने<br>● बालबालिकाले असल बानीलाई अनुसरण गरेमा समूहमा स्याबासी दिने, गलत गरेमा एक्लै सम्झाउने | ● असल बानीसँग सम्बन्धित चित्र तथा चार्ट | प्रश्नोत्तर (लिखित प्रश्न)<br>उदाहरण<br>● विद्यार्थीको नियमित क्रियाकलापलपलाई मध्यनजर गर्दै असल कार्य गरे नगरेको यकिन गरेर श्रेणीमापन फाराम भर्नुहोस् र अभिलेख राख्नुहोस् । | |
| **३. हाम्रो वरपर** | ● आफ्नो गाउँ चिन्न<br>● आफ्नो गाउँको परिचय दिन | ● हाम्रा गाउँ (आफ्नो गाउँको सामान्य चिनारी जस्तैः मानिखेल, बुखेल, गोटीखेल, कालेश्वर, चन्दनपुर र ठुलादुर्लुङ) | ● शिक्षकले आफ्नो गाउँको नाम बताउने<br>● शिक्षकले महाङ्काल गाउँपालिकामा रहेका ६ ओटा ठुला गाउँ (वडा) का नक्सामार्फत चिनाउने र सम्भव भए कुनै ठाउँबाट अवलोकन गर्ने<br>● विद्यार्थीलाई उनीहरूको गाउँको नाम सोध्ने<br>● विद्यार्थीलाई उनीहरूको गाउँको पाँचओटा | ● गाउँपालिकाको ६ ओटा वडाका नाम लेखिएको नक्सा | प्रश्नोत्तर (लिखित प्रश्न)<br>उदाहरण<br>● तपाईंको गाउँको नाम के हो ?<br>● महाङ्काल गाउँपालिकामा कतिओटा ठुला वडा र गाउँ रहेका छन् ? क्रमशः बताउनुहोस् ।<br>● आफ्नो गाउँको बारेमा पाँचओटा विशेषता बुँदामा लेख्नुहोस् । | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | विशेषता बताउने र ती विशेषताका आधारमा एक छोटो अनुच्छेद लेख्न लगाउने | | | |
| | ● जङ्गली पशुपन्छी चिन्न<br>● महाङ्काल गाउँपालिकाका वनजङ्गलमा पाइने पशुपन्छीको सूची तयार पार्न | ● हाम्रा जङ्गलमा पाइने पशुपन्छी (महाङ्काल गाउँपालिकाको वनजङ्गलमा पाइने विभिन्न जङ्गली जनावरको सामान्य चिनारी जस्तैः बाँदर, मृग, दुम्सी, घोरल, स्याल, ढेडु, चितुवा, बँदेल, मलसाँप्रो, भालु, ढुक्कुर, काँडे भ्याकुर, गौँथली, परेवा, सारौँ, सुगा, कौवा, फिस्टे, जुरेली, भङ्गेरा, लामपुच्छ्रे, भद्राई, हुचिल, बाज, चिबे, कालिज, लाटोकोसेरो, वनकुखुरा, कोकले, पिटचिल, कोल्कोले, तार्के, चमेरा, हलेसो आदि) | ● कस्तो पशुपन्छीलाई जङ्गली पशुपन्छी भनेर दृष्टान्त र उदाहरणसहित चिनाउने<br>● विद्यार्थीलाई कुन-कुन जङ्गली पशुपन्छी देखेका छौ भनेर सोध्ने र सूची तयार पार्ने<br>● अवलोकन विधिको प्रयोग गरेर जङ्गली चराचुरुङ्गी र नाम चिनाउने<br>● महाङ्काल गाउँपालिकामा पाइने विभिन्न पशुपन्छीका नाम बताउने र सूची तयार पार्ने<br>● ती पशुपन्छी चिन्न सकेसम्म विद्यार्थीलाई ती पशुपन्छीको अभिनय गर्न लगाउने र आवाज निकाल्न लगाउने, अभिनय गर्न र आवाज निकाल्न शिक्षकले सहजीकरण गर्ने | ● अवलोकन भ्रमणका लागि आवश्यक पर्ने सामग्री<br>● महाङ्काल गाउँपालिकामा पाइने जङ्गली पशुपन्छीको नामसहितको चित्र अथवा पोस्टर | प्रश्नोत्तर (लिखित प्रश्न)<br><u>उदाहरण</u><br>● कस्ता जीवजन्तुलाई जङ्गली पशुपन्छी भनिन्छ ? उदाहरण दिनुहोस् ।<br>● तपाईँले कुन-कुन जङ्गली पशुपन्छी देख्नुभएको छ ?<br>● महाङ्काल गाउँपालिकामा पाइने पशुपन्छीका नाम भन्नुहोस् ।<br>● जङ्गली पशुपन्छीको आवाज चिनेको छ कि छैन यकिन गरेर श्रेणीमापन फाराम भर्नुहोस् र अभिलेख राख्नुहोस् । | |
| | ● घर तथा छिमेकीका खेतबारीमा फल्ने फलफूल चिन्न<br>● महाङ्काल गाउँपालिकाका विभिन्न ठाउँमा | ● हाम्रा फलफूल (आफ्नो, छिमेकीको र महाङ्काल गाउँपालिकाको विभिन्न ठाउँमा फल्ने फलफूलको चिनारी जस्तैः स्याउ, लप्सी, | ● शिक्षकले आफ्नो र छिमेकीका खेतबारीमा फल्ने फलफूलका नाम बताउने<br>● विद्यार्थीलाई उनीहरूको र छिमेकीका | ● महाङ्काल गाउँपालिकाको ६ ओटा वडासहितको नक्सा<br>● उक्त नक्साभित्रका वडामा त्यहाँ | प्रश्नोत्तर (लिखित प्रश्न)<br><u>उदाहरण</u><br>● तपाइँ र छिमेकीका खेतबारीमा फल्ने फलफूलका नाम | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | फल्ने फलफूलका सूची तयार पार्न | आलुबखाडा, आरु, नास्पाती, केरा, भुइँकटहर, रुख कटहर, सुन्तला, कागती, निबुवा, एभोकाडो, आँप, किम्बु आदि) | खेतबारीमा कुन-कुन फलफूल फल्छन् भनेर सोध्ने र सूची तयार पार्ने<br>● चिसो र गर्मी ठाउँमा फल्ने फलफूल चिनाउने<br>● महाङ्काल गाउँपालिकाको विभिन्न ठाउँमा फल्ने फलफूल चिनाउने र फलफूल फलेको आधारमा कुन ठाउँमा शीतल र गर्मी हुन्छ भनेर चिनाउने | फल्ने फलफूलका चित्र | बताउनुहोस् ।<br>● महाङ्काल गाउँपालिकाका खेतबारीमा फल्ने फलफूलको सूची तयार पार्नुहोस् ।<br>● महाङ्काल गाउँपालिकाको कुन-कुन वडामा कुन-कुन फलफूल फल्छन् ? बताउनुहोस् ।<br>● फलफूल फलेका आधारमा महाङ्काल गाउँपालिकाका कुन-कुन ठाउँ शीतल र गर्मी ठाउँ हुन् ? | |
| **४. हाम्रा काम र सिप** | ● स्थानीय औजार र प्रविधिको अर्थ चिन्न<br>● टोल, गाउँ तथा महाङ्काल गाउँपालिकाका मा चलनमा रहेका स्थानीय औजार र प्रविधिको नाम भन्न | ● हाम्रा स्थानीय औजार र प्रविधि (हाम्रा गाउँघरमा चलनमा रहेका विभिन्न औजार र प्रविधिको चिनारी जस्तैः हँसिया, कुटो, कोदालो, नाम्लो, दाम्लो, डोरी, चिम्टा, ढुङ्ग्रो, ओदान, घापे, खुर्पेटो, मदानी, ठेकी, पिरा/पिर्का, चकटी, सुकुल/गुन्द्री आदि) | ● विद्यार्थीलाई अवलोकन विधिमार्फत विद्यालय नजिकै रहेका घरहरूमा कुन-कुन औजार र प्रविधि प्रयोग गरिएका छन् भनेर चिनाउने,<br>● अवलोकनका क्रममा भेटिएका औजार र प्रविधिले कुन-कुनकाममा सहयोग गर्छ भनेर बताउने<br>● विद्यार्थीहरूलाई उनीहरूको घर, टोल र गाउँमा कुन-कुन औजार र प्रविधि प्रयोग भइरहेका छन् भनेर खोज्न लगाउने<br>● महाङ्काल गाउँपालिकामा कुन-कुन औजार र प्रविधि छन् भनेर चिनाउने | ● अवलोकन भ्रमणका लागि आवश्यक पर्ने सामग्री | प्रश्नोत्तर (लिखित प्रश्न)<br><br>उदाहरण<br><br>● अवलोकन भ्रमणका क्रममा औजार र प्रविधि देखाउँदै ती औजार र प्रविधिका नाम र काम सोध्नुहोस् ।<br>● तपाईंको घर, टोल र गाउँका कुन-कुन औजार र प्रविधि प्रयोग भइरहेका छन् ?<br>● महाङ्काल गाउँपालिकामा पाइने औजार र प्रविधिका सूची तयार पार्नुहोस् । | |
| | ● कुटो चिन्न<br>● कुटोको काम चिन्न | ● मेरो सानो कुटो (कुटोको परिचय र यसको प्रयोग) | ● प्रयोगात्मक तरिकाले कुटो चिनाउने | ● अवलोकन भ्रमणका लागि आवश्यक पर्ने | प्रश्नोत्तर (लिखित प्रश्न) | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | ● कुटो काम र कहाँ बन्छ भनेर चिनाउने, आरनमा कुटो, कोदालो बन्दै गरेको देखाउने, सम्भव नभएमा श्रव्यदृश्य सामग्रीको माध्यमबाट देखाउने<br>● कुटोले गर्ने काम चिनाउने | सामग्री<br>● कुटो | उदाहरण<br>● कुटो कहाँ र कसरी बन्छ ?<br>● कुटोको काम बताउनुहोस् ।<br>● कुटोका बारेमा एउटा सानो अनुच्छेद तयार पार्नुहोस् । | |
| | ● चकटी बुन्ने सिप चिन्न<br>● चकटी बुन्नका लागि जिज्ञासु बन्न | ● चकटी बुन्ने सिप (चकटी बुन्ने सिपको जानकारी र सिप सिक्न उत्प्रेरणा) | ● चकटी बुन्दै गरेको दृश्य देखाउने, सम्भव नभएमा श्रव्यदृश्य सामग्रीमार्फत देखाउने<br>● चाकटी कसरी बन्दो रहेछ भनेर चिनाउने<br>● चकटी कहाँ-कहाँ प्रयोग हुन्छ भनेर बताउने | ● अवलोकन भ्रमणका लागि आवश्यक पर्ने सामग्री अथवा चकटी बुन्दै गरेको श्रव्यदृश्य सामग्री<br>● चकटी | प्रश्नोत्तर (लिखित प्रश्न)<br>उदाहरण<br>● चकटी केबाट बन्छ ?<br>● चकटीका विशेषता र काम उल्लेख गर्दै यसका बारेमा एउटा सानो अनुच्छेद तयार पार्नुहोस् । | |
| | ● मौरीपालनका लागि चाहिने सामान चिन्न<br>● भविष्यमा मौरीपालन गर्न | ● मौरीपालनका लागि सामान (मौरीपालन गर्न चाहिने विभिन्न सामानको चिनारी जस्तैः डुँड, घार, फ्रेम, क्वीनगेट, फ्रेम, पञ्जा, जालीदार टोपी आदि) | ● मौरीपालन गरेको ठाउँमा विद्यार्थीलाई अवलोकन भ्रमण लागि लाने<br>● मुढे घार र आधुनिक घार देखाउने<br>● आधुनिक घारमा प्रयोग हुने क्वीनगेट, फ्रेम, पञ्जा, जालीदार टोपी आदि चिनाउने<br>● भविष्यमा मौरीपालन गर्न बालबालिकालाई अभिप्रेरित गर्न मौरीपालनका रोचक तथ्य र फाइदा बताउने साथै मह चखाउने | ● अवलोकन भ्रमणका लागि आवश्यक पर्ने सामग्री | प्रश्नोत्तर (लिखित प्रश्न)<br>उदाहरण<br>● कस्तो घारलाई मुढे घार भनिन्छ ? उदाहरण दिनुहोस् ।<br>● कस्तो घारलाई आधुनिक घार भनिन्छ ? उदाहरण दिनुहोस् ।<br>● मौरीपालनका लागि कुन-कुन सामान चाहिन्छ ?<br>● क्वीनगेट भनेको के हो ? क्वीनगेट चिनाउनुहोस् ।<br>● मौरीपालन गर्दा जालीजार टोपी किन चाहिन्छ ? | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| **५. हाम्रा काम र आम्दानी** | • विभिन्न पेसा चिन्न<br>• पेसाको महत्व चिन्न | • हाम्रा विभिन्न पेसा (आम्दानी/खानाका लागि गरिने विभिन्न काम/पेसाको जानकारी र सबै कामको महत्व बोध) | • ग्रामीण परिवेशमा हुने कामका आधारमा विभिन्न पेसा चिनाउनुहोस् जस्तैः डकर्मी, सिकर्मी, कृषक आदि<br>• विभिन्न पेसाका मानिसले गर्ने विभिन्न काम चिनाउने<br>• शिक्षकले आफ्नो परिवारका सदस्यले गर्ने विभिन्न पेसा र काम चिनाउने<br>• विद्यार्थीलाई उनीहरूका परिवारका सदस्यले गर्ने पेसा र काम चिनाउने<br>• सबै कामको उदेश्य आम्दानी गर्नु हो भनेर दृष्टान्त र उदाहरणसहित चिनाउने | • ग्रामीण पेसासँग सम्बन्धित चार्ट तथा पोस्टर | प्रश्नोत्तर (लिखित प्रश्न)<br><u>उदाहरण</u><br>• तपाइँका परिवारका सदस्यका पेसा र काम बताउनुहोस् ।<br>• तपाइँको टोल अथवा गाउँका मानिसका पेसा र काम बताउनुहोस् ।<br>• काम र आम्दानीबिच कस्तो सम्बन्ध छ होला ? यसको बारेमा एक छोटो अनुच्छेद तयार पार्नुहोस् । | |
| | • कृषि औजार चिन्न<br>• कृषि औजारको महत्व चिन्न | • हाम्रा कृषि औजार (कृषि कर्ममा प्रयोग हुने विभिन्न कृषि औजारको चिनारी र ती औजारका कामका बारेमा जानकारी जस्तैः हँसिया, कोदालो, हलो, जुवा आदि) | • कृषि औजार भनेको के हो भनेर चिनाउने जस्तैः घाँस काट्न, खेतबारी जोत्न प्रयोग हुने कृषि औजार<br>• ती कृषि औजारले गर्ने काम पनि अवलोकन विधिमार्फत चिनाउने<br>• विद्यार्थीलाई उनीहरूको घरमा कुन-कुन कृषि औजार छन् भनेर सोध्ने र सूची तयार पार्ने<br>• कृषि औजारको महत्व बताउने | • विभिन्न कृषि औजार | प्रश्नोत्तर (लिखित प्रश्न)<br><u>उदाहरण</u><br>• कृषि औजार देखाउँदै ती कृषि औजारका नाम र काम भन्न लगाउनुहोस् ।<br>• कृषि औजारको महत्वका बारेमा एक छोटो अनुच्छेद तयार पार्नुहोस् । | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | ● पशुधनको अर्थ थाहा पाउन<br>● पशुधनबाट हुने आम्दानी चिन्न | ● हाम्रो पशुधन (पशु नै धन हो भन्ने चेतना, पशु हेरचाह र यसबाट हुने आम्दानीको जानकारी) | ● पशु भनेको के हो भनेर चिनाउने<br>● पशुबाट के-के फाइदा लिन सकिन्छ भनेर बताउने<br>● पशुबाट विभिन्न चिज प्राप्त गर्न सकिने र आम्दानी पनि गर्न सकिने भएकोले ग्रामीण परिवेशमा पशु नै धन हो भनेर चिनाउने र पशुको हेरचाह जरुरी छ भनेर दृष्टान्त तथा उदाहरण दिने<br>● पशुबाट कसरी आम्दानी लिन सकिन्छ भनेर अवलोकन विधिको प्रयोग गरेर प्रयोगात्मक तरिकाले चिनाउने<br>● विद्यार्थीलाई उनीहरूको घरम कुन-कुन पशु पालिएका छन् भनेर सोध्ने, त्यसबाट के-के फाइदा भएका छन् भनेर सोध्ने जस्तैः मल, दुध, अण्डा आदि | ● अवलोकन भ्रमणका लागि आवश्यक पर्ने सामग्री<br>● पशुबाट लिन सकिने फाइदा झल्काउने चार्ट अथवा पोस्टर | प्रश्नोत्तर (लिखित प्रश्न)<br><u>उदाहरण</u><br>● गाउँका मानिसका लागि पशु नै किन धन हो ? कारण बताउनुहोस् ।<br>● तपाईंको घरमा कुन-कुनपशु पालिएका छन् ? ती पशुबाट के-के फाइदा लिनुभएको छ ?<br>● हामीले पशुबाट क- के फाइदा लिन सकिन्छ ? बताउनुहोस् ।<br>● दुध, दही, घ्यू, खुवा कहाँबाट प्राप्त हुन्छ ?<br>● मासु कसरी र कहाँबाट प्राप्त हुन्छ ?<br>● अण्डा कसरी प्राप्त हुन्छ ? | |
| | ● पत्कर र सोतर चिन्न<br>● मल बन्ने प्रक्रिया थाहा पाउन | ● पत्कर, सोतर र मल (पत्कर, सोतर र मलबिचको सम्बन्ध अर्थात मल बन्ने प्रक्रियाको जानकारी) | ● पत्कर र सोतर अवलोकन विधिमार्फत चिनाउने<br>● पत्कर र सोतर कसरी मल बन्छ भनेर देखाउने<br>● विद्यार्थीलाई उनीहरूको घरमा गाईभैंसी छन् कि छैनन् सोध्ने<br>● मल केका लागि प्रयोग हुन्छ र किन चाहिन्छ | ● अवलोकन भ्रमणका लागि आवश्यक पर्ने सामग्री | प्रश्नोत्तर (लिखित प्रश्न)<br><u>उदाहरण</u><br>● पत्कर र सोतर भनेको के हो ? चिनाउनुहोस् ।<br>● पत्कर र सोतर कसरी मल बन्छ ? उदाहरण दिनुहोस् ।<br>● मल केका लागि प्रयोग हुन्छ र | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | भनेर बताउने | | मल किन चाहिन्छ होला ? | |
| **६. हाम्रा रमाइला ठाउँ र पाहुना** | ● चिया र कफी बगान चिन्न<br>● यस्ता बगानको पर्यटकीय महत्व थाहा पाउन | ● चिया र कफी बगान (महाङ्काल गाउँपालिकामा रहेका चिया र कफी बगानको परिचय जस्तैः कालेश्वरमा रहेको चिया बगान, ठुलादुर्लुङमा रहेको कफी बगान आदि) | ● कफी र चियापत्तीको धुलो चिनाउने<br>● बगानको अर्थ बताउने<br>● सम्भव भएमा चिया र कफी बगानमा लगेर अवलोकन भ्रमण गर्ने, सम्भव नभएमा श्रव्यदृश्य सामग्रीमार्फत यी दुई बगान चिनाउने<br>● चिया र कफी बगानमा मानिसहरू टाढा-टाढाबाट तस्बिर खिच्न र रम्न आउँछन् भन्ने दृष्टान्त प्रस्तुत गर्ने<br>● टाढा-टाढाबाट चिया तथा कफी बगानमा रम्न र तस्बिर खिच्न आउँदा बगान वरिपरिका होटल, खाजाघर तथा पसलमा व्यायार हुने दृष्टान्त तथा उदाहरण प्रस्तुत गर्ने<br>● कतिपय मानिस चिया र कफीको स्वाद चाख्न आउँछन् भनेर पनि दृष्टान्त तथा उदाहरण दिने | ● अवलोकन भ्रमणका लागि आवश्यक पर्ने सामग्री<br>● चिया र कफी बगानसँग सम्बन्धित श्रव्यदृश्य सामग्री | प्रश्नोत्तर (लिखित प्रश्न)<br><u>उदाहरण</u><br>● बगान भनेको के हो ?<br>● कुन-कुन बगैँचालाई चिया र कफी बगान भनिन्छ ?<br>● मानिसहरू चिया र कफी बगानमा के गर्न आउँछन् होला ?<br>● चिया र कफी बगानले गर्दा बगान वरिपरिका पसल, होटल र खाजाघरलाई कसरी फाइदा हुन्छ ? सूची तयार पार्नुहोस् । | |
| | ● टोल, गाउँ र महाङ्काल गाउँपालिकामा रहेका अग्ला डाँडा चिन्न<br>● यस्ता अग्ला डाँडाका पर्यटकीय महत्व | ● हाम्रा अग्ला डाँडा (टोल, गाउँ र महाङ्काल गाउँपालिकामा रहेका अग्ला डाँडाको चिनारी जस्तैः विमिरे चौर, बुर्जाको डाँडा, | ● विद्यालयको आँगनबाट अग्ला अग्ला डाँडा देखाउने र ती अग्ला डाँडाका नाम चिनाउने<br>● अग्ला डाँडामा बसेर हेर्दा सबै | ● अवलोकन भ्रमणका लागि आवश्यक पर्ने सामग्री<br>● महाङ्काल गाउँपालिकाका अग्ला डाँडाका तस्बिर अथवा | प्रश्नोत्तर (लिखित प्रश्न)<br><u>उदाहरण</u><br>● अग्ला डाँडामा बसेर हामीले के-के हेर्न र देख्न | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | थाहा पाउन | रमिते, कालेश्वर, गढीभञ्ज्याङ, खोर भञ्ज्याङ, मृग बिसौनी आदि) | धेरै ठाउँहरू हेर्न र देख्न सकिन्छ भन्ने बुझाउन विद्यार्थीलाई अग्ला डाँडामा लाने र दृश्यावलोकन गराउने<br>● अग्ला डाँडा नै हाम्रा प्राकृतिक भ्युटावर हुन् भनेर चिनाउने<br>● महाङ्काल गाउँपालिकामा रहेका अग्ला अग्ला डाँडा र ती डाँडाका नाम चिनाउने | श्रव्यदृश्य सामग्री | सकिन्छ होला ?<br>● तपाईंको घर अथवा विद्यालय नजिकै रहेका डाँडाका नाम भन्नुहोस् ।<br>● अग्ला डाँडालाई किन प्राकृतिक भ्युटावर भनिएको होला ?<br>● महाङ्काल गाउँपालिकामा रहेका अग्ला डाँडाका नाम भन्नुहोस् । | |
| | ● पदयात्रा र पदमार्गको अर्थ थाहा पाउन<br>● पदमार्गको पर्यटकीय महत्व थाहा पाउन | ● पदयात्रा र पदमार्ग (पदयात्रा र पदमार्गको परिचय, महाङ्काल गाउँपालिकामा यसको सम्भावना र पदमार्गको विकासमार्फत आन्तरिक पर्यटनको प्रवर्द्धन) | ● विद्यार्थीलाई कुनै रमणीयस्थलसम्म हिँडाएर लाने र पदयात्रा र पदमार्गको अर्थ प्रयोगात्मक तरिकाबाट बुझाउने<br>● पदयात्रा गर्दा विद्यार्थीलाई बोटबिरुवा तथा चराचुरुङ्गी चिनाउने<br>● मानिसहरू किन पदयात्रा गर्न आउँछन् भनेर बताउने<br>● महाङ्काल गाउँपालिकाका कुन-कुन ठाउँमा पदयात्रा गर्न सकिन्छ भनेर बताउने<br>● पदयात्राले गर्दा कसरी गाउँका पसल, खाजाघर र होटललाई फाइदा हुन्छ भनेर बताउने | ● पदयात्राका लागि आवश्यक पर्ने सामग्री | प्रश्नोत्तर (लिखित प्रश्न)<br><u>उदाहरण</u><br>● कुन ठाउँबाट पदयात्रा सुरु गर्नुभएको थियो र कुन ठाउँमा पुग्नुभयो ?<br>● पदयात्रा भनेको के होला ? उदाहरण दिनुहोस् ।<br>● पदमार्ग भनेको के होला ? उदाहरण दिनुहोस् ।<br>● पदयात्राको बेलामा बाटोमा तपाईंले के-के देख्नुभयो ?<br>● पदयात्राको बेलामा तपाईंले के-के किन्नुभयो ? | |
| **७. हाम्रा चलन** | ● दैनिक जीवनमा लगाउने लुगा चिन्न<br>● विशिष्ट | ● हाम्रा मौलिक लुगा (दैनिक जीवनमा प्रयोग हुने र विशिष्ट अवसरमा | ● विद्यालय नजिकैका घरहरूमा लगेर स्थानीय | ● अवलोकन भ्रमणका लागि आवश्यक पर्ने सामग्री | प्रश्नोत्तर (लिखित प्रश्न) | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | अवसरमा लगाउने लुगा चिन्न | प्रयोग हुने हाम्रा लुगाका नाम जस्तैः न्याले, भोटो, सुरुवाल, जामा, लुङ्गी, गुन्यू, चोलो, दौरा, सुरुवाल, इस्टकोट, टोपी, गलबन्दी, पटुकी, सर्ट, प्यान्ट, कोट, सारी आदि) | बालबालिकाले र स्थानीय बासिन्दाले लगाउने लुगा र नाम चिनाउने<br>● चाड, पर्व, मेला, जात्राका बेलामा लगाउने लुगा र नाम चिनाउने<br>● विद्यार्थी र शिक्षकले विद्यालयमा आउँदा लगाउने लुगा र नाम चिनाउने<br>● विद्यार्थीलाई उनीहरू धेरै सानो हुँदा लगाउने न्यालेका बारेमा बताउने | | उदाहरण<br>● घरमा परिवारका सदस्यले लगाउने लुगाका नाम भन्नुहोस् ।<br>● चाड, पर्वका बेलामा तपाईंले कुन-कुन लगाउनुहुन्छ ?<br>● चाड, पर्वका बेलामा परिवारका सदस्यले कुन-कुन लुगा लगाउनुहुन्छ ?<br>● तपाईं सानो हुँदा न्याले लगाउनुभएको थियो कि थिएन ?<br>● न्यालेको काम के हो ? | |
| | ● पाहुना चिन्न<br>● पाहुनालाई सत्कार गर्न | ● हाम्रा पाहुना (पाहुनाको चिनारी, पाहुनालाई सम्मान गर्ने हाम्रो चलनको चिनारी र दैनिक जीवनमा पाहुनालाई सम्मान गर्ने अभ्यास) | ● कसलाई पाहुना भनिन्छ भनेर चिनाउने<br>● विद्यालयमा कतैबाट कोही पाहुना आउनुभएको छ भने अभिवादन गर्न र एक गिलास पानी दिन विद्यार्थीलाई लगाउने<br>● पाहुनासँग नलजाई र धक नमानी विनम्रसँग बोल्न सिकाउने र दैनिक जीवनमा अभ्यास गर्न लगाउने | ● एक गिलास पानी | प्रश्नोत्तर (लिखित प्रश्न)<br>उदाहरण<br>● पाहुनालाई गर्ने व्यवहारको आधारमा श्रेणीमापन फाराम भरेर अभिलेख राख्नुहोस् । | |

**कक्षाः ४**

| विषयक्षेत्र | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | शिक्षण सिकाइ क्रियाकलाप | शिक्षण सामग्री |
|---|---|---|---|---|
| १. **बालसंसार र मनोरञ्जन** | ● गट्टी र स्किपिङ खेलन<br>● हात र गोडाको महत्व र समन्वय चिन्न | ● गट्टी र स्किपिङ (गट्टी र स्किपिङ खेलको परिचय, हात र गोडाको महत्व र यस खेलको अभ्यास) | ● गट्टी र स्किपिङ खेल्न लगाउने<br>● खेल खेलाउँदै सामुहिकतामा आस्था राख्न सिकाउने<br>● बालबालिकालाई हात र गोडाको महत्व चिनाउने | ● गट्टी र डोरी |

| | | | | |
|---|---|---|---|---|
| | | | | |
| | • हाउभाउसहित नाच्न<br>• नाच्दै नयाँ-नयाँ ज्ञान तथा विज्ञान सिक्न | • बालनाच १, बालनाच २ र बालनाच ३<br>(बाल मनोविज्ञान र बालसंसारमा आधारित तीनओटा फरक-फरक बालगीत र उक्त गीतमा हाउभाउसहित नाच्ने अभ्यास) | • विद्यार्थीलाई विभिन्न विभिन्न अर्थ बोक्ने फरक-फरक लय र तालका बालगीतमा हाउभाउ र भावभङ्गीमा सहित नाच्न लगाउने<br>• नाच्दै नयाँ-नयाँ ज्ञान तथा विज्ञानका कुरा सिक्न सकिन्छ भनेर दृष्टान्त प्रस्तुत गर्ने | • फरक-फरक अर्थ र लय बोकेका बालगीतरू |
| २. **नैतिक शिक्षा र व्यक्तित्व विकास** | • धक नमानी प्रश्न सोध्न<br>• व्यक्तित्व निखार्न | • प्रश्न सोध्ने बानी (प्रश्न सोध्ने बानीको जानकारी, यसको महत्व र दैनिक जीवनमा यसको अभ्यास) | • कसरी प्रश्न सोध्ने भनेर विद्यार्थीलाई सिकाउने जस्तैः के, कहिले, कहाँ, किन, कसरी, कति आदि<br>• विद्यार्थीले प्रश्न सोध्दा गाली गर्नुको सट्टा स्याबासी दिने<br>• कक्षाकोठामा कुनै विषयमा छलफल चलिरहँदा प्रश्न सोध्न प्रोत्साहित गर्ने<br>• प्रश्न सोध्ने बानीले नै ठुला ठुला अविष्कार हुन्छन् भनेर दृष्टान्त तथा उदाहरण दिने | • साना बालबालिकाले शिक्षकशिक्षिकालाई प्रश्न सोध्दै गरेको श्रव्यदृश्य सामग्री |
| | • प्रस्तुति कला चिन्न<br>• बोल्न, कार्यक्रम चलाउन र प्रस्तुति दिन | • प्रस्तुति कला (प्रस्तुति कलाको परिचय जस्तैः वाक कला, कार्यक्रम चलाउने कला आदि, प्रस्तुति कला सुन्दर बनाउने तरिका, दैनिक जीवनमा यसको अभ्यास) | • शिक्षकले विद्यार्थीलाई विभिन्न कार्यक्रममा बोल्न र कार्यक्रम चलाउन सिकाउने, यसरी सिकाउँदा शब्द छनौट, भावभङ्गीमा, शरीरको भाषा, पोशाकमा विशेष जोड दिने | • साना बालबालिकाले कार्यक्रम चलाउँदै गरेको श्रव्यदृश्य सामग्री |
| | • असल सामाजिक सिकाइ चिन्न<br>• असल बानीव्यहोरा सिक्न | • असल सामाजिक सिकाइ (असल सामाजिक सिकाइको परिचय र असल कुरा सिक्ने अभ्यास) | • कस्ता सिकाइलाई असल सामाजिक सिकाइ भनिन्छ भनेर दृष्टान्त र उदाहरण प्रस्तुत गर्ने<br>• विभिन्न असल सामाजिक सिकाइ चिनाउने<br>• असल बानीव्यहोरालाई अनुकरण र अनुसरण गर्नुपर्छ भनेर विद्यार्थीलाई अभिप्रेरित गर्ने | • असल सामाजिक सिकाइसँग सम्बन्धित श्रव्यदृश्य सामग्री |
| ३. **हाम्रो सेरोफेरो** | • आफ्नो छिमेकी गाउँ चिन्न<br>• छिमेकी गाउँको सामान्य परिचय दिन | • हाम्रा छिमेकी गाउँ (आफ्नो गाउँसँग जोडिएका छिमेकी गाउँ चिन्ने अभ्यास जस्तैः बुखेल, मानिखेल, गोटीखेल, कालेश्वर, चन्दनपुर र ठुलादुर्लुङ) | • विद्यालय रहेको गाउँको नाम अवलोकन तथा नक्सामार्फत चिनाउने, उक्त गाउँसँग कुन-कुन गाउँको सिमाना जोडिएको छ भनेर बताउने<br>• महाङ्काल गाउँपालिकामा ठुला गाउँका रूपमा हाल रहेका छओटा वडा हुन् भनेर चिनाउने<br>• कुन वडा अर्थात कुन गाउँसँग कुन गाउँको सिमाना जोडिएको छ भनेर चिनाउने र यसका आधारमा प्रत्येक गाउँका छिमेकी गाउँ चिनाउने<br>• छिमेकी गाउँका सातओटा विशेषता | • गाउँपालिकाको नक्सा र अवलोकन भ्रमणका लागि आवश्यक पर्ने सामग्री |

| | | | | |
|---|---|---|---|---|
| | | | चिनाउने | |
| | • आफ्नो गाउँको वनजङ्गलमा पाइने बोटबिरुवा चिन्न<br>• महाङ्काल गाउँपालिकाको वनजङ्गलमा पाइने बोटबिरुवा चिन्न | • हाम्रा बोटबिरुवा (आफ्नो गाउँ र महाङ्काल गाउँपालिकाका विभिन्न गाउँमा विभिन्न बोटबिरुवाको सामान्य चिनारी जस्तैः अम्रिसो, गुराँस, पैयुँ, कटुस, चिलाउने, साल, साज, दार, टुनी, खयर, कदम, करम, जमुना, काइँयो, घाइरो, टाँकी, कुटमेरो, गेडुलो, नेभारो, खसु, उतिस, अङ्गेरी, काउलो, खनायो, बाँझ, फलाँट, गोगन, निगालो, बाँस, लोक्ता, भलायो आदि) | • विद्यालय वरपर रहेका विभिन्न बोटबिरुवा चिनाउने<br>• अवलोकन भ्रमण विधिको प्रयोग गरेर विद्यार्थीलाई वनजङ्गलमा घुम्न लाने र त्यहाँ पाइने विभिन्न बोटबिरुवा चिनाउने<br>• बोटबिरुवा चिनाउँदा सकेसम्म बोटको आकार, पात र बोक्राको माध्यमबाट चिनाउन प्रयास गर्ने<br>• महाङ्काल गाउँपालिकाका वनजङ्गलमा कुन-कुन बोटबिरुवा पाइन्छन् भनेर चिनाउने<br>• विद्यार्थीलाई कुनै-कुनै बोटबिरुवाको विशेषता चिनाउँदै मानविकीकरणमार्फत बोटबिरुवाको अभिनय गर्न लगाउने र विशेषता भन्न लगाउने<br>• विभिन्न बोटबिरुवाका पात सङ्कलन गर्न लगाउने र बोटबिरुवा चिनाउने | • अध्ययन भ्रमणका लागि आवश्यक पर्ने सामग्री<br>• विभिन्न बोटबिरुवाका पात |
| | • घर, विद्यालय छेउछाउ र महाङ्काल गाउँपालिकाका वनजङ्गलमा पाइने जङ्गली फलफूल चिन्न र सूची तयार पार्न<br>• जङ्गली फलफूल चिन्न | • हाम्रा जङ्गलमा पाइने फलफूल (घर छेउछाउ तथा महाङ्काल गाउँपालिकाको वनजङ्गलमा पाइने जङ्गली फलको चिनारी जस्तैः मयल, चुत्रो, मुस्लिन्डो, हाँडे काफल, जुरे काफल, कटुस, गुहेली/मुडिलो, ऐँसेलु, जामुनमुन्द्रा, गोफ्ला, भक्मिलो/भक्याम्लो, वन केरा, मछाइनो, ओखर आदि) | • विद्यालय वरपरका वनजङ्गलमा पाइने विभिन्न फलफूल चिनाउने<br>• ती फलफूल खान मिल्ने कि नमिल्ने हो भनेर सावधानी अपनाउने<br>• अध्ययन भ्रमण विधिको प्रयोग गरेर वनजङ्गलमा फल्ने खान मिल्ने फलफूल चिनाउने<br>• महाङ्काल गाउँपालिकाका वनजङ्गलमा पाइने जङ्गली फलफूलहरू चिनाउने, सम्भव भए चाख्न लगाउने र स्वाद भन्न लगाउने | • अध्ययन भ्रमणका लागि आवश्यक सामग्री<br>• महाङ्काल गाउँपालिकाका वनजङ्गलमा पाइने विभिन्न फलफूलका चित्र, तस्बिर अथवा श्रव्यदृश्य सामग्री |
| **४. हाम्रो स्थानीय कला र सिप** | • घरेलु औजार र प्रविधिका काम चिन्न<br>• घरेलु औजार र प्रविधिको उचित प्रयोग गर्न | • घरेलु औजार र प्रविधिका काम (घर, टोल, गाउँमा प्रयोग हुने विभिन्न औजारका काम जस्तैः हँसिया, कुटो, कोदालो, हलो, जुवा, पानीघट्ट, पिरा/पिर्का, चकटी, सुकुल/गुन्द्री आदिको कामको सामान्य परिचय) | • विद्यार्थीलाई उनीहरूको घरमा हँसिया, कुटो, कोदालो, हलो, जुवा, पानीघट्ट, पिरा/पिर्का, चकटी, सुकुल/गुन्द्री आदि छन् कि छैनन् भनेर सोध्ने<br>• घरेलु औजार र प्रविधि भनेको के हो चिनाउने र ती औजार र प्रविधिको काम पनि चिनाउने<br>• विद्यालय नजिकै रहेका घरहरूमा अध्ययन भ्रमण गर्ने र ती घरमा कुन-कुन घरेलु औजार र प्रविधि छन् भनेर चिनाउने साथै काम पनि चिनाउने | • अध्ययन भ्रमणका लागि आवश्यक सामग्री |
| | • सावधानीपूर्वक कुटो चलाउन<br>• अरुलाई सिकाउन | • कुटो चलाउने तरिका (कुटो चलाउने तरिकाको परिचय र यो औजार चलाउँदा अपनाउनु पर्ने सावधानी) | • कुटो लिने र कुटो कसरी चलाउने भनेर सैद्धान्तिक तथा व्यवहारिक ज्ञान दिने<br>• कुटो चलाउँदा कुन-कुन कुरामा सावधानी अपनाउनुपर्छ भनेर बताउने<br>• खिया लागेको कुटोले काट्यो भने के हुन्छ | • कुटो |

| | | | | |
|---|---|---|---|---|
| | | | भनेर बताउने | |
| | ● मकै नङ्ग्याउन<br>● खोस्टा निकाल्न र सुकाउन | ● खोस्टा निकाल्ने र सुकाउने तरिका (मकैको खोस्टा निकाल्ने र सुकाउने प्रयोगात्मक तरिका र सिप सिकाइ अभ्यास) | ● प्रयोगात्मक तरिकाले मकै नङ्ग्याउन सिकाउने<br>● मकै नङ्ग्याएर खोस्टा निकाल्न लगाउने र सुकाउन लगाउने<br>● यसरी मकै नङ्ग्याउँदा र खोस्टा निकाल्दा सावधानी अपनाउने<br>● खोस्टा निकाल्दा चकटी बुन्नका लागि आवश्यक पर्ने जति निकाल्ने | ● मकैका घोगा |
| | ● कर्मी, भाले र रानी मौरी चिन्न<br>● ती मौरीका भूमिका चिन्न | ● मौरीका काम (मौरीका कामका परिचय र विभिन्न मौरीका फरक फरक भूमिकाको जानकारी) | ● अध्ययन भ्रमणको विधिको प्रयोग गरेर घार खोलेर भाले, कर्मी र रानीमौरीका चिनाउने र ती मौरीका काम पनि चिनाउने<br>● अध्ययन भ्रमण सम्भव नभएमा श्रव्यदृश्यमार्फत ती मौरीका हुलिया र काम चिनाउने<br>● विद्यार्थीलाई तीनओटा फरक मौरीको भूमिका दिएर मानविकीकरणमार्फत अभिनय गर्न लगाउने | ● श्रव्यदृश्य सामग्री वा अध्ययन भ्रमणका लागि आवश्यक पर्ने सामग्री |
| **५. हाम्रा आम्दानीका स्रोत** | ● आफ्नो टोल, गाउँ र महाङ्काल गाउँपालिकामा प्रचलित खेतीपाती गर्ने तरिका चिन्न<br>● रैथाने खेतीपाती चिन्न | ● हाम्रा खेतीपाती (आफ्नो टोल, गाउँ र महाङ्काल गाउँपालिकामा प्रचलित रैथाने खेतीपातीको चिनारी) | ● अवलोकन भ्रमणमार्फत विद्यालय वरपरका खेतबारीमा कसरी र कुन-कुन बाली लगाएको छ भनेर चिनाउने<br>● कस्ता बालीलाई रैथाने बाली भनेर चिनाउने<br>● गाउँका खेतबारीमा हुने रैथाने बाली चिनाउने<br>● यसरी चिनाउँदा परिवारलाई खानमात्र हो कि खाएर उब्रिएको उत्पादन बेच्न पनि हो भनेर चिनाउने<br>● थोरैमात्रामा बालीनाली लगाएको छ कि धेरै मात्रामा लगाएको छ भनेर बुझाउने<br>● उत्पादन कति हुन्छ भनेर पनि चिनाउने<br>● महाङ्काल गाउँपालिकाका खेतबारीमा उब्जने रैथाने बालीको सूची तयार पार्ने | ● अवलोकन भ्रमणका लागि आवश्यक पर्ने सामग्री<br>● महाङ्काल गाउँपालिकाका खेतबारीमा उब्जने रैथाने बालीका दाना |
| | ● खेतबारीका गरा चिन्न<br>● गरा खेती प्रणालीका फाइदा थाहा पाउन | ● गरा खेती प्रणाली (टोल, गाउँ र महाङ्काल गाउँपालिकामा प्रचलित गरा खेती प्रणालीको चिनारी र यसको फाइदा) | ● विद्यालय नजिकै रहेका खेतबारीका कान्ला तथा गरा चिनाउने<br>● गरा किन लगाएको होला भनेर कारण बताउने जस्तैः माटो बग्न नदिन<br>● नेपाल पहाडै पहाडको देश हो र यस्तो ठाउँमा माटो बग्नबाट रोक्न हाम्रा पुर्खाले गरा बनाउँदै खेतीपाती गर्ने गरेको रैथाने ज्ञानका बारेमा बताउने | ● अवलोकन भ्रमणका लागि आवश्यक पर्ने सामग्री |

| | | | | |
|---|---|---|---|---|
| | | | | |
| | • जैविक मल चिन्न र यसको परिचय दिन<br>• जैविक मलका फाइदा थाहा पाउन | • जैविक मल (जैविक मलको परिचय, यसको फाइदा र जैविक मलका लागि प्रोत्साहन) | • कस्तो प्रकारको मललाई जैविक मल हो भनेर प्रयोगात्मक तरिकाले चिनाउने<br>• विद्यालय वरपरका घरमा बन्दै गरेको जैविक मल देखाउने<br>• जैविक मल कसरी बन्छ भनेर प्रक्रिया चिनाउने<br>• विद्यालयमा नै जैविक मल बनाउने र चिनाउने<br>• जैविक मलको प्रयोग कहाँ र कसरी हुन्छ भनेर चिनाउने<br>• जैविक मलका फाइदा चिनाउने | • जैविक मल |
| | • जैविक विषादी चिन्न<br>• जैविक विषादीको फाइदा थाहा पाउन | • जैविक विषादी (जैविक विषादीको परिचय, फाइदा र यसको प्रयोगका लागि प्रोत्साहन) | • विषादी भनेको के हो भनेर व्याख्या, उदाहरण र दृष्टान्त सहित चिनाउने<br>• कस्तो विषादीलाई जैविक विषादी भनिन्छ भनेर चिनाउने<br>• विद्यालय वरपरको कुनै घरमा जैविक विषादी रहेको छ भनेर अवलोकन गर्ने/गराउने<br>• गाउँघरमा उपलब्ध कुन-कुन वस्तुबाट जैविक विषादी बन्ने गर्छ भनेर चिनाउने जस्तैः तितेपाती, गाईवस्तुको पिसाब आदि<br>• जैविक विषादीको प्रयोग के र कसरी फाइदा हुन्छ भनेर बताउने | • जैविक विषादी, तितेपाती, अवलोकन भ्रमणका लागि आवश्यक सामग्री वा जैविक विषादीसँग सम्बन्धित श्रव्यदृश्य सामग्री |
| **६. हाम्रा पर्यटकीयस्थल र पर्यटन** | • आफ्नो टोल, गाउँ र महाङ्काल गाउँपालिकामा रहेका खोला, झरना र गुफा चिन्न<br>• स्थानीय खोला, झरना र गुफाका पर्यटकीय मूल्य र महत्व थाहा पाउन | • हाम्रा खोला, झरना र गुफा (आफ्नो टोल, गाउँ र महाङ्काल गाउँपालिकामा रहेका विभिन्न खोला, झरना र गुफाको चिनारी जस्तैः ठोस्ने खोला, टुङ्गुन खोला, सिम्बा झरना/लुङ स्योङ, भैरव गुफा आदि र प्रर्यटन प्रवर्द्धनका लागि यी ठाउँको सम्भावना) | • अवलोकन भ्रमणमार्फत विद्यालय वरपर, टोल र गाउँमा रहेका खोला, झरना र गुफा देखाउने<br>• भ्रमणमार्फत देखाउन सम्भव नभएमा श्रव्यदृश्यमार्फत देखाउने<br>• ती खोला, झरना र गुफाका नाम चिनाउने<br>• महाङ्काल गाउँपालिकामा रहेका मुख्य मुख्य खोला, झरना र गुफा चिनाउने<br>• ती खोला, झरना र गुफा विभिन्न ठाउँबाट मानिसहरू आउने गरेका छन् कि छैनन् भनेर बताउने<br>• यस्ता रमाइला ठाउँ हेर्न बाहिरबाट मानिसहरू आउँदा उक्त ठाउँमा व्यापार/व्यवसाय हुने र आम्दानी हुने बताउने | • अवलोकन भ्रमणका लागि आवश्यक पर्ने सामग्री<br>• महाङ्काल गाउँपालिकाका खोला, झरना र गुफासँग सम्बन्धित श्रव्यदृश्य सामग्री |
| | • भैरव थुम र बुर्जाको डाँडा चिन्न<br>• यी दुई डाँडाको | • भैरव थुम र बुर्जाको डाँडा (महाङ्काल गाउँपालिकाको ठुलादुर्लुङमा रहेको भैरव थुम र | • महाङ्काल गाउँपालिकाको दुईओटा अग्ला डाँडा भैरव थुम र बुर्जाको डाँडा सम्भव भएमा विद्यालयको आँगनबाट वा कुनै | • अवलोकन भ्रमणका लागि आवश्यक पर्ने |

| | | | | |
|---|---|---|---|---|
| | पर्यटकीय मूल्य र महत्व थाहा पाउन | बुखेलमा रहेको बुर्जाको डाँडाको परिचय र यी दुई ठाउँको पर्यटकीय महत्व) | नजिकैको अग्लो डाँडाबाट चिनाउने<br>● यी दुई ठाउँ महाङ्काल गाउँपालिकाको कुन-कुन ठाउँमा पर्छन् भनेर चिनाउने र भौगोलिक अवस्थाका बारेमा सामन्य जानकारी दिने<br>● यी दुई ठाउँबाट के-के हेर्न र देख्न सकिन्छ भनेर बताउने<br>● यी दुई ठाउँलाई कसरी पर्यटकका लागि प्रयोग गर्न सकिन्छ भनेर बताउने<br>● आजकाल मानिसहरू सहरी कोलाहल वातावरणबाट शान्त वातावरणको आनन्द लिने पदयात्रा गर्ने गर्दछन् भनेर उदाहरण र दृष्टान्त दिने | सामग्री अथवा यी दुई डाँडाको तस्बिर वा श्रव्यदृश्य सामग्री |
| | ● काँडेभ्याकुर र गुराँस चिन्न<br>● काँडेभ्याकुर र गुराँसको पर्यटकीय मूल्य र महत्व थाहा पाउन | ● काँडेभ्याकुर र गुराँस (महाङ्काल गाउँपालिकामा प्रशस्त मात्रामा पाइने काँडेभ्याकुर र गुराँसको परिचय साथै यी दुईको पर्यटकीय महत्व) | ● काँडेभ्याकुर र गुराँस भौतिक रूपमा चिनाउने<br>● महाङ्काल गाउँपालिकाका वनजङ्गलमा काँडेभ्याकुर र गुराँस पर्याप्त मात्र पाउँछन् भनेर चिनाउने<br>● संसारका ठुला-ठुला वैज्ञानिकहरू नेपालको गुराँस र काँडेभ्याकुर विभिन्न समयमा आएको दृष्टान्त प्रस्तुत गर्ने<br>● यी दुईलाई संरक्षण गरेमा हाम्रो गाउँपालिकाका वनजङ्गलमा पनि त्यस्ता वैज्ञानिक, चरा तथा बोटबिरुवाप्रेमी आउन सक्छन्, जसबाट हामीले लाभ लिन सक्छौँ भनेर चिनाउने | ● काँडे भ्याकुर र गुराँसको तस्बिर |
| **७. हाम्रा चालचलन** | ● गरगहना चिन्न<br>● महाङ्काल गाउँपालिकाका बासिन्दाले लगाउने गरगहनाका नाम भन्न | ● हाम्रा गरगहना (महाङ्काल गाउँपालिकाका बासिन्दाले लाउने विभिन्न गरगहनाको चिनारी जस्तैः तिलहरी, फुली, ढुङ्ग्री, नौगेडी, जन्तर, माडवारी, औँठी, मुन्द्री, बुलाकी, चेप्टे सुन, पाउजु, कल्ली, बाला, चुरा आदि) | ● शिक्षक-शिक्षिकाले लगाउनुभएको गरगहना नामसहित चिनाउने<br>● विद्यालय नजिकैको बस्तीमा लगेर त्यहाँका बासिन्दाले लाउने विभिन्न गरगहना चिनाउने<br>● विद्यार्थीलाई परिवारका सदस्यले कुन-कुन गरगहना लगाउनुभएको छ भनेर गरगहनाका नाम सोध्ने<br>● महाङ्काल गाउँपालिकाका बासिन्दाले लगाउने गरगहना नामसहित चिनाउने | ● अवलोकन भ्रमणका लागि आवश्यक पर्ने सामग्री र विभिन्न गरगहनाका तस्बिर |
| | ● मित लगाउने चलन चिन्न<br>● यसको सामाजिक तथा सांस्कृतिक महत्व भन्न | ● मित लगाउने चलन (गाउँघरमा प्रचलित मित लगाउने चलनको चिनारी र यसको सामाजिक तथा | ● अभिनय विधिको प्रयोग गरेर मित लगाउने चलन चिनाउने<br>● गाउँघरमा किन मित लगाउने गरिन्छ भनेर चिनाउने<br>● मित लगाउने चलनको फाइदा र महत्व | ● मित लगाउन आवश्यक पर्ने सामग्री |

| | | | | |
|---|---|---|---|---|
| | | सांस्कृतिक महत्व) | बताउने<br>● सम्भव भएमा विद्यार्थीको सहमति र अभिभावकको स्वीकृतिमा विद्यार्थीबिच मित लगाइदिने | |
| **८. नागरिक चेतना** | ● असल नागरिकका गुण चिन्न<br>● भविष्यमा असल नागरिक हुन | ● असल नागरिक (असल नागरिकको परिचय, गुण र भविष्यमा अभ्यासका लागि प्रोत्साहन) | ● कस्ता नागरिकलाई असल नागरिक भनिन्छ भनेर असल नागरिका विभिन्न गुण बताउने<br>● शिक्षकले म पनि एक असल नागरिक हुँ भन्ने उदाहरणसहित दृष्टान्त प्रस्तुत गर्ने<br>● तपाईंको व्यक्तित्वको अनुकरण गर्न लगाउने<br>● विद्यार्थीलाई असल नागरिक हुन प्रेरित गर्ने | ● असल नागरिकका विभिन्न गुण झल्काउने पोस्टर |

**कक्षाः ५**

| विषयक्षेत्र | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | शिक्षण सिकाइ क्रियाकलाप | शिक्षण सामग्री | मूल्याङ्कन प्रक्रिया | कार्यभार<br>पाठ्यघण्टा |
|---|---|---|---|---|---|---|
| १. **बालसंसार र मनोरञ्जन** | ● बालबालिकाका रैथाने खेल चिन्न तथा चुङ्गी र तित्ती खेल्न<br>● शारीरिक रूपमा कसैलाई विभेद नगर्न | ● चुङ्गी र तित्ती (रैथाने खेलका रूपमा प्रचलित चुङ्गी र तित्ती खेलको परिचय र एकखुट्टे भन्नु हुँदैन भन्ने चेतना) | ● चुङ्गी र तित्ती खेल खेलाउने<br>● रैथाने खेल भनेको के हो भनेर विभिन्न उदाहरण दिने<br>● एउटा खुट्टाले गर्ने कामलाई प्रोत्साहन गर्दै शारीरिक रूपमा कसैलाई विभेद गर्नु हुँदैन भन्ने चेतना दिने<br>● बालबालिकाका रैथाने खेल चिनाउने | ● चुङ्गी र ढ्याकी | प्रश्नोत्तर (लिखित प्रश्न)<br><u>उदाहरण</u><br>● कस्ता खेललाई रैथाने खेल भनिन्छ ? उदाहरण दिनुहोस् ।<br>● बालबालिकाका विभिन्न रैथाने खेलका नाम भन्नुहोस् ।<br>● बालबालिकाकाले डिजिटल उपकरणको सट्टा विभिन्न खेल खेल्छन् कि खेल्दैनन् भनेर यकिन गरेर पोर्टफोलियो तयार पार्नुहोस् । यसका लागि अभिभावकसँग पनि समन्वय गर्नुहोस् । | |
| | ● चित्रको अर्थ थाहा पाउन र | ● हाम्रा सुन्दर चित्रकला | ● बालबालिकाले बनाएको चित्र | ● सुन्दर चित्रकला र | प्रश्नोत्तर (लिखित | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | चित्रकला चिन्न<br>● सुन्दर अक्षरका लागि चित्रकलाको महत्व थाहा पाउन | (चित्रकलाको सामान्य परिचय, सुन्दर चित्रकलाको महत्व र सुन्दर अक्षरका लागि चित्रकलाको अभ्यास) | बालबालिकालाई नै देखाउने<br>● चित्रले के भन्न खोजेको हो भनेर चिनाउने<br>● शिक्षकले पनि आफ्नो विचारलाई चित्रमा उतार्ने र बालबालिकालाई बुझाउने<br>● चित्रकला पनि विचार प्रस्तुत गर्ने एउटा माध्यम हो भनेर उदाहरणसहित बुझाउने<br>● चित्रकलाले सुन्दर अक्षर बनाउन मद्दत गर्छ भनेर उदाहरणसहित बुझाउने | सुन्दर अक्षर | प्रश्न)<br><u>उदाहरण</u><br>● तपाईंलाई लागेको विचारलाई सुन्दर चित्रकलामा उतार्नुहोस् ।<br>● विद्यार्थीलाई बनाएको चित्रको आधारमा विभिन्न रेखा कोर्दा त्यसमा कति सन्तुलन छ भनेर यकिन गर्नुहोस् । | |
| २. **नैतिक शिक्षा र व्यक्तित्व विकास** | ● रुचिको अर्थ चिन्न<br>● आफ्नो रुचि चिन्न | ● मेरा रुचि (रुचिको परिचय, आफ्नो रुचिहरू चिन्न र रुचिलाई कायम राख्ने अभ्यास जस्तैः गीत गाउने, बाजा बजाउने, विभिन्न किसिमका खेल खेल्ने आदि) | ● शिक्षकले सर्वप्रथम उदाहरणसहित आफूलाई कस्ता कस्ता काम गर्दा खुसी महसुस हुन्छ भनेर रुचिको अर्थ चिनाउने<br>● विद्यार्थीलाई उनीहरूको विभिन्न रुचि सोध्ने र ती रुचिलाई अभिलेख गरेर राख्ने<br>● विद्यार्थीलाई किन ती काम गर्न मनपर्छ भनेर कारण सोध्ने र अभिलेख गरेर राख्ने<br>● आफ्नो रुचिलाई पछिसम्म पनि नछोड्न प्रेरित गर्ने | ● विभिन्न रुचि झल्किने तस्बिर वा चार्ट | प्रश्नोत्तर (लिखित प्रश्न)<br><u>उदाहरण</u><br>● तपाइँको विभिन्न रुचिको सूची तयार पार्नुहोस् ।<br>● तपाइँलाई ती काम गर्न किन मन लाग्छ ? कारण बताउनुहोस् ।<br>● विद्यार्थीका रुचि सोध्दै ती रुचिलाई अभिलेख राख्नुहोस् र पोर्टफोलियो तयार पार्नुहोस् ।<br>● विद्यार्थीलाई आफ्नो रुचिअनुसार काम गर्नुपर्छ भनेर अभिप्रेरित गरिराख्नुहोस् । | |
| | ● रुचिअनुसार आफ्नो व्यक्तित्व चिन्न<br>● आफ्नो रुचिलाई | ● आफूलाई चिनौँ (आफूलाई र आफ्नो व्यक्तिलाई चिन्न) | ● विद्यार्थीको स्वभावका आधारमा उनीहरूको व्यक्तित्वको | ● | प्रश्नोत्तर (लिखित प्रश्न)<br><u>उदाहरण</u> | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | प्राथमिकता र महत्व दिन | | मूल्याङ्कन गर्ने<br>● उनीहरूको रुचि सोधेर ती कामका क्षेत्रहरू कुन-कुन हुन् भनेर चिनाउने<br>● अरुलाई भनेको आधारमा भविष्यमा आफू के बन्ने होइन, आफ्नो रुचिअनुसार काम गर्नुपर्छ भनेर लब्धप्रतिष्ठित मानिसको जीवनीबाट बुझाउने | | ● तपाइँको रुचि के हो र भविष्यमा तपाईँलाई के मन छ ? कारण उल्लेख गरेर एउटा अनुच्छेद तयार पार्नुहोस् र कक्षाकोठामा सुनाउनुहोस् । | |
| | ● गलत सामाजिक सिकाइ चिन्न<br>● गलत बानीव्यहोराको अनुसरण नगर्न | ● गलत सामाजिक सिकाइ (गलत सामाजिक सिकाइको परिचय र गलत कुरालाई अनुसरण गर्नुहुन्न भन्ने चेतना) | ● टोल, गाउँ र समाजमा हुने विभिन्न गलत क्रियाकलाप उदाहरणसहित चिनाउने<br>● ती क्रियाकलाप खराब हुन् र उक्त क्रियाकलापलाई हामीले किन अनुसरण गर्नुहुँदैन भनेर कारण बताउने<br>● गलत सामाजिक सिकाइबाट हुने बेफाइदा चिनाउने | ● गलत सामाजिक सिकाइसम्बन्धी श्रव्यदृश्य सामग्री | प्रश्नोत्तर (लिखित प्रश्न)<br><br><u>उदाहरण</u><br><br>● कस्ता-कस्ता क्रियाकलापलाई गलत सामाजिक कार्य भनिन्छ ? उदाहरण दिनुहोस् ।<br>● गलत सामाजिक सिकाइबाट हुने बेफाइदा के-के हुन् ?<br>● विदार्थीले गलत सामाजिक सिकाइलाई अनुसरण गरेको छ कि छैन यकिन गर्नुहोस् । छैन भनेर समूहमा स्याबासी दिनुहोस् र छ भने एकान्तमा सम्झाउनुहोस् । | |
| **३. हाम्रो सेरोफेरो** | ● लेक, बँसी र खोल्साखोल्सी चिन्न<br>● आफ्नो गाउँ र महाङ्काल गाउँपालिकामा रहेका लेक, बँसी र | ● हाम्रा लेक, बँसी र खोलाखोल्सी (आफ्नो गाउँ र महाङ्काल गाउँपालिकामा रहेका लेक, बँसी र खोल्साखोल्सी चिन्ने अभ्यास जस्तैः बुर्जाको | ● कस्तो ठाउँलाई लेक र बँसी यी दुवै भोगौलिक विशेषता चिनाउने<br>● लेक र बँसीमा हुने हावापानीको भिन्नता पनि बताउने | ● अवलोकन भ्रमणका लागि आवश्यक पर्ने सामग्री, तस्बिर अथवा श्रव्यदृश्य सामग्री | प्रश्नोत्तर (लिखित प्रश्न)<br><br><u>उदाहरण</u><br><br>● तपाईको टोल र गाउँमा रहेका लेक, बँसी र खोल्साखोल्सीका | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | खोल्साखोल्सीका नाम भन्न | लेक, मृग बिसौनी, भैरव थुम, विमिरे चौर, खोरभञ्ज्याङ, गोटीखेल, दुर्लुङ, ठोस्नेखोला, बुखेल, टुङ्गुन खोला, देउता खोला, गुमराङ खोला, गिम्दा खोला आदि) | ● टोल, गाउँ र महाङ्काल गाउँपालिकामा रहेका लेक र बँसी नामसहित चिनाउने<br>● खोल्साखोल्सी भनेको के हो भनेर चिनाउने<br>● विद्यालय वरपर, टोल, गाउँ र महाङ्काल गाउँपालिकामा रहेका खोल्साखोल्सी नामसहित चिनाउने | | नाम भन्नुहोस् ।<br>● महाङ्काल गाउँपालिकामा रहेका लेक, बँसी र खोल्साखोल्सीका नाम भन्नुहोस् ।<br>● लेक र बँसीको जमिन र हावापानीमा के-के फरक पाइन्छन् ? उदाहरण दिनुहोस् । | |
| | ● जडीबुटी चिन्न<br>● आफ्नो गाउँ र महाङ्काल गाउँपालिकाका वनजङ्गलमा पाइने जडीबुटीका नाम थाहा पाउन | ● हाम्रा जडीबुटी (आफ्नो गाउँका वनजङ्गलमा पाइने विभिन्न जडीबुटीको चिनारी जस्तैः लौठ सल्ला, चुत्रो, पाखनभेद, जटामसी, धसिङ्गरे, पुदिना, कालेभ्कार, थकाइलो, तिते पिँडालु, वन लसुन, वन छ्यापी, चिराइतो, नुनढिके, तितेपाती, गुराँस, पाँचऔंले, कुरिलो, सदुवा आदि) | ● जडीबुटी भनेको के हो भनेर दृष्टान्त तथा उदाहरणसहित चिनाउने<br>● हामीले खाने गरेका मेडिकलका औषधी यी नै जडीबुटीबाट बन्छन् भनेर उदाहरणसहित बुझाउने, सम्भव भएमा श्रव्यदृश्य सामग्री देखाउने<br>● विद्यालय वरपरको वनजङ्गलमा पाइने जडीबुटी अवलोकन भ्रमणमार्फत चिनाउने<br>● महाङ्काल गाउँपालिकामा पाइने जडीबुटीका सूची तयार पार्ने र चिनाउने | ● महाङ्काल गाउँपालिकामा पाइने जडीबुटीका तस्बिर अथवा पोस्टर | प्रश्नोत्तर (लिखित प्रश्न)<br><u>उदाहरण</u><br>● जडीबुटी भनेको के हो ? उदाहरण दिनुहोस् ।<br>● बिरामी हुँदा कुनै जडीबुटी खानुभएको छ कि छैन ?<br>● तपाईंको घर नजिकैको वनजङ्गलमा पाइने जडीबुटीका नाम बताउनुहोस् ।<br>● तपाईंले अहिलेसम्म कुन-कुन जडीबुटी देख्नुभएको छ ?<br>● महाङ्काल गाउँपालिकाको वनजङ्गलमा पाइने जडीबुटीका सूची तयार पार्नुहोस् । | |
| | ● पर्यावरण र जैविक विविधताको अर्थ र महत्व थाहा पाउन<br>● महाङ्काल | ● हाम्रो पर्यावरण र जैविक विविधता (आफ्नो गाउँ तथा महाङ्काल गाउँपालिकाको | ● दृष्टान्त तथा उदाहरणसहित पर्यावरण र जैविक विविधता भनेको के हो भनेर चिनाउने | ● अवलोकन भ्रमणका लागि आवश्यक पर्ने सामग्री अथवा | प्रश्नोत्तर (लिखित प्रश्न)<br><u>उदाहरण</u><br>● महाङ्काल | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | गाउँपालिकाको पर्यावरण र जैविक विविधता चिन्न र यसबारेमा भन्न | पर्यावरण तथा जैविक विविधताको परिचय जस्तैः समग्र भूगोल, जलाधार, वनजङ्गल, बोटबिरुवा, पशुपन्छी आदि) | ● पर्यावरण र जैविक विविधता चिनाउन विद्यालय वरपरको भूगोल, वातावरण, हावापानी, बोटबिरुवा, चराचुरुङ्गीबिचको सम्बन्ध देखाउने<br>● विद्यार्थीलाई ग्रामीण परिवेशको पर्यावरण र जैविक विविधताको बारेमा बताउने<br>● महाङ्काल गाउँपालिकाको समग्र पर्यावरण र जैविक विविधता अवलोकन विधिमार्फत अथवा श्रव्यदृश्य सामग्रीमार्फत चिनाउने | महाङ्काल गाउँपालिकाको पर्यावरण र जैविक विविधता समेट्ने श्रव्यदृश्य सामग्री | गाउँपालिकाको समग्र भूगोलको बारेमा दशओटा बुँदामा विशेषता लेख्नुहोस् ।<br>● महाङ्काल गाउँपालिकाको समग्र वनजङ्गल, बोटबिरुवा र चराचुरुङ्गीलाई समेटेर दशओटा बुँदा लयार पार्नुहोस् ।<br>● महाङ्काल गाउँपालिकाका जलाधारका बारेमा दशओटा बुँदा लेख्नुहोस् । | |
| **४. हाम्रो स्थानीय कला र सिप** | ● गाउँघरमा काम नै व्यायाम हो भनेर थाहा पाउन<br>● घरायसी काम गर्न | ● काम नै व्यायाम (घरायसी काम नै व्यायाम हुन् भन्ने चेतना र घरायसी कामका लागि प्रेरणा) | ● हाम्रा घरायसी काम नै वास्तवमा व्यायाम हुन् भनेर चिनाउन हजुरबुवा, हजुरआमा, बुवा, आमा, काका, काकीले गर्ने कामका बारेमा बताउने<br>● स्वस्थ हुन जरुरी छ र यसका लागि काम गर्न आवश्यक छ भनेर बताउने<br>● गाउँमा काम गरिरहेको कुनै तन्दुरुस्त व्यक्तिलाई आदर्श उदाहरणका रूपमा पेस गर्ने र विद्यार्थीलाई आफ्नो उमेर र मनोविज्ञान सुहाउँदो काम गर्न | ● तन्दुरुस्त काम गरिरहेन व्यक्ति | प्रश्नोत्तर (लिखित प्रश्न)<br><br>उदाहरण<br><br>● घरमा तपाईंले कुन-कुन काम गर्नुहुन्छ ?<br>● घरका परिवारका सदस्यले कुन-कुन काम गर्नुहुन्छ ?<br>● तपाईंले या घरका परिवारका सदस्यले कुनै शारीरिक अभ्यास गर्नुहुन्छ कि गर्नुहुँदैन ?<br>● काम प्रशस्त मात्रामा गरेको बेलामा मिठो निद्रा लागेको महसुस गर्नुभएको छ कि छैन ? छ भने आफूले त्यसबेला गरेको | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | अभिप्रेरित गर्ने<br>● विभिन्न घरायसी काम चिनाउने<br>● शिक्षकले पनि आफूले घरमा गर्ने काम बताउने | | कामका बारेमा बताउनुहोस् । छैन भने एकदिन मज्जाले काम गर्नुहोस्, मिठो निद्राको महसुस गर्नुहोस् र आफ्नो अनुभव कक्षाकोठामा सुनाउनुहोस् । | |
| | ● राम्ररी कुटो चलाउन<br>● कुटोले खेतबारी खन्न र माटोका डल्ला फोर्न | ● खन्ने र डल्ला फोर्ने तरिका (कुटोको प्रयोग गरेर खन्ने र डल्ला फोर्ने प्रयोगात्मक सिप सिकाइ) | ● विद्यार्थीलाई प्रयोगात्मक तरिकाले कुटो चलाउन सिकाउने<br>● खन्न, डल्ला फुटाउन र ड्याङ बनाउन सिकाउने | ● कुटो | प्रश्नोत्तर (लिखित प्रश्न)<br><u>उदाहरण</u><br>● विद्यार्थीले खन्न, डल्ला फोर्न र ड्याङ बनाएका आधारमा पोर्टफोलियो तयार पार्नुहोस् । | |
| | ● सुकाएको खोस्टा छान्न र केस्राउन<br>● केस्राएको खोस्टालाई मुठा बाँध्न | ● खोस्टा छान्ने, केस्राउने र मुठा बाँध्ने तरिका (सुकाएको खोस्टामध्ये राम्रा खोस्टा छान्ने, केस्राउने र मुठा बाँध्ने प्रयोगात्मक तरिका र सिप सिकाइ) | ● सुकाएर राखेको खोस्टालाई केस्राउन सिकाउने र केस्राउन लगाउने<br>● केस्राएको खोस्टालाई मुठा बनाउन लगाउने<br>● केस्राउने र मुठा बनाउने भनेको के हो भनेर चिनाउने | ● सुकाएको खोस्टा | प्रश्नोत्तर (लिखित प्रश्न)<br><u>उदाहरण</u><br>● विद्यार्थीले खोस्टा केस्राउन र केस्राएको खोस्टालाई मुठा बाँधेका आधारमा व्यक्तिगत पोर्टफोलियो तयार पार्नुहोस् । | |
| | ● मौरीपालन गर्ने सैद्धान्तिक ज्ञान सिक्न<br>● प्रयोगात्मक अभ्यास गर्न | ● मौरीपालन गर्ने तरिका (मौरीपालन गर्ने तरिकाको जानकारी र प्रयोगात्मक अभ्यास) | ● मौरीपालन कसरी गर्नुपर्छ भनेर सैद्धान्तिक र व्यावहारिक ज्ञान दुवै दिने<br>● व्यावहारिक तरिकाले मौरीपालन सिकाउन मौरीको घार भएको ठाउँमा अवलोकन भ्रमण गर्ने<br>● मौरीको घार खोल्ने र बन्द गर्ने लगायतका काम, क्वीनगेट राख्ने र हटाउने, फ्रेमहरू मिलाउने | ● मौरीसहितको मौरीको घार | प्रश्नोत्तर (लिखित प्रश्न)<br><u>उदाहरण</u><br>● मौरीपालनका लागि कुन-कुन सामान चाहिन्छ ? सामानका नाम बताउनुहोस् ।<br>● मौरीपालन गर्ने तरिका बताउनुहोस् । | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | लगायतका काम सिकाउने | | | |
| **५. हाम्रा आम्दानीका स्रोत** | • निर्वाहमुखी खेतीपाती चिन्न<br>• भविष्यमा निर्वाहमुखी खेती अनुसरण नगर्न | • निर्वाहमुखी खेतीपाती (निर्वाहमुखी खेतीपातीको परिचय) | • घरका परिवारका सदस्यलाई खानका लागि मात्र गरिने कृषि नै निर्वाहमुखी खेतीपाती हुन् भनेर दृष्टान्त तथा उदाहरणसहित बताउने<br>• निर्वाहमुखी कृषिमा खेतीपातीबाट उब्जनी गरेमा उत्पादन बिक्री गरिदैन, परिवारका सदस्यले उपभोग गर्छन् भनेर चिनाउने<br>• विद्यार्थीलाई उनीहरूको खेतबारीमा उब्जेका कुनै उत्पादन बेच्ने चलन छ कि छैन भनेर सोध्ने र निर्वाहमुखी खेतीपाती चिनाउने<br>• विद्यालय वरपर रहेको कुनै एक विद्यार्थीको घरमा अध्ययन भ्रमण गर्ने र खेतीपातीका बारेमा सोध्ने | • अध्ययन भ्रमणका लागि आवश्यक पर्ने सामग्री | प्रश्नोत्तर (लिखित प्रश्न)<br><u>उदाहरण</u><br>• कस्तो किसिमको खेतीपातीलाई निर्वाहमुखी खेतीपाती भनिन्छ ? उदाहरण दिनुहोस् ।<br>• निर्वाहमुखी खेतीपाती प्रणालीमा किन उब्जनीलाई बेच्न सकिँदैन ? कारण दिनुहोस् ।<br>• तपाईंको घरमा निर्वाहमुखी खेतीपाती छ कि छैन ? | |
| | • माटो परीक्षणको अर्थ थाहा पाउन<br>• माटो परीक्षण र बाली छनोटको सम्बन्ध चिन्न र यसबारेमा बताउन | • माटो परीक्षण र बाली छनोट (माटो परीक्षणको परिचय, यसका फाइदा र माटोको प्रकृतिका आधारमा बाली छनोट गर्ने विधिको ज्ञान) | • माटो परीक्षण भनेको के हो भनेर उदाहरणसहित बताउने<br>• किन माटो परीक्षण गर्नुपर्छ भनेर कारण बताउने<br>• माटो परीक्षण गरेर बाली लगाउने गर्नुपर्छ भनेर यसका | • माटो परीक्षणसम्बन्धी श्रव्यदृश्य सामग्री | प्रश्नोत्तर (लिखित प्रश्न)<br><u>उदाहरण</u><br>• माटो परीक्षण भनेको के हो ? उदाहरण दिनुहोस् ।<br>• माटो परीक्षण गर्नुका फाइदा बताउनुहोस् ।<br>• माटो परीक्षण | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | फाइदा बताउने | | गरेर बाली लगाउँदा किसानलाई के फाइदा हुन्छ ? | |
| | • नगदेबाली चिन्न<br>• आफ्नो टोल, गाउँ र महाङ्काल गाउँपालिकाका खेतबारीमा हुने नगदेबाली चिन्न र यसको आर्थिक महत्व थाहा पाउन | • हाम्रा नगदेबाली (आफ्नो टोल, गाउँ र महाङ्काल गाउँपालिकामा प्रचलित विभिन्न नगदेबालीको परिचय र नगदेबालीबाट हुने राम्रो आम्दानीको बोध) | • कस्तो किसिमको बालीलाई नगदेबाली भनिन्छ भनेर विभिन्न दृष्टान्त तथा उदाहरण दिने<br>• विद्यालय नजिकै घरमा लगेर उक्त घरको खेतबारीमा नगदेबाली लगाएका छन् कि छैन भनेर चिनाउने<br>• नगदेबाली लगाएर मनग्गे आम्दानी गर्न सकिन्छ भनेर बताउने<br>• महाङ्काल गाउँपालिकाका विभिन्न ठाउँका खेतबारीमा हुने नगदेबालीका उदाहरण दिने र त्यहाँका मानिसले कसरी नगदेबालीबाट आम्दानी गरिरहेका भनेर चिनाउने | • अध्ययन भ्रमणका लागि आवश्यक सामग्री<br>• महाङ्काल गाउँपालिकाको नक्सा | प्रश्नोत्तर (लिखित प्रश्न)<br><u>उदाहरण</u><br>• कस्तो किसिमको बालीलाई नगदेबाली भनिन्छ ? उदाहरण दिनुहोस् ।<br>• नगदेबालीबाट कसरी राम्रो आम्दानी गर्न सकिन्छ ?<br>• तपाईंले आफ्नो खेतबारीमा नगदेबाली लगाउनुभएको छ कि छैन ? अभिभावकसँग सोधेर पत्ता लगाउनुहोस् र कक्षाकोठामा बताउनुहोस् ।<br>• महाङ्काल गाउँपालिकाका कुन-कुन ठाउँमा कस्ता कस्ता किसिमका नगदेबाली लगाउने गर्दछ ? उदाहरण दिनुहोस् । | |
| | • कृषिमा प्रयोग हुने आधुनिक प्रविधि चिन्न<br>• आधुनिक प्रविधिको फाइदा थाहा पाउन र भविष्यमा प्रयोग गर्न | • कृषिमा प्रविधिको प्रयोग (आधुनिक कृषिको प्रयोग, राम्रो आम्दानीको लागि प्रविधिको प्रयोगको जानकारी र भविष्यमा आधुनिक कृषि प्रविधिको प्रयोगका लागि | • कृषि पेसामा प्रयोग हुने विभिन्न आधुनिक प्रविधि श्रव्यदृश्य सामग्री अथवा अवलोकन विधिमार्फत चिनाउने<br>• ती आधुनिक प्रविधिले कृषि कर्मलाई कसरी सजिलो र राम्रो बनाउँछ भनेर उदाहरणसहित | • कृषि पेसामा प्रयोग हुने आधुनिक प्रविधिका तस्बिर अथवा श्रव्यदृश्य सामग्री<br>• अध्ययन भ्रमणका लागि आवश्यक पर्ने सामग्री | प्रश्नोत्तर (लिखित प्रश्न)<br><u>उदाहरण</u><br>• कृषि पेसामा प्रयोग हुने आधुनिक प्रविधिका नाम बताउनुहोस् ।<br>• कृषिमा प्रविधिको प्रयोग गरेर किसानले कसरी फाइदा लिन सक्छ | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | प्रोत्साहन) | बताउने<br>● विद्यालय नजिकैको कुनै खेतबारीमा आधुनिक कृषि प्रविधिको प्रयोग छ भने अवलोकन भ्रमण गर्ने र उक्त प्रविधिका बारेमा विद्यार्थीलाई जानकारी दिने | | ?<br>● तपाईंको खेतबारीमा कृषि प्रविधिको प्रयोग गर्ने गरेको छ कि छैन ?<br>● विद्यालय नजिकैका खेतबारीमा कुनै कृषि प्रविधिको प्रयोग गरेको छ भने त्यसबारेमा तपाईंको अनुभव सुनाउनुहोस् । | |
| **६. हाम्रा पर्यटकीयस्थल र पर्यटन** | ● पालाजु झरना र सिम्बा झरना चिन्न<br>● यी दुई झरनाको पर्यटकीय मूल्य र महत्व थाहा पाउन साथै स्थानीय नामले मास्नुहुँदैन भने थाहा पाउन | ● लुङ स्योङ/सिम्बा झरना र पालाजु झरना (महाङ्काल गाउँपालिकाको मानिखेलस्थित लुङ स्योङ/सिम्बा झरना र बुखेलस्थित पालाजु झरनाको परिचय र आन्तरिक पर्यटन प्रवर्द्धनमा यी दुई झरनाको महत्व) | ● महाङ्काल गाउँपालिकाको बुखेलस्थित पालाजु र मानिखेलस्थित लुङ स्योङ/सिम्बा झरनाको श्रव्यदृश्य सामग्री देखाउने<br>● यी दुई झरनाको विशेषता बताउने<br>● यस्ता पर्यटकीय स्थलका नाम राख्दा स्थानीय मौलिक नामलाई कायम राख्नुपर्छ भनेर चिनाउने, अन्यथा यसले मौलिकता गुमाउँछ भनेर बताउने<br>● यी दुई झरना हेर्न विभिन्न ठाउँबाट मानिसहरू आउने गरेको उदाहरण दिने<br>● यी झरना हेर्ना आउँदा मानिसहरूले पसल, खाजाघर र होटलले आम्दानी गर्ने गरेको उदाहरण प्रस्तुत गर्ने<br>● यी दुई झरनालाई अझ कसरी सौन्दर्यीकरण गर्न | ● लुङ स्योङ/सिम्बा झरना र पालाजु झरनासम्बन्धी श्रव्यदृश्य सामग्री | प्रश्नोत्तर (लिखित प्रश्न)<br><br><u>उदाहरण</u><br><br>● लुङ स्योङ/सिम्बा झरना र पालाजु झरनाका विशेषता उल्लेख गरेर दुईओटा छुट्टाछुट्टै अनुच्छेद तयार पार्नुहोस् ।<br>● यी दुई झरनाबाट महाङ्काल गाउँपालिकाका पसल, खाजाघर र होटलले कसरी फाइदा लिन सक्छ ? बताउनुहोस् ।<br>● यी दुई झरनालाई कसरी अझ सुन्दर बनाउन सकिन्छ होला ? छलफल गर्नुहोस् र उपायहरू बताउनुहोस् । | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | सकिन्छ भनेर छलफल गर्ने | | | |
| | ● खोर भञ्ज्याङ र विमिरे चौर चिन्न<br>● यी दुई डाँडाको पर्यटकीय मूल्य र महत्व थाहा पाउन | ● खोर भञ्ज्याङ र विमिरे चौर (महाङ्काल गाउँपालिकाको मानिखेलस्थित खोर भञ्ज्याङ र बुखेलस्थित विमिरे चौरको चिनारी र पर्यटकीय महत्व) | ● महाङ्काल गाउँपालिकाका दुईओटा अग्ला डाँडा खोर भञ्ज्याङ र विमिरे चौरको अवलोकन गर्ने अथवा यी दुई ठाउँको श्रव्यदृश्य सामग्री देखाउने<br>● यी दुई अग्ला डाँडाका विशेषता बताउने<br>● यी दुई ठाउँमा पुगेर कुन-कुन ठाउँलाई हेर्न र देख्न सकिन्छ भनेर बताउने<br>● यी दुई ठाउँमा घुम्न विभिन्न ठाउँबाट मानिसहरू आउने गरेको दृष्टान्त प्रस्तुत गर्ने<br>● अग्ला डाँडा नै हाम्रा प्राकृतिक भ्युटावर हुन् भनेर चिनाउने<br>● यी दुई ठाउँ घुम्न आउँदा यस ठाउँको आसपासमा रहेका पसल, खाजाघर अथवा होटलले आम्दानी गर्न सक्छ भनेर उदाहरण प्रस्तुत गर्ने | ● खोर भञ्ज्याङ र विमिरे चौरको तस्बिर अथवा श्रव्यदृश्य सामग्री | प्रश्नोत्तर (लिखित प्रश्न)<br><br><u>उदाहरण</u><br><br>● खोर भञ्ज्याङ र विमिरे चौरका विशेषता उल्लेख गर्नुहोस् ।<br>● यी दुई अग्ला डाँडाबाट कुन-कुन ठाउँ हेर्न र देख्न सकिन्छ ?<br>● यी दुई ठाउँ घुम्न कहाँ कहाँबाट मानिसहरू आउँछन् ?<br>● खोर भञ्ज्याङ र विमिरे चौर घुम्न आउँदा यहाँका पसल, खाजाघर र होटलले कसरी आम्दानी गर्न सक्छ ? उदाहरण दिनुहोस् । | |
| | ● रमिते डाँडा र मृग बिसौनी चिन्न साथै यी दुईको पर्यटकीय मूल्य तथा महत्व थाहा पाउन<br>● आफ्नो गाउँ तथा महाङ्काल गाउँपालिकाको भूगोलको | ● रमिते डाँडा र मृग बिसौनी (महाङ्काल गाउँपालिकाको अग्ला डाँडा रमिते डाँडा र मृग बिसौनीको परिचय र यी दुईको पर्यटकीय महत्व) | ● महाङ्काल दुई अग्ला डाँडा रमिते र मृग बिसौनीको तस्बिर अथवा श्रव्यदृश्य सामग्री देखाउने<br>● यी दुई ठाउँको विशेषता बताउने<br>● यी दुई ठाउँलाई कसरी पर्यटकीय स्थलको रूपमा विकास गर्न | ● रमिते डाँडा र मृग बिसौनीका तस्बिर अथवा श्रव्यदृश्य सामग्री | प्रश्नोत्तर (लिखित प्रश्न)<br><br><u>उदाहरण</u><br><br>● रमिते डाँडा र मृग बिसौनी डाँडाको विशेषता उल्लेख गरेर दुईओटा फरक फरक अनुच्छेद तयार पार्नुहोस् र | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | पर्यटकीय मूल्य र महत्व थाहा पाउन | | सकिन्छ भनेर उदाहरणसहित बताउने<br>● यी दुई ठाउँ घुम्न आउँदा महाङ्काल गाउँपालिकाका पसल, खाजाघर र होटललाई कसरी फाइदा हुन्छ भनेर उदाहरण दिने | | कक्षाकोठामा अथवा विद्यालयको बिहानीसभामा सुनाउनुहोस् ।<br>● यी दुई डाँडा हेर्न आउँदा अथवा घुम्न आउँदा महाङ्काल गाउँपालिकाका पसल, खाजाघर अथवा होटलले कसरी आम्दानी गर्न सक्छ ? बताउनुहोस् । | |
| **७. हाम्रा चालचलन** | ● हाम्रा रैथाने खानेकुरा र खानपान संस्कृति चिन्न<br>● अन्य खानेकुरोको साटो रैथाने खानेकुरा नै खान | ● हाम्रा खानेकुरा र खानपान संस्कृति (महाङ्काल गाउँपालिकाका बासिन्दाले खाने खानेकुराको परिचय जस्तैः ढिँडो, रोटी, दाल, भात, चाम्रे, अचार, भुटेको मकै, गुन्द्रुकको अचार, ठोट्नेको अचार, असला माछा, पाहा, सिस्नु, अल्लो आदि र खानपान संस्कृतिको जानकारी) | ● कस्ता खानेकुरालाई रैथाने खानेकुरा भनिन्छ भनेर विभिन्न उदाहरण दिने,<br>● विद्यार्थीलाई उनीहरूका घरमा पाक्ने विभिन्न खानेकुराका नाम सोध्ने र तीमध्ये कुन-कुन रैथाने खानेकुरा हुन् भनेर चिनाउने<br>● हाम्रा खानपान संस्कृतिमा खानेकुरा खाने समय बताउने र ती समय कति वैज्ञानिक छन् भनेर समय बताउने जस्तैः बेलुका छिट्टै खाना खानु स्वास्थ्यका लागि लाभदायक<br>● महाङ्काल गाउँपालिकाका बासिन्दाले खाने रैथाने खानेकुराका नाम बताउने<br>● रैथाने खानेकुरा खाँदा हुने स्वास्थ्य र आर्थिक दुवै फाइदा चिनाउने<br>● रैथाने खानेकुरा | ● रैथाने खानाका नामसहितको तस्बिर अथवा श्रव्यदृश्य सामग्री<br>● रैथाने खाजा | प्रश्नोत्तर (लिखित प्रश्न)<br><u>उदाहरण</u><br>● तपाईंको घरमा पाक्ने रैथाने खानेकुराका नाम भन्नुहोस् ।<br>● तपाईं र तपाईंको साथीले विद्यालयमा खाजा लाँदा कस्ता कस्ता किसिमका रैथाने खानेकुरा लानुहुन्छ ?<br>● महाङ्काल गाउँपालिकाका बासिन्दाले खाने रैथाने खानेकुराका नाम बताउनुहोस् ।<br>● रैथाने खानेकुरा खानुका आर्थिक र स्वास्थ्य फाइदाका बारेमा बताउनुहोस् ।<br>● विद्यार्थीले विद्यालयमा खाजा खाँदा रैथाने खानेकुरा खान्छन् कि खाँदैनन् यकिन गरेर अभिलेख राख्नुहोस् । | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | खान विद्यार्थीलाई प्रोत्साहन गर्ने जस्तैः विद्यालयमा खाजा खाँदा पसलमा किनेको खाजाको सट्टा रैथाने खाजाको प्रयोग आदि<br>● शिक्षकले स्वयम् रैथाने खाजा खाएर विद्यार्थीलाई प्रोत्साहित गर्ने | | | |
| | ● स्थानीय मेला, पर्व र जात्रा चिन्न<br>● आफ्नो गाउँ अथवा महाङ्काल गाउँपालिकामा विभिन्न समयमा हुने मेला, पर्व र जात्रा चिन्न र सहभागी हुन | ● हाम्रा मेला, पर्व र जात्रा (महाङ्काल गाउँपालिकामा प्रचलित विभिन्न मेला, पर्व र जात्राको परिचय) | ● मेला, पर्व र जात्रा चिनाउने<br>● विद्यालय नजिकै कुनै अवसरमा मेला, पर्व र जात्रा लाग्ने गरेको छ अवलोकन भ्रमण गर्ने र यसका विशेषता चिनाउने<br>● स्थानीय मेला, पर्व र जात्रा किन महत्वपूर्ण छन् भनेर कारण बताउने<br>● महाङ्काल गाउँपालिकामा विभिन्न समयमा हुने मेला, पर्व र जात्रा चिनाउने र ती मेला, पर्व र जात्राका विशेषतासमेत चिनाउने | ● महाङ्काल गाउँपालिकाका मेला, पर्व र जात्रासम्बन्धी श्रव्यदृश्य सामग्री<br>● अवलोकन भ्रमणका लागि आवश्यक पर्ने सामग्री | प्रश्नोत्तर (लिखित प्रश्न)<br><u>उदाहरण</u><br>● तपाईँको टोल तथा गाउँमा लाग्ने मेला, पर्व र जात्राका नाम भन्नुहोस् ।<br>● ती मेला, पर्व र जात्राका विशेषता बताउनुहोस् ।<br>● महाङ्काल गाउँपालिकाका विभिन्न समयमा लाग्ने मेला, पर्व र जात्राका नाम भन्नुहोस् र ती मेला, पर्व र जात्राका विशेषता पनि उल्लेख गर्नुहोस् । | |
| **८. नागरिक चेतना** | ● हाम्रा कर्तव्य र अधिकार चिन्न<br>● भविष्यमा सभ्य नागरिकका रूपमा कर्तव्य पालना गर्न र अधिकार माग्न | ● हाम्रा कर्तव्य र अधिकार (नागरिकका रूपमा हाम्रा कर्तव्य र अधिकारको परिचय र भविष्यमा अभ्यासका लागि प्रोत्साहन) | ● अधिकार र कर्तव्य दृष्टान्त तथा उदाहरणसहित चिनाउने<br>● नागरिकका रूपमा कर्तव्य पालना गर्नुपर्छ र अधिकार लिन जान्नुपर्छ भन्ने चेतना दृष्टान्त तथा उदाहरणसहित बुझाउने<br>● कर्तव्य र अधिकारबिचको | ● कर्तव्य झल्काउने चित्र, तस्बिर अथवा श्रव्यदृश्य सामग्री<br>● अधिकार झल्काउने चित्र, तस्बिर अथवा श्रव्यदृश्य सामग्री | प्रश्नोत्तर (लिखित प्रश्न)<br><u>उदाहरण</u><br>● कर्तव्य र अधिकार भनेको के हो ? उदाहरण दिनुहोस् र प्रस्ट पार्नुहोस् ।<br>● कर्तव्य र अधिकारबिच के भिन्नता छन् ? | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | भिन्नता बताउने<br>● आजका बालबालिका नै भोलिका नागरिक हुन् यसकारण भविष्यमा आफ्नो कर्तव्य पालना गर्न र अधिकार प्रयोग गर्न अभिप्रेरित गर्ने | | | |

**६. एकीकृत पाठ्यक्रमका मूलभूत मान्यता र महाङ्काल गाउँपालिकाको स्थानीय पाठ्यक्रम**

पाठ्यक्रममा वैकल्पिक ढाँचा खोजी गर्ने क्रममा एकीकृत पाठ्यक्रमको अवधारणा विकास भएको हो । विषयगत पाठ्यक्रम अलग-अलग विषयका आ-आफ्नै तरिकाले शिक्षण गर्ने गरी निर्माण गरिएको हुन्छ । यसले विषयवस्तुलाई अन्तरसम्बन्धित गराउँदैन । एकीकृत पाठ्यक्रम एक अन्तर्राष्ट्रिय अभ्यास हो । यसमा विभिन्न प्रकारका ढाँचाका प्रयोग भएको पाइन्छ ।

**राष्ट्रिय पाठ्यक्रम प्रारूप- २०७६** ले विद्यालय शिक्षालाई आधारभूत र माध्यमिक तह गरी दुई तहमा विभाजन गरेको छ । कक्षा १ देखि कक्षा ८ सम्म आधारभूत तह हो । कक्षा ९ देखि कक्षा १२ सम्म माध्यमिक तह हो । आधारभूत तहको कक्षा १ मा प्रवेश गर्नुपूर्व १ वर्षको प्रारम्भिक बाल विकास ( Early Childhood Development) तथा शिक्षाको व्यवस्था छ । माध्यमिक शिक्षाका तीन धार रहेका छन् । तिनीहरू साधारण, प्राविधिक तथा व्यावसायिक र परम्परागत धार हुन् । आधारभूत तह (कक्षा १-८) मा विद्यार्थीले हासिल गर्नुपर्ने तहगत सक्षमता निम्नबमोजिम निर्धारण गरिएका छन्:

- देशप्रेम तथा राष्ट्रिय एकताको भावना एवम् लोकतान्त्रिक मूल्य, मान्यता तथा संस्कार व्यवहारमा प्रदर्शन
- भाषिक तथा सञ्चार सिपको विकास र व्यावहारिक, सिर्जनात्मक एवम् सान्दर्भिक प्रयोग
- सूचना र विचारहरूको आदानप्रदान, विश्लेषण तथा सूचना प्रविधिको समुचित प्रयोग
- तार्किक तथा व्यावहारिक गणितीय ज्ञान, सिप एवम् अभिवृत्ति विकास र प्रयोग
- वैज्ञानिक अवधारणा, तथ्य, सिद्धान्त र नियमप्रतिको जिज्ञासा एवम् बोध र व्यावहारिक जीवनमा प्रयोग
- मानव मूल्य र मान्यता एवम् सामाजिक गुणको विकास तथा नागरिक कर्तव्यप्रति सजगता
- जनसङ्ख्या, वातावरण संरक्षण र दिगो विकासबिचको अन्तरसम्बन्धको बोध र व्यवस्थापनमा सहयोग
- शारीरिक तन्दुरुस्ती, स्वस्थकर जीवनशैली र जीवनोपयोगी सिप (Life Skills) को विकास
- स्थानीय, आधुनिक पेसा, व्यवसाय र प्रविधि एवम् श्रमप्रति सम्मान तथा व्यवहार-कुशल सिप (Soft Skills) को प्रयोग
- नेपाली कला, साहित्य र संस्कृतिको संरक्षण तथा संवर्धन एवम् सिर्जनशीलताको विकास र प्रयोग
- राष्ट्रिय तथा अन्तर्राष्ट्रिय परिवेशसँग परिचित भई विविधता, विश्व बन्धुत्व र सहअस्तित्व बोध तथा स्वीकार
- दैनिक जीवनमा आइपर्ने व्यावहारिक समस्याका पहिचान, विश्लेषण तथा समाधान

**महाङ्काल गाउँपालिका**को स्थानीय पाठ्यक्रममा मूलतः यो क्षेत्रको भूगोल, पर्यावरण, जैविक विविधता, विकासका पूर्वाधार, भाषा, जीवनशैली, रहनसहन, स्थानीय कला, सिप, प्रविधि, सिप सिकाइ, कृषि, पर्यटन, पेसा, व्यवसाय, उद्योग, नैतिक शिक्षा, नागरिक चेतना, व्यक्तित्व तथा नेतृत्व विकास, बालसंसार र मनोरञ्जनलाई मुख्य विषयवस्तुका रुपमा एकीकृत गरेर बहुविधात्मक उपागम (Multi-Disciplinary Approach) विधि प्रयोग गरिएको छ । यो स्थानीय पाठ्यक्रममा **राष्ट्रिय पाठ्यक्रम प्रारूप- २०७६** को मर्मअनुसार एकीकृत पाठ्यक्रममा उल्लेख गरिएका व्यवहार-कुशल सिपहरू (Soft Skills) लाई मार्गदर्शक सिद्धान्तका रूपमा अवलम्बन गरिएको छ । ती सिपहरू र तिनीहरूको विस्तृतीकरण निम्नानुसार रहेका छन्:

**क. सोचाइ सिपहरू (Thinking Skills)**

- प्रयोग सिप (Application Skills)
- सिकाइ सिप (Learning Skills)
- रचनात्मक सोचाइ सिप (Creative Thinking Skills)
- समालोचनात्मक सोचाइ सिप (Critical Thinking Skills)
- निर्णय तथा समस्या समाधान सिप (Decision Making and Problem Solving Skills)

**ख. वैयक्तिक सिपहरू** (Intrapersonal Skills)

- स्व-व्यवस्थापन सिप (Self-Management Skills)
- स्वाभिमान सिप (Self-Esteem Skills)
- इमानदारी, स्व-अनुशासन सिप (Integrity/Honesty/Self-Discipline Skills)
- समय व्यवस्थापन सिप (Time Management Skills)
- व्यक्तिगत लक्ष्य निर्धारण र अग्रसरता सिप (Personal Goal Setting and Initiative Skills)
- स्वतन्त्र सिकाइ, लचकता र अनुकूलनता (Independent Learning, Flexibility and Adaptability Skills)
- जिम्मेवारी एवम् प्रतिबद्धता सिप (Responsibility and Commitment Skills)

**ग. अन्तरवैयक्तिक सिपहरू (Interpersonal Skills)**

- सञ्चार सिप (Communication Skills)
- सहकार्य सिप (Collaboration Skills)
- सहयोग तथा सहानुभूति सिप (Cooperation and Empathy Skills)
- सक्रियतापूर्वक सुन्ने सिप (Active Listening Skills)
- सांस्कृतिक सिपहरू, नैतिकता (Cultural Skills/Ethics)

**घ. सूचना प्रविधि तथा बहुसाक्षरता सिपहरू (Multi-Literacy Skills)**

- आधारभूत साक्षरता (Basic Literacy)
- प्राविधिक साक्षरता (Technological Literacy)
- दृश्य साक्षरता (Visual Literacy)
- सूचना साक्षरता (Information Literacy)
- बहुसांस्कृतिक साक्षरता (Multi-Cultural Literacy)

**ङ. नागरिक सिप (Citizenship Skills)**

- सहनशीलता र खुलापन (Tolerance and Openness)
- विविधताको सम्मान र अन्तरसांस्कृतिक बुझाइ (Respect for Diversity and Intercultural Understanding)
- लोकतान्त्रिक, सहभागितात्मक र समतामूलक मूल्य (Democratic, Participatory and Equitable Value)
- वातावरणप्रति सजगता र सम्मान (Awareness of and Respect for Environment)
- राष्ट्रिय पहिचान र अपनत्वको अनुभूति (National Identity and Sense of Belonging)
- सामाजिक एवम् नागरिक जिम्मेवारी (Social and Civic Responsibility)
- वैयक्तिक जिम्मेवारी (Personal Responsibility)

एकीकृत पाठ्यक्रमले सिकाइलाई दैनिक जीवन पद्धतिसँग जोड्ने प्रयास गर्दछ । व्यवहार-कुशल सिप (Soft Skills) हासिल गर्न एकीकृत पाठ्यक्रमले सिकाइको संयोजन र एकीकरण गर्छ । सिकाइको खण्डीकरण हुन दिँदैन । एक विषयक्षेत्रको सिकाइले अर्को विषयक्षेत्रको सिकाइलाई सहयोग गर्ने गरी अन्तरसम्बन्धित गरेर एकीकृत सिकाइमा जोड दिन्छ । एकीकृत पाठ्यक्रमको मर्मअनुसार यो स्थानीय पाठ्यक्रमलाई बहुविषयात्मक, अन्तरविषयक बनाइएको छ । यसले **महाङ्काल गाउँपालिका**भित्रका विविधता, बहुलता र भौगोलिक एवम् सांस्कृतिक पहिचानलाई समेट्ने लक्ष्य राखेको छ । यो पाठ्यक्रमलाई एकीकृत स्वरूपको बनाउने क्रममा भूगोल, पर्यावरण, जैविक विविधता, विकासका पूर्वाधार, भाषा, जीवनशैली, रहनसहन, स्थानीय कला, सिप, प्रविधि, सिप सिकाइ, कृषि, पर्यटन, पेसा, व्यवसाय, उद्योग, नैतिक शिक्षा, नागरिक चेतना, व्यक्तित्व तथा नेतृत्व विकास, बालसंसार र मनोरञ्जन लगायतका बहुविधाहरू जोडेर अन्तर्विषयक बनाइएको छ । विद्यार्थीले जीवनोपयोगी सिप र व्यवहार-कुशल सिप आर्जन गर्न सकून् भन्ने दिशामा यो पाठ्यक्रम केन्द्रित रहेको छ ।

**७. कार्यघण्टा वितरण तालिका**

**कक्षा** १, २ **र** ३ **पाठ्यघण्टा**

: ५

| क्र.सं. | क्षेत्र/एकाइ | पाठ सङ्ख्या | वार्षिक कार्यघण्टा (१६०) |
|---|---|---|---|
| १. | **हाम्रो बालसंसार** | २ | १५ |
| २. | **हाम्रा असल आनीबानी** | ३ | २३ |
| ३. | **हाम्रो वरपर** | ३ | २३ |
| ४. | **हाम्रा काम र सिप** | ४ | ३० |
| ५. | **हाम्रा काम र आम्दानी** | ४ | ३० |
| ६. | **हाम्रा रमाइला ठाउँ र पाहुना** | ३ | २४ |
| ७. | **हाम्रा चलन** | २ | १५ |
| | **जम्मा** | २१ | १६० |

**कक्षा ४ र ५** **पाठ्यघण्टा : ४**

| क्र.सं. | क्षेत्र/एकाइ | पाठ सङ्ख्या | वार्षिक कार्यघण्टा (१२८) | अङ्कभार (५०) |
|---|---|---|---|---|
| १. | **बालसंसार र मनोरञ्जन** | २ | १२ | ४ |
| २. | **नैतिक शिक्षा र व्यक्तित्व विकास** | ३ | १७ | ७ |
| ३. | **हाम्रो सेरोफेरो** | ३ | १७ | ७ |
| ४. | **हाम्रा स्थानीय कला र सिप** | ४ | २३ | ९ |
| ५. | **हाम्रा आम्दानीका स्रोत** | ४ | २३ | ९ |
| ६. | **हाम्रा पर्यटकीयस्थल र पर्यटन** | ३ | १७ | ७ |
| ७. | **हाम्रा चालचलन** | २ | १२ | ५ |
| ८. | **नागरिक चेतना** | १ | ७ | २ |
| | **जम्मा** | २२ | १२८ | **५०** |

**पुनश्चः** कक्षा १-३ को पाठ्यक्रममा ५ (पाँच) पाठ्यघण्टा (Credit Hour) रहने व्यवस्था छ । कक्षा ४-८ को पाठ्यक्रममा ४ (चार) पाठ्यघण्टा (Credit Hour) रहने व्यवस्था छ । पठनपाठन सञ्चालनका लागि उपयोग भएको ३२ घण्टाको समयावधिलाई १ पाठ्यघण्टा (Credit Hour) मानिएको छ । स्थानीय पाठ्यक्रम पठनपाठनका लागि कक्षा १-३ को वार्षिक कार्यघण्टा १६० र कक्षा ४-८ को वार्षिक कार्यघण्टा १२८ रहने गरी **राष्ट्रिय पाठ्यक्रम प्रारूप- २०७६** अन्तर्गत **आधारभूत तहको पाठ्यक्रम**ले व्यवस्था गरेको छ ।

### ८. विद्यार्थी मूल्याङ्कन प्रक्रिया

विद्यालय शिक्षामा आधारभूत तहको कक्षा १-३ को सिकाइ मूल्याङ्कनमा निर्णयात्मक पद्धतिले सिकाइमा योगदान गर्न नसक्ने मान्यता रहेको छ । त्यसकारण कक्षाकोठामा आधारित मूल्याङ्कनका तरिका र साधनहरू प्रयोग गर्ने गरिन्छ । यस्तो मूल्याङ्कनको अभिलेखलाई सञ्चित गरिन्छ । निरन्तर मूल्याङ्कन पद्धति (Continuous Assessment System) का नामले समेत चिनिने यो पद्धतिको उद्देश्य निरन्तरको अभिलेखमार्फत विद्यार्थीलाई पृष्ठपोषण दिएर समग्र सिकाइ स्तरमा सुधार ल्याउनु हो । यो निर्माणात्मक स्वरूपको हुन्छ । कक्षा १-३ मा गरिने निर्माणात्मक मूल्याङ्कनलाई सिकाइ प्रक्रियाकै एक अभिन्न अङ्गका रूपमा प्रयोग गर्नुपर्छ । निर्माणात्मक मूल्याङ्कनले सिकाइको लेखाजोखा गर्दछ । कक्षा १-३ का प्रत्येक विद्यार्थीको कार्यसञ्चयिका फाइल (Portfolio File) बनाएर व्यवस्थित गर्नुपर्छ । कार्यसञ्चयिका फाइललाई विद्यार्थीको कक्षाकार्य, परियोजना कार्य, उपलब्धि परीक्षा, विद्यार्थीमा आएको व्यावहारिक परिवर्तनको अवलोकन, हाजिरी आदिका माध्यमद्वारा अद्यावधिक गर्नुपर्छ । यो तहमा कक्षाकार्यमै बढी जोड दिनुपर्छ । निरन्तर मूल्याङ्कनका क्रममा आवश्यक व्यवहार-कुशल सपमा विद्यार्थीले हासिल गरेको सक्षमताको पनि लेखाजोखा गर्नुपर्छ । आवश्यकताअनुसार सिकाइ क्रियाकलापमा सुधार गर्नुपर्छ । यसको उद्देश्य न्यूनतम सिकाइ स्तर सुनिश्चित गर्नु हो । शिक्षण सिकाइका क्रममा विद्यार्थीको नियमित मूल्याङ्कनका लागि प्रयोग गर्न सकिने कार्य तथा साधनहरू निम्नानुसार छन्:

| क्र.सं. | मूल्याङ्कनका तरिका | मूल्याङ्कनका साधन | कैफियत |
|---|---|---|---|
| १. | अवलोकन | रुजूसूची, रुब्रिक्स र श्रेणी मापन, मौखिक प्रश्न, फाराम, घटना वर्णन | |
| २. | मौखिक कार्य | प्रश्न, चित्र, पठन सामग्री, सन्दर्भ, घटना, श्रव्य तथा दृश्य सामग्री | |
| ३. | लिखित कार्य | प्रश्न, घटना, सन्दर्भ, पठन सामग्री, श्रव्य तथा दृश्य सामग्री | |
| ४. | परियोजना तथा प्रयोगात्मक कार्य | रुजूसूची, रुब्रिक्स र श्रेणी मापन, मौखिक प्रश्न | |

| | | | |
|---|---|---|---|
| ५. | कार्यसम्पादन तथा प्रदर्शन | रुजूसूची, रुब्रिक्स र श्रेणी मापन, मौखिक प्रश्न | |
| ६. | सहपाठी मूल्याङ्कन | रुजूसूची, श्रेणी मापन, फाराम | |
| ७. | स्व-मूल्याङ्कन | रुजूसूची, श्रेणी मापन, फाराम | |
| ८. | अभिभावकको प्रतिक्रिया | रुजूसूची, श्रेणी मापन, फाराम | |
| ९. | कुराकानी, छलफल | रुजूसूची, श्रेणी मापन, फाराम | |

माथि उल्लिखित मूल्याङ्कनका तरिका र साधनमध्ये उपयुक्त तरिका तथा साधन प्रयोग गरी विद्यार्थीको उपलब्धि परीक्षण गरेर उपलब्धि स्तरलाई निम्नानुसार रेटिङ गर्नुपर्दछः

| उपलब्धि स्तर | मापन | उपलब्धि स्तरको सामान्य व्याख्या |
|---|---|---|
| कमजोर (Below Basic) | १ | मुख्य सिकाइ उपलब्धि हासिल गर्न नसकेको, सबैजसो सिकाइ उपलब्धिका लागि सुधारात्मक सिकाइ आवश्यक भएको |
| सामान्य (Basic) | २ | मुख्य सिकाइ उपलब्धि आंशिक रूपमा हासिल गरेको तर सुधारात्मक सिकाइ आवश्यक भएको |
| राम्रो (Proficient) | ३ | मुख्य सिकाइ उपलब्धि हासिल गरेको |
| उच्च (Advanced) | ४ | माथिल्लो स्तरको सिकाइ उपलब्धि हासिल गरेको |

विद्यार्थीको मुख्य सिकाइ उपलब्धिलाई उनीहरूको सिकाइ स्तरअनुसार १ देखि ४ सम्म रेटिङ गर्नुपर्छ । सामान्यतया प्रत्येक विद्यार्थीको सिकाइ स्तर न्यूनतम ३ पुऱ्याउने गरी सुधारात्मक सिकाइ क्रियाकलाप सञ्चालन गर्नुपर्छ । विषयक्षेत्रअन्तर्गतका सिकाइ उपलब्धिको अङ्कन गरिसकेपछि विषयक्षेत्रको समग्र उपलब्धि प्रतिशत निम्नानुसार निकाल्नुपर्छः

$$\textbf{क्षेत्रगत उपलब्धि प्रतिशत} = \frac{\textbf{उपलब्धि स्तरको अङ्कको जोड}}{\textbf{४} \times \textbf{मूल्याङ्कन गरिएका सिकाइ उपलब्धिको सङ्ख्या}} \times १००$$

उपलब्धि प्रतिशतलाई अक्षराङ्कन (Letter Grading) सँग मिलान गरी विद्यालय शिक्षा (कक्षा १ - १२) मा निम्नानुसार ग्रेड निर्धारण गर्नुपर्ने छः

| क्र.सं. | उपलब्धि प्रतिशत | स्तरीकृत अङ्क (GPA) | अक्षरमा उपलब्धि स्तर | उपलब्धि स्तरको व्याख्या |
|---|---|---|---|---|
| १. | ९० र सोभन्दा माथि | ४.० | $A^+$ | सर्वोत्तम (Outstanding) |
| २. | ८० र सोभन्दा माथि ९० भन्दा कम | ३.६ | A | अत्युत्तम (Excellent) |
| ३. | ७० र सोभन्दा माथि ८० भन्दा कम | ३.२ | $B^+$ | उत्कृष्ट (Very Good) |
| ४. | ६० र सोभन्दा माथि ७० भन्दा कम | २.८ | B | उत्तम (Good) |
| ५. | ५० र सोभन्दा माथि ६० भन्दा कम | २.४ | $C^+$ | सन्तोषजनक (Satisfactory) |
| ६. | ४० र सोभन्दा माथि ५० भन्दा कम | २.० | C | ग्राह्य (Acceptable) |
| ७. | ३५ र सोभन्दा माथि ४० भन्दा कम | १.६ | D | आधारभूत (Basic) |
| ८. | ३५ भन्दा कम | - | NG | अवर्गीकृत |

| | | | | |
|---|---|---|---|---|
| | | | | (Not Graded) |

कक्षाको अन्त्यमा सबै सिकाइ उपलब्धिमा प्राप्त उपलब्धि स्तरको अङ्कका आधारमा विद्यार्थीको विषयक्षेत्रगत समग्र उपलब्धि स्तर निर्धारण गर्न सकिन्छ । विषयक्षेत्रगत समग्र उपलब्धि प्रतिशत निम्नानुसार निकाल्नुपर्छः

$$\text{विषयक्षेत्रगत समग्र उपलब्धि प्रतिशत} = \frac{\text{उपलब्धि स्तरको अङ्कको जोड}}{४ \times \text{मूल्याङ्कन गरिएका सिकाइ उपलब्धिहरूको सङ्ख्या}} \times १००$$

निर्माणात्मक मूल्याङ्कन पद्धतिअनुसार विद्यार्थीका व्यक्तिगत तथा स्वास्थ्यसम्बन्धी विवरणहरू तल दिइएअनुसार विकास गर्न सकिन्छ ।

**विद्यार्थीको व्यक्तिगत विवरण**

**विद्यार्थीको वैयक्तिक तथा पारिवारिक विवरण**

क) विद्यालयको नाम : ......................................................................

ख) ठेगाना : ..................................................................................

ग) विद्यार्थीको नाम : ........................................................................

घ) जन्म मिति : ...............................................................................

ङ) विद्यार्थीको घरको ठेगाना : ..........................................................

च) पारिवारिक विवरण :

अ) आमाको नाम : ..........................पेसा : .............. सम्पर्क नं. : ..............

आ) बुबाको नाम : ..........................पेसा : .............. सम्पर्क नं. : ...............

छ) बुबाआमाबाहेक कसैले अभिभावकत्व लिएको भएमा स्थानीय अभिभावकको :

अ) नाम : ..........................पेसा : ................... सम्पर्क नं. : ..............

आ) विद्यार्थीसँगको नाता : .............................................

ज) विद्यालय भर्ना मिति र कक्षा : ...............................................

झ) मातृभाषा, घरपरिवारमा बोलिने भाषा र अन्य भाषिक क्षमता : ................................

ञ) अघिल्लो अनुभव :

अ) कक्षा १ भर्ना भएको भए प्रारम्भिक बाल विकास तथा शिक्षाको अनुभव भएनभएको

.............................................................................................................

आ) अन्य कक्षामा भर्ना भएको भए अन्य विद्यालयको अनुभव

.............................................................................................................

**स्वास्थ्यसम्बन्धी विवरण**

क) तौल र उचाइ

| मिति | तौल (के.जी.मा) | उचाइ (से.मि.मा) | प्रतिक्रिया (यदि छ भने) |
|---|---|---|---|
| | | | |

| | | | |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |

ख) कुनै विशेष रोग भएमा सोबारे टिपोट : ...................................................................

ग) कुनै अपाङ्गता भएमा सोको विवरण : ....................................................................

घ) अन्य कुनै विवरण उल्लेख गर्न आवश्यक भए : ..........................................................

<u>विद्यार्थीको समग्र प्रगति प्रतिवेदन</u>

**विद्यार्थीको नाम :** **कक्षा :** **रोल नं. :**

**विद्यालयको नाम :** **सङ्केत नं. :** **वर्ष :**

**उपस्थिति : विद्यालय सञ्चालन भएको दिन :** ................ **उपस्थित भएको दिन र प्रतिशत :**................,...................

| क्र.सं | विषयक्षेत्र | पाठ्यघण्टा | सिकाइ उपलब्धि सङ्ख्या | स्तरअनुसार उपलब्धि सङ्ख्या[क] | समग्र उपलब्धि स्तर[ख] |
|---|---|---|---|---|---|
| १. | **नेपाली** | ५ | | कमजोर :<br>सामान्य :<br>राम्रो :<br>उच्च : | |
| २. | **गणित** | ४ | | कमजोर :<br>सामान्य :<br>राम्रो :<br>उच्च : | |
| ३. | **अङ्ग्रेजी** | ४ | | कमजोर :<br>सामान्य :<br>राम्रो :<br>उच्च : | |
| ४. | **हाम्रो सेरोफेरो** | ८ | | कमजोर :<br>सामान्य :<br>राम्रो : | |

| | | | | उच्च : | |
|---|---|---|---|---|---|
| ५. | **स्थानीय विषय** | ५ | | **कमजोर :**<br>**सामान्य :**<br>**राम्रो :**<br>**उच्च :** | |

| .............................. | ............................... | ............................... |
|---|---|---|
| **कक्षा शिक्षक** | **प्रधानाध्यापक** | **मिति** |

क) विषयगत सिकाइ उपलब्धि मापनको अभिलेखका आधारमा कमजोर : १ अङ्क प्राप्त उपलब्धि सङ्ख्या, सामान्य : २ अङ्क प्राप्त उपलब्धि सङ्ख्या, राम्रो : ३ अङ्क प्राप्त उपलब्धि सङ्ख्या, उच्च : ४ अङ्क प्राप्त उपलब्धि सङ्ख्या

ख) विषयगत सिकाइ उपलब्धि प्रतिशतका आधारमा समग्र विषयक्षेत्रगत सिकाइ उपलब्धि स्तर सर्वोत्तम (९०-१००%) लाई A+, अत्युत्तम (८०-९०%) लाई A, उत्कृष्ट (७०-८०%) लाई B+, उत्तम (६०-७०%) लाई B, सन्तोषजनक (५०-६०%) लाई C+, ग्राह्य (४०-५०%) लाई C, आधारभूत (३५-४०%) लाई D र अवर्गीकृत (३५ भन्दा कम) लाई NG स्तर निर्धारण गर्नुपर्दछ ।

### ८.१ **विद्यार्थी मूल्याङ्कन (कक्षा ४-८)**

प्रस्तुत स्थानीय पाठ्यक्रमले विद्यार्थीमा व्यवहारकुशल सिप (Soft Skills) तथा जीवनोपयोगी सिप विकास हुने अपेक्षा गरेको छ । यसका निम्ति पाठ्यक्रमलाई जतिसक्दो एकीकृत ढाँचाअनुसार निर्माण गरिएको छ । पाठ्यक्रमले तय गरेको उद्देश्य प्राप्तिका लागि शिक्षकले सिकाइ क्रियाकलापलाई अन्तरविषयक (Interdisciplinary) बनाउनु आवश्यक छ । एकीकृत पाठ्यक्रमको मर्म पनि यही हो ।

पाठ्यक्रमले अपेक्षा गरेका सक्षमता र सिकाइ उपलब्धि हासिल भए नभएको सुनिश्चित गर्न निर्माणात्मक र निर्णयात्मक दुवै प्रकारका मूल्याङ्कन पद्धति अपनाउनुपर्छ । निर्माणात्मक मूल्याङ्कनको मुख्य उद्देश्य निरन्तर मूल्याङ्कन र पृष्ठपोषणका माध्यमबाट विद्यार्थीको सिकाइ स्तरमा सुधार ल्याउनु हो । सिकाइका लागि गरिने यस्तो निर्माणात्मक मूल्याङ्कन शिक्षण सिकाइ प्रक्रियाकै एक अभिन्न अवयव हो । निर्माणात्मक मूल्याङ्कनमा विभिन्न औपचारिक तथा अनौपचारिक तरिका प्रयोग गर्नुपर्छ । यसका लागि कक्षा क्रियाकलाप, विद्यार्थीका कार्य तथा कार्यसम्पादनको अवलोकन, गृहकार्य, परियोजना कार्य, मौखिक तथा लिखित कार्य, एकाइ तथा त्रैमासिक परीक्षाहरू, स्व-मूल्याङ्कन, सहपाठी मूल्याङ्कनजस्ता माध्यमहरू प्रयोग गर्न सकिन्छ ।

सिकाइ स्तरको मूल्याङ्कन गर्न विद्यार्थीका कार्य तथा समस्या समाधानको अवलोकन, मौखिक तथा लिखित प्रश्नोत्तर, कक्षा परीक्षा तथा एकाइ परीक्षा, व्यवहार अवलोकनजस्ता विधि प्रयोग गर्नुपर्ने हुन्छ । यसका निम्ति रुजुसूची, श्रेणी मापन, रुब्रिक्सलगायतका व्यवहार अवलोकन फाराम, विभिन्न तहका सिकाइ क्षमता मापन गर्ने प्रश्नहरू, व्यावहारिक समस्यालगायत कक्षा सहभागिता, कक्षाकार्य, गृहकार्य, परियोजना कार्य, प्रयोगात्मक कार्य आदिमा विद्यार्थीको सहभागिता र उपलब्धिका विषयमा शिक्षकले अभिलेख राख्नुपर्छ । यस्तो अभिलेख सिकाइ उपलब्धिमा विद्यार्थीको सिकाइ स्तर मूल्याङ्कन गर्न प्रयोग गर्न सकिने साधन हुन् । यो प्रकारको मूल्याङ्कन विषयवस्तुको प्रत्येक क्षेत्र वा एकाइको सिकाइपश्चात् गर्नुपर्छ । यसरी सिकाइ उपलब्धि परीक्षण गर्दा विद्यार्थीले न्यूनतम सिकाइ स्तर हासिल गर्न नसकेमा पटक-पटक सुधारात्मक सिकाइको अवसर दिनुपर्छ । त्यसलाई पुनः परीक्षण गरी न्यूनतम सिकाइ स्तर सुनिश्चित गर्नु जरुरी हुन्छ । पटक-पटकको सुधारात्मक सिकाइपश्चात् पनि सिकाइको न्यूनतम स्तर हासिल गर्न नसक्ने विद्यार्थीका लागि उपचारात्मक सिकाइको योजना निर्माण गरी लागु गर्नुपर्छ ।

### ८.२ **निर्माणात्मक मूल्याङ्कनका साधनहरू र प्रयोग**

| क्र.सं. | साधन | प्रयोग |
|---|---|---|
| १. | रुब्रिक्स | विद्यार्थीले गरेका प्रयोगात्मक/परियोजना कार्यको मूल्याङ्कन गर्नका लागि रुब्रिक्स/श्रेणी मापनको विकास गरी प्रयोग गर्ने |
| २. | रुजुसूची तथा श्रेणी मापन | पाठगत रूपमा विद्यार्थीमा विकास हुनुपर्ने ज्ञान, सिप, आलोचनात्मक चेत, अभिवृत्ति, अभिव्यक्ति एवम् व्यवहारकुशल सिपको मापन गर्न रुजुसूची, श्रेणी मापनलगायतका व्यवहार अवलोकन फाराम प्रयोग गर्ने |
| ३. | सहभागिता र कार्यसम्पादन | कक्षाकार्य, परियोजना कार्य, प्रयोगात्मक कार्य, नियमितता आदिको नियमित रूपमा मूल्याङ्कन गर्ने र सही कार्य गरेको भए आवश्यक पृष्ठपोषण दिने तथा गृहकार्य दिने |
| ४. | विद्यार्थीले गरेको कार्यको | विद्यार्थीले गरेका कार्यहरूको प्रदर्शन गर्न लगाई मूल्याङ्कन गर्ने । प्रदर्शनको क्रममा कमीकमजोरी देखिए |

| | | |
|---|---|---|
| | प्रदर्शन | आवश्यक पृष्ठपोषण तथा सहयोग गरी सिकाइ उपलब्धि हासिल गराउने |
| ५. | स्व-मूल्याङ्कन तथा प्रतिविम्बन | प्रत्येक पाठमा कक्षा सहभागिता, गृहकार्य/परियोजना कार्य, प्रयोगात्मक कार्यका क्रममा विद्यार्थीले देखाएको सक्रियता, सिर्जनात्मकता, सिकाइ व्यवहार प्रदर्शन, कार्य स्तर, प्रदर्शित व्यवहारकुशल सिपहरूको स्तरलाई प्रतिविम्बन गर्न लगाएर स्व-मूल्याङ्कनका साधनहरू रुजुसूची, श्रेणी मापन, रुब्रिक्स प्रयोग गरी सिकाइको स्तर मूल्याङ्कन गर्ने |
| ६. | सहपाठी मूल्याङ्कन | कक्षाका विद्यार्थीलाई एकअर्काको कार्यको मूल्याङ्कन गरी पृष्ठपोषण प्राप्त गर्न अवसर प्रदान गर्ने |
| ७. | मौखिक प्रश्नोत्तर | शिक्षण सिकाइकै क्रममा विभिन्न विषयवस्तुमा स्पष्टता कायम गर्न, जानेका कुराको प्रतिविम्बन गर्न तथा सिकाइ उपलब्धि हासिल भएनभएको जानकारी प्राप्त गर्न यो विधिको प्रयोग गर्ने |
| ८. | अभिभावक प्रतिक्रिया | समग्र सिकाइमा अभिभावकको प्रतिक्रिया लिने । शिक्षक र अभिभावक तथा विद्यार्थी र अभिभावकबिच अन्तरक्रिया गरेर विद्यार्थीलाई आवश्यक पृष्ठपोषण दिन सकिन्छ । |
| ९. | लिखित कार्य तथा परीक्षा | सिकाइ सहजीकरणको क्रममा पाठ वा एकाइको अन्तमा, महिनाको अन्तमा, त्रैमासिक तथा अर्धवार्षिक रूपमा सबै तहमा प्रश्नहरू निर्माण गरी निर्धारित विषयवस्तुमा विद्यार्थीले हासिल गरेको ज्ञान, सिपहरूको लेखाजोखा गर्ने । |

कक्षा ४ र ५ मा निर्माणात्मक मूल्याङ्कनका लागि देहायबमोजिमका अवयवमार्फत ५० प्रतिशतको भार व्यवस्था गर्नुपर्नेछ ।

| क्र.सं. | मूल्याङ्कनका पक्ष | भार |
|---|---|---|
| १. | सहभागिता : कक्षामा उपस्थिति र कक्षाकार्यमा सहभागिता | ६ |
| २. | प्रयोगात्मक/परियोजना | १० |
| ३. | व्यवहारमा परिवर्तन | १२ |
| ४. | सिप सिकाइ | १२ |
| ५. | त्रैमासिक परीक्षाहरू | १० |
| | **जम्मा** | **५०** |

कक्षा ४ र ५ को हकमा ५० प्रतिशत भारको निर्णयात्मक मूल्याङ्कन (वार्षिक परीक्षा) र ५० प्रतिशत भारको निर्माणात्मक मूल्याङ्कनका माध्यमले विद्यार्थी उपलब्धिको लेखाजोखा गरिनेछ ।

## ९. विशिष्टीकरण तालिका

**कक्षा: ४ र ५**

| एकाइ क्षेत्र | कार्यघण्टा | ज्ञान र बोध | | | खोजमूलक सिप | | | विश्लेषणात्मक चिन्तन सिप | | | अभि | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | अति सङ्क्षिप्त | सङ्क्षिप्त | लामो | अति सङ्क्षिप्त | सङ्क्षिप्त | लामो | अति सङ्क्षिप्त | सङ्क्षिप्त | लामो | अति सङ्क्षिप्त | सङ् |
| **१. बालसंसार र मनोरञ्जन** | १२ | १ | - | - | १ | - | - | १ | - | - | १ | |
| **२. नैतिक शिक्षा र व्यक्तित्व विकास** | १७ | - | - | - | - | - | - | - | - | - | १ | |
| **३. हाम्रो सेरोफेरो** | १७ | २ | १ | - | १ | - | - | १ | - | - | १ | |
| **४. हाम्रा स्थानीय कला र सिप** | २३ | - | १ | - | १ | - | - | - | १ | - | - | |
| **५. हाम्रा आम्दानीका स्रोत** | २३ | - | - | १ | १ | - | - | - | - | १ | - | |
| **६. हाम्रा पर्यटकीयस्थल र पर्यटन** | १७ | - | १ | - | - | - | १ | - | - | - | १ | |
| **७. हाम्रा चालचलन** | १२ | १ | - | - | १ | - | - | १ | - | - | - | |
| **८. नागरिक चेतना** | ७ | १ | - | - | - | - | - | १ | - | - | - | |

| | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| **जम्मा** | १२८ | ५ | ३ | १ | ५ | | १ | ४ | १ | १ | ४ | |

| प्रश्नका प्रकार | प्रश्नको सङ्ख्या र अङ्क भार |
|---|---|
| **बहुविकल्प प्रश्न** | १८ प्रश्न × १ अङ्क . १८ अङ्क |
| **सङ्क्षिप्त प्रश्न** | ६ प्रश्न × २ अङ्क . १२ अङ्क |
| **लामो प्रश्न** | ५ प्रश्न × ४ अङ्क . २० अङ्क |
| | **प्रश्न (५० अङ्क)** |

**१०. महाङ्काल गाउँपालिकाको स्थानीय पाठ्यपुस्तकको विद्यार्थी सिकाइ उपलब्धि मूल्याङ्कन अभिलेखको नमुना (कक्षा १–३)**

प्रत्येक सिकाइ उपलब्धिका लागि उल्लिखित उपलब्धिसूचक विद्यार्थीले हासिल गरेमा सम्वन्धित कोठामा (√) चिह्न र हासिल नभएमा (×) चिह्न लगाउनुहोस् । प्रत्येक ४ सूचकमध्ये हासिल भएका सूचक (√ चिह्न) गन्नुहोस् र त्यति नै अङ्क अङ्कन महलमा लेख्नुहोस् । आफूले प्रयोग गरेको मूल्याङ्कनका सम्भाव्य साधनमा चिह्न लगाउनुहोस् अथवा अन्य साधन प्रयोग गर्नुभएको भए सोही महलमा लेख्नुहोस् ।

**विषयवस्तुको क्षेत्रः हाम्रो सेरोफेरो** **कक्षाः १** **विद्यार्थीको नामः**

| विषयवस्तुको क्षेत्र/थिम | मुख्य सिकाइ उपलब्धि | सिकाइ उपलब्धि विस्तृतीकरण/उपलब्धिसूचक | नियमित पढाइपछिको मूल्याङ्कन | | | थप सहायता | |
|---|---|---|---|---|---|---|---|
| | | | सकेको/नसकेको | मिति २०.. | अङ्कन | सकेको/नसकेको | |
| **३. हाम्रो सेरोफेरो** | • आफ्नो टोलको नाम बताउन<br>• आफ्नो टोलको बारेमा बताउन | १. आफ्नो टोलको नाम | | | | | |
| | | २. विद्यालय रहेको टोलको नाम | | | | | |
| | | ३. साथीको टोलको नाम | | | | | |
| | | ४. आफ्नो टोलको विशेषता बताउन | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| अभिभावकको दस्तखतः | शिक्षकको दस्तखत र मितिः | | उपलब्धि प्रतिशत | | | | |